

साना किसानको समृद्धि,
समुन्नत नेपालको आधार

साना किसान विकास बैंक लिमिटेड
★ २०५८ ★

# ११[औं] वार्षिक प्रतिवेदन
## २०६८/६९

# साना किसान विकास बैङ्क लि.
# Sana Kisan Bikas Bank Ltd.



## बैङ्कको दूर दृष्टि *(Vision)*

ग्रामीण गरिबको जीवनस्तरमा अपेक्षित सुधार ल्याउन स्थापित साना किसान सहकारी संस्था तथा अन्य समान प्रकृतिका लघुवित्त संस्थाहरूको बहुमत स्वामित्वमा सञ्चालन हुने लघुवित्त क्षेत्रको एक अग्रणी र वित्तीय सक्षमतायुक्त थोक कर्जा प्रदायक बैङ्कको रूपमा स्थापित हुने ।

## बैङ्कको ध्येय/पहिचान *(Identity/Mission)*

साना किसान सहकारी संस्था तथा समान प्रकृतिका अन्य लघुवित्त संस्थाहरूलाई थोक कर्जा लगानी गर्ने तथा त्यस्ता संस्थाको क्षमता विकास र सुदृढीकरणका लागि अन्य सङ्घ संस्थाहरूसँग वकालत र साझेदारी गर्ने ।

## मूल मान्यता *(Core Values)*

- ☑ व्यावसायिक भावनाबाट परिलक्षित एवं वित्तीय सक्षमता कायम गर्ने,
- ☑ राजनीतिक तवरमा तटस्थ रहने,
- ☑ ग्रामीण गरिबको सेवामा प्रतिबद्ध रहने,
- ☑ ग्राहकमुखी गुणस्तरीय सेवा दिने,
- ☑ नीति तथा कारोबारमा पारदर्शिता कायम गर्ने ।





## सञ्चालक समिति

| डा. शिवराम प्रसाद कोइराला | डा. उमाकान्त सिलवाल | श्री ईश्वर मान श्रेष्ठ | श्री खेम बहादुर पाठक | श्री सागर चन्द्र जोशी | श्री चाँदनी ढकाल | श्री धर्मराज आत्रेय |
|---|---|---|---|---|---|---|
| सञ्चालक सदस्य | सञ्चालक सदस्य | सञ्चालक सदस्य | अध्यक्ष | सञ्चालक सदस्य | सञ्चालक सदस्य | सञ्चालक सदस्य |
| प्रतिनिधि | व्यावसायिक विशेषज्ञ | प्रतिनिधि | प्रतिनिधि | प्रतिनिधि | प्रतिनिधि | प्रतिनिधि |
| कृषि विकास बैङ्क लिमिटेड | | नबिल बैङ्क लिमिटेड | साना किसान सहकारी संस्था लि. | कृषि विकास बैङ्क लिमिटेड | साना किसान सहकारी संस्था लि. | साना किसान सहकारी संस्था लि. |



**श्री खेमबहादुर पाठक**

**अध्यक्ष**

**शिक्षा :**

ग्रामीण विकासमा स्नातकोत्तर (अध्ययनरत)

**अनुभव :**

सन् १९८६ देखि २००२ सम्म चैनपुर गा.वि.स. (धादिङ) को अध्यक्ष, सन् १९९० देखि १९९८ सम्म साना किसान सहकारी संस्था लि. चैनपुर (धादिङ) को अध्यक्ष, सन् १९९७ देखि गा.वि.स. महासङ्घ (धादिङ) को अध्यक्ष एवं गा.वि.स. राष्ट्रिय महासङ्घ नेपालको परिषद सदस्य, सन् १९९९ देखि हालसम्म साना किसान सहकारी सङ्घ लि. धादिङको अध्यक्ष, सन् २००१ देखि हालसम्म जिल्ला सहकारी सङ्घ धादिङको उपाध्यक्ष, सन् २००८ देखि हालसम्म नेपाल कृषि सहकारी केन्द्रीय सङ्घ लि. को अध्यक्ष, सन् २००३ देखि २००८ सम्म साना किसान विकास बैङ्क लि. को सञ्चालक सदस्य एवं सन् २००९ देखि हालसम्म अध्यक्ष

**वैदेशिक तालिम / गोष्ठी / भ्रमणमा सहभागिता :**

भारत, श्रीलङ्का, बङ्गलादेश, मलेशिया, थाईलैन्ड, स्पेन, फ्रान्स, बेलायत, भुटान आदि



**साना किसान विकास बैङ्क लि.को एघारौं वार्षिक साधारण सभामा प्रस्तुत**

# सञ्चालक समितिको प्रतिवेदन, आर्थिक वर्ष २०६८/६९

**आदरणीय सेयरधनी महानुभावहरू,**

साना किसान विकास बैङ्क लि. को एघारौं वार्षिक साधारण सभामा प्रतिनिधित्व गरी पाल्नुभएका सेयरधनी महानुभावहरू, सञ्चालक समितिका सदस्यहरू तथा यस सभामा उपस्थित सम्पूर्ण महानुभावहरूलाई यस बैङ्कको तर्फबाट हार्दिक स्वागत छ। वि.सं. २०५८ साल आषाढ २२ गते स्थापित यस साना किसान विकास बैङ्कले वित्तीय कारोबार प्रारम्भ गरेको ११ वर्षको अवधिमा लघुवित्त एवं साना किसान विकास अभियानमा हासिल गरेको उपलब्धि उत्साहप्रद रहेको जानकारी गराउन पाउँदा अत्यन्तै खुसी लागेको छ।

नेपाल सरकारको वित्तीय सहयोगमा सञ्चालन गरिएको मासुजन्य पशुपालन कर्जा कार्यक्रम, युवा तथा साना व्यवसायी स्वरोजगार कोषसँगको सहकार्य, एसियाली विकास बैङ्कसँग ग्रामीण क्षेत्र सुधार कार्यक्रम (दोस्रो) मा भएको साझेदारी, विभिन्न बैङ्क तथा वित्तीय संस्थाहरूबाट विपन्न वर्ग कर्जाका लागि भएका सहयोगहरू र विभिन्न सहयोगी निकायहरूसँगको सहकार्यले गरिबी न्यूनीकरणमा लघुवित्त सेवाको प्रभावकारी विस्तार गर्न बैङ्कलाई ठूलो हौसला प्राप्त भएको छ। यस अवधिमा बैङ्कले ग्रामीण क्षेत्रमा लघुवित्त सेवा विस्तार, स्थानीय लघुवित्त संस्था स्थापना र तिनीहरूको सबलीकरणमा राष्ट्रिय/अन्तर्राष्ट्रिय प्रयासहरूको समन्वय सम्भव तुल्याउनुलाई हामीले एक महत्वपूर्ण उपलब्धिको रूपमा लिएका छौं।

आर्थिक वर्ष २०६८/०६९ मा बैङ्कले गरेको प्रगति र उपलब्धि, बैङ्क सञ्चालनमा देखिएका चुनौतीहरू, समग्र बैंकिङ्ग कारोबारको समीक्षा र पुनरावलोकन गर्न कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित ऐनको अधीनमा रही तयार गरिएको यो प्रतिवेदन सञ्चालक समितिको तर्फबाट बैङ्कको एघारौं वार्षिक साधारण सभामा प्रस्तुत गरिएको छ। साथै, यस अवसरमा यस साना किसान विकास बैङ्क लि.को २०६९ साल आषाढ मसान्तको वासलात र सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०६८/६९ को नाफा-नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँड हिसाब, नगद प्रवाह विवरण तथा अन्य वित्तीय विवरणहरू सहितको वार्षिक प्रतिवेदन सभाको स्वीकृतिका लागि पेस गर्न समेत अनुमति चाहन्छु।

## विगत वर्षको कारोबारको सिंहावलोकन

विगतमा यस बैङ्कले हासिल गरेको सफलतालाई निरन्तरता दिंदै आ. व. २०६८/६९ मा पनि बैङ्कले उत्साहजनक आर्थिक उपलब्धि हासिल गरेको छ। यस अवधिमा बैङ्कले गरेको आर्थिक कारोबारको संक्षिप्त विवरण निम्नानुसार उल्लेख गरिएको छ।

**कर्जा लगानी असुली तथा कर्जागुणस्तर**

| क्र. सं. | विवरण | आ. व. ०६४/६५ | आ. व. ०६५/६६ | आ. व. ०६६/६७ | आ. व. ०६७/६८ | आ. व. ०६८/६९ |
|---|---|---|---|---|---|---|
| १ | कर्जा लगानी | ९१२३३२ | ६३४८८० | ९५५७७९ | १८७०९२८ | २६७३७७३ |
| २ | कर्जा असुली | ८४६३८७ | १३२७५८८ | ५९२३८६ | ११०९५४४ | १८७५०९३ |
| ३ | लगानीमा रहिरहेको रकम | १४४५४२४ | ७५२७०१ | १११६०९६ | १८७७४७७ | २६७६१५९ |
| ४ | निष्कृय कर्जा | ५.३७% | १.८४% | १.४०% | २.४९% | १.०७% |

माथिको कर्जा लगानी असुली तथा कर्जा गुणस्तरको तालिकामा बैङ्कको विगत ५ वर्षको प्रगतिको समीक्षा गर्दा बैङ्कले आ. व. ०६५/६६ मा बाहेक आ. व. ०६८/६९ सम्म कर्जा लगानीमा वृद्धि गरेको देखिन्छ भने कर्जा असुलीतर्फ ०६६/६७ मा बाहेक आ. व. २०६८/६९ सम्म वृद्धि गरेको छ । त्यस्तै लगानीमा रहिरहेको कर्जामा आ. व. ०६५/६६ मा बाहेक आ. व. ०६६/६७ देखि आ. व. ०६८/६९ सम्म वृद्धि गर्न सफल भएको छ । आ. व. ०६८/६९ को अन्तमा बैङ्कको लगानीमा रहिरहेको कर्जा रु. दुई अर्ब ६७ करोड ६१ लाख ५९ हजार भई गत आ. व.को तुलनामा ४३% ले वृद्धि भएको छ । अर्कोतर्फ बैङ्कको निष्कृय कर्जाको हिस्सामा क्रमशः कमी आई (आ. व. ०६७/६८ बाहेक) आ. व. ०६८/६९ मा १.०७% रहेको छ । यसलाई तलको ग्राफबाट अझ प्रस्ट पार्न सकिन्छ ।

### कर्जा लगानी असुली

**आ. व. २०६४/०६५ देखि २०६८/०६९ सम्म**




बैङ्कले आ. व. ०६५/६६ मा बाहेक आ. व. ०६६/६७ देखि आ. व. ०६८/६९ सम्म व्याज आम्दानीमा वृद्धि गर्न सफल भएको छ भने व्याज खर्चतर्फ आ. व. ०६५/६६ मा बाहेक आ. व. २०६८/६९ सम्म व्याज खर्चमा पनि वृद्धि भएको देखिन्छ ।

### व्याज आम्दानी तथा व्याज खर्च

**आ. व. २०६४/०६५ देखि २०६८/०६९ सम्म**




## नाफा नोक्सानको अवस्था

विगत ५ वर्षदेखि बोनस तथा कर अघिको नाफामा निरन्तर बृद्धि गर्न बैङ्क सफल रहेको छ । आ. व. ०६८/६९ मा बोनस तथा कर अघिको नाफा रु. दश करोड ६७ लाख, आयकर व्यवस्था दुई करोड ७५ लाख असी हजार र खुद नाफा ६ करोड ३३ लाख नब्बे हजार भई गत आ. व.को खुद नाफाको तुलनामा ११८% ले बृद्धि भएको कुरा यहाँ जानकारी गराउन चाहन्छु ।

### मुनाफाको अवस्था (रु. लाखमा)




## नाफा नोक्सान बाँडफाँडको अवस्था

**सेयरधनी महानुभावहरू,**

यस बैङ्कले कर्मचारी बोनस तथा आयकर व्यवस्था गरे पश्चात् आर्थिक वर्ष २०६८/६९ मा रु. ६,३३,८९,८८४।३२ (अक्षरेपी रु. छ करोड तेत्तीस लाख उनान्नब्बे हजार आठ सय चौरासी र पैसा बत्तीस) मात्र खुद नाफा आर्जन गरेको छ । बैङ्कको सञ्चालक समितिले यस वर्षको खुद नाफामध्येबाट वैधानिक व्यवस्था अनुरूप साधारण जगेडा कोष रु. एक करोड २६ लाख ७७ हजार नौ सय ७६ र पैसा ८६ मात्र, पुनरस्थापना कोष रु. १९ लाख १ हजार छ सय ९६ र पैसा ५३ मात्र, संस्थागत सुदृढिकरण कोष रु. ६३ लाख ३८ हजार नौसय ८८ र पैसा ४३ मात्र, कर्मचारी कल्याणकारी कोष रु. ३१ लाख ६९ हजार ४ सय ९४ र पैसा २२ मात्र र स्थगन कर समायोजन रु. दुईलाखनब्बे हजार आठ सय ७९ र पैसा १७ मात्र छुट्याई बाँकी रहेको रु. तीन करोड ९० लाख १० हजार आठ सय ४९ र पैसा ११ मात्र सञ्चित मुनाफामा सारेको छ । बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ को दफा ४६ बमोजिम सर्व साधारणमा सेयर निष्कासन नभएसम्म लाभांश वितरणमा बन्देज रहेको हुँदा आ. व. २०६८/६९ मा सेयर धनी महानुभावहरूलाई लाभांश वितरण गर्न नसकिएको व्यहोरा अनुरोध गर्न चाहन्छौं ।

## राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट व्यवसायमा परेको प्रभाव

### सेयरधनी महानुभावहरू,

यस बैङ्कको ग्राहक सहकारी संस्थाहरूको सङ्ख्या वृद्धि हुँदै गएको र व्यावसायिक आकार पनि वृद्धि भएकाले कर्जाको मागलाई संस्थाहरूको आन्तरिक श्रोतबाट पूर्ति हुन नसक्दा यस बैङ्कसँग मागको अत्यधिक चाप बढेको छ । माग र आपूर्तिबीचमा असन्तुलन उत्पन्न भई स्रोत व्यवस्थापनमा परेको दबावको कारण विगतमा यस बैङ्कका केही ग्राहक संस्थाहरूले वैकल्पिक स्रोतको रूपमा अन्य बैङ्क तथा वित्तीय संस्थाहरूसँग समन्वय गर्न थालेको अवस्था यहाँ उल्लेख गर्न सान्दर्भिक ठानिएको छ । पुँजीको अपर्याप्तता, कर्जाको सुरक्षण, कर्जाको लागतमा वृद्धि आदिको कारण लघुवित्त बजारमा उत्पन्न हुने असरहरूबाट यो बैङ्क समेत अछुतो रहन सक्दैन । बजारको प्रभाव, जोखिम एवं वित्तीय स्रोतको लागतको आधारमा बैङ्कले समय समयमा व्याजदर मिलान गर्ने गरेको छ ।

२०६८ साल श्रावण १ गतेदेखि लागु हुने गरी बैङ्कले कर्जाको व्याजदर देहाय अनुसार लागु गरेको छः -

| क्र. सं. | कर्जाको प्रकार | वार्षिक व्याजदर (%) | समयमा बुझाउँदा प्रदान गर्ने छुट (%) | खुद व्याजदर (%) |
|---|---|---|---|---|
| १ | मासुजन्य पशुपालन कर्जा | ९% | ४% | ५% |
| ३ | स्वरोजगार कर्जा | ९% | ७.२%* | १.८% |
| ४ | अन्य लघुकर्जा | ११.७५% | ०.२५% | ११.५०% |

*ऋणी सदस्यले पाउने छुट ।

मुलुकमा आ. व. २०६८/०६९ मा न्यून आर्थिक वृद्धिदर, उच्च व्यापार घाटा, दुई अङ्कको मूल्य वृद्धि, बैंकिङ क्षेत्रमा तरलताको कमी आदि कारणले विपन्न क्षेत्र कर्जाको व्याजदरमा उल्लेख्य वृद्धि भएकोमा आर्थिक वर्षको अन्तातिर यसमा केही सुधार भएको छ । बैङ्क तथा वित्तीय संस्थाबाट प्राप्त हुने कर्जा नै यस बैङ्कको प्रमुख वित्तीय श्रोत हो तापनि बैङ्कले कम लागतको कर्जाको खोजी गर्ने क्रममा विगतका वर्षहरूमा नेपाल सरकारबाट मासुजन्य पशुपालन कर्जा रकम रु. १ अर्ब ५० करोड प्राप्त गरी समुचित परिचालनको व्यवस्था गरेको जानकारी गराउन चाहन्छु ।

## सेवा विस्तार

२०६९ कार्तिक मसान्तसम्ममा यस बैङ्कको सञ्जालमा ३१८ सहकारी संस्थाहरू आबद्ध रहेका छन् । यी संस्थाहरूमध्ये ३ वटा हिमाली जिल्लामा १४ संस्था, २३ वटा पहाडी जिल्लामा १०३ संस्था र २० वटा तराई जिल्लामा २०१ वटा संस्थाहरूले कुल २,५५,२०४ साना किसान परिवारलाई आबद्ध गरी स्थानीयरूपमा लघुवित्त तथा अन्य सेवा प्रदान गर्दै आएका छन् । गत वर्ष यही अवधिसम्ममा आबद्ध संस्था सङ्ख्या २५४ मा २,०४,४३० परिवार आबद्ध भई लघुवित्त सेवामा पहुँच बनाउन सफल भएका थिए । यो एक वर्षको अवधिमा २५% ले लाभान्वित परिवार सङ्ख्या वृद्धि हुनु आफैँमा उत्साहजनक परिणाम हो ।

बैङ्कले लघुवित्त सेवा प्रदान गरेका संस्थाहरूको २०६९ कार्तिक मसान्तसम्मको लगानीमा रहेको कर्जा रु. ७ अर्ब १४ करोड १२ लाख पुगेको छ । जसमध्ये रु. ४ अर्ब ४७ करोड ६२ लाख (६३%) आन्तरिक पुँजी निर्माण गरी परिचालन गरेका छन् । यस तथ्यबाट संस्थाहरूको आत्मानिर्भरता र वित्तीय सक्षमतामा भएको विकास पुष्टि हुन्छ । २०६९ साल असार मसान्तसम्ममा संस्थाहरूको असुली दर ९७% कायम रहनुले संस्थाको वित्तीय स्वास्थ्य एवं बैङ्कको जोखिमको अवस्था बुझ्न सहज बनाउँछ ।

## महिला संस्थाहरू

कार्यक्रममा आबद्धमध्ये ६६% महिला सदस्यहरू रहेका छन् । महिलाहरू मात्र सदस्य रहेका संस्था सङ्ख्या समेत पहाडी जिल्लामा २५ र तराईका जिल्लामा ४८ गरी जम्मा ७३ पुगेको छ । महिला संस्थाहरूको मात्र लगानीमा रहेको ऋण रु. ९४ करोड १३ लाख पुगेको छ । यी संस्थाहरूको असुली दर उच्च हुनु, संचलान खर्च कम हुनु, सकृय सहभागिता रहनु, महिलाहरूको सशक्तिकरण हुनु जस्ता कुराहरूले गर्दा बैङ्कले आगामी दिनमा महिला सहभागितालाई जोड दिई कार्यक्रम बनाउने लक्ष्य लिएको जानकारी गराउन चहान्छु ।



महिलाहरुद्वारा सञ्चालित साना किसान कृषि सहकारी संस्था लि. बाङसिङ्, स्याङ्जामा अनुसरण हस्तान्तरण कार्यक्रमका सांस्कृतिक झाँकी

बैङ्कले नवप्रवर्तनीय अभ्यासको रूपमा सञ्चालन गरेको साना किसान सहकारी अनुसरण कार्यक्रमले सेवा वञ्चित क्षेत्रका विपन्न तथा साना किसानहरूलाई लघुवित्त सेवा प्रदान गर्न ठूलो सहयोग पुऱ्याएको छ । अनुसरित संस्थाहरूमध्ये नेपाल सरकारको विगत देखिको वित्तीय सहयोगमा २०६९ कार्तिकसम्ममा १२८ वटा साना किसान सहकारी संस्था प्रवर्धन गरिएकामा ४६ वटा साना किसान सहकारी संस्थाहरू समुदायमा हस्तान्तरण भै कुशलतापूर्वक सञ्चालनमा रहेका छन् भने बाँकी आगामी वर्षभित्रमा हस्तान्तरण भई सक्नेछन् । त्यसै गरी CGAP-IFAD बाट प्राप्त पुरस्कार राशीलाई अनुसरण कोषको रूपमा स्थापना गरी सो कोषबाट ७ वटा साना किसान सहकारी संस्थाका छिमेकी गा.वि.स.हरूमा अनुसरण कार्यक्रम सञ्चालन गरिएकोमा सबै साना किसान सहकारी संस्थाको व्यवस्थापन हस्तान्तरण भैसकेको छ । जी.आई.जेड/एस.टी.पी.पी. र नेपाल कृषि सहकारी केन्द्रीय सङ्घको सहयोगमा प्रवर्धन भएका ८ वटा अनुसरित साना किसान सहकारी संस्थाहरू समेत यस बैङ्कमा आबद्ध भईसकेका छन् । कृषि विकास बैङ्कबाट अनुसरित ६ वटा संस्था समेत अनुसरण कार्यक्रमबाट प्रवर्धन भएका कुल संस्था सङ्ख्या १४९ पुगेको छ जसमध्ये ८३ वटा संस्थाहरूलाई परिपक्वता घोषणा गर्न बाँकी रहेको छ ।

## प्रतिवेदनको मितिसम्म चालु वर्षको उपलब्धि

### सेयरधनी महानुभावहरू,

सर्वसाधारणमा सेयर निष्कासन पूर्व प्रबन्धपत्रमा व्यवस्था भए बमोजिम प्रवर्धक सेयर धनीहरूबाट चुक्ता सेयर पुँजी १४ करोड (७०%) भुक्तान भई सकेको हुँदा यस लघुवित्त विकास बैङ्कले सार्वजनिक सेयर निष्कासनका लागि बिक्रि प्रबन्धक (Issue Manager) वा सेयर प्रत्याभुति (Underwriting) गर्न ईजाजत प्राप्त कम्पनी छनौट गर्ने कार्य अघि बढाइएको छ ।

यस बैङ्कको व्यवस्थापन सूचना प्रणाली समय सापेक्ष र आधुनिकीकरण गर्न एसियाली विकास बैङ्कबाट प्राप्त अनुदान सहयोगबाट कम्प्युटर हार्डवेयर खरिद गरि जडान गरिसकिएको छ भने बैङ्कलाई आवश्यक सफ्टवेयर निर्माण भई परीक्षण प्रयोगमा रहेको छ । बैङ्कले आवश्यकता अनुसार चालु आ. व. मा थप हार्डवेयर खरीद गर्ने योजना रहेको छ ।

हिमाली र पहाडी जिल्लाहरूमा बैङ्कको सेवा अझ विस्तार गर्नका लागि हाल थप ९ जिल्लाहरूमा एसियाली विकास बैङ्कको सहयोगमा कार्यक्रम सञ्चालन भइरहेको छ भने कमजोर २६ वटा साना किसान सहकारी संस्थाहरूको पुनरसंरचना र आवश्यक तालिम प्रदान गर्न केन्द्रमा तालिम संयोजक एक तथा ६ फिल्ड प्रशिक्षकहरू प्रतिस्पर्धात्मक रूपमा छनौट गरी कार्य क्षेत्रमा खटाई साना किसान सहकारी संस्थाहरूको आर्थिक तथा गैर आर्थिक सूचकाङ्कमा सुधार भइरहेको छ ।

आ. व. २०६९/७० को कार्तिक महिनासम्मका चार महिनामा बैङ्कले कुल रु. ८९ करोड ९ लाख कर्जा लगानी गरेको छ भने रु. ६८ करोड ६६ लाख साँवा तथा रु. दश करोड व्याज असुली गरिसकेको छ । यस अवधिसम्ममा लगानीमा रहिरहेको रकम रु. दुई अर्ब ८८ करोड पुगेको छ ।

## २०६८ र २०६९ कार्तिकसम्मको कर्जाको तुलनात्मक विवरण

(रु. हजारमा)




## बैङ्कको औद्योगिक तथा व्यावसायिक सम्बन्ध

यस बैङ्कका विभिन्न कार्यक्रमहरूमा नेपाल सरकारको महत्वपूर्ण सहयोग रही आएको छ । सहुलियत दरमा मासुजन्य पशुपालन कर्जा कार्यक्रम सञ्चालन गर्न नेपाल सरकारबाट विगतमा प्राप्त रु. १ अर्ब ५० करोड कर्जाले साना किसानहरूमा मासुजन्य पशुपालनको ठूलो लहर आएको छ । साना किसान सहकारी संस्थाहरूको क्षमता विकासका कार्यक्रम सञ्चालन गर्न, सामाजिक सामुदायिक कार्यक्रमहरू कार्यान्वयन गर्न, मासुजन्य पशुपालन प्रवर्धन गर्न, पशुबिमा कार्यक्रम सञ्चालन गर्न र अनुसरण कार्यक्रममार्फत सेवा वञ्चित वर्गमा लघुवित्त सेवा विस्तार गर्न नेपाल सरकार अर्थ मन्त्रालयको सहयोग प्राप्त भई सोको प्रभावकारी कार्यान्वयन भई आएको छ । नेपाल सरकार, अर्थमन्त्रालय अन्तर्गत युवा तथा साना व्यवसायी स्वरोजगार कोषसँग समन्वय गरी सञ्चालन गरिएको स्वरोजगार कर्जा कार्यक्रमबाट ६२७ युवाहरूले विभिन्न परियोजनाहरू सञ्चालन गरेका छन् ।

ग्रामीण वित्त क्षेत्र विकास कर्यक्रम अन्तरगत एसियाली विकास बैङ्कले यस बैङ्कको सूचना प्रविधिमा विकास गर्न, विज्ञहरूको परामर्श सेवा प्राप्त गर्न, हिमाली र पहाडी जिल्लाहरूमा लघुवित्त सेवा विस्तार गर्न, कमजोर साना किसान सहकारी संस्थाहरूको पुनरसंरचनासम्बन्धी कार्य गर्न आदिमा विगत देख नै पुऱ्याएको सहयोग अत्यन्त महत्वपूर्ण रहेको छ ।

कृषि विकास बैङ्कसँगको साझेदारीमा अझ बढी कार्यक्रम सञ्चालन गर्ने लक्ष राखिएको छ । वित्तीय क्षेत्रमा कार्यरत सम्पूर्ण बैङ्क एवं वित्तीय संस्थाहरू तथा लघुवित्त सेवाको प्रवर्धनमा सहयोग पुऱ्याउने सङ्घ संस्थाहरूसँग समेत यस बैङ्कको सुमधुर सम्बन्ध रहेको छ । वाणिज्य बैङ्कहरू, विकास बैङ्कहरू र वित्त कम्पनीहरूसँग विपन्न क्षेत्र कर्जामा प्रभावकारी सहकार्य भई रहेकोमा यसलाई निरन्तरता दिइने छ ।



भुटानबाट आएको अध्ययन टोलीसँगको अन्तरक्रिया कार्यक्रम

GIZ/STPP र नेपाल कृषि सहकारी केन्द्रीय सङ्घसँगको सहकार्यमा ९ वटा साना किसान सहकरी संस्थाहरूको प्रवर्धन भएको छ भने GIZ/INCLUDE सँग समेत साना किसान सहकारी संस्थाका सदस्यहरूको सीप विकास गरी उद्यमी बनाउने परियोजना सञ्चालन गर्न समझदारी बनेको छ ।

IFAD सँगको सहकार्यमा पश्चिमाञ्चल र मध्यपश्चिमाञ्चालका पहाडी जिल्लाहरूमा अनुसरण कार्यक्रम सञ्चालन गर्ने परियोजना निकट भविष्यमा नै सञ्चालन गरिनेछ ।





बैङ्क भारत स्थित Centre for International Co-operation and Training in Agricultural Banking (CICTAB) को सदस्य समेत रहेको हुँदा उक्त संस्थासँगको साझेदारीमा बैङ्क तथा आबद्ध संस्थाका कर्मचारीको क्षमता विकासका कार्यक्रमहरूमा हुने सहभागितालाई निरन्तरता दिइने छ ।

बैङ्कले Asia-Pasific Rural and Agricultural Credit Association (APPRACA) को समेत सदस्यता लिने सन्दर्भमा सोचाई बनाएको छ । यस संस्थासँगको सहकार्यले सीप, प्रविधि, सम्पर्क र समन्वय विस्तारमा ठूलो सहयोग पुग्ने विश्वास लिइएको छ ।

यस बैङ्कको समेत सेयर लगानी रहेको सेन्टर फर माइक्रो फाइनन्सबाट समेत बैङ्कले समय समयमा तालिम, गोष्ठी र सम्मेलनहरूमा सहभागी हुने मौका पाउने गरेको छ । सेन्टर फर माइक्रो फाइनन्सको संयोजकत्वमा विगतमा भएका प्रथम र दोस्रो लघुवित्त सम्मेलनमा यस बैङ्कको सकृय सहभागिता रहेको छ भने यसै वर्ष हुने तेस्रो लघुवित्त सम्मेलनमा समेत यस बैङ्कको तर्फबाट सहयोग र सहभागिता रहनेछ । यसबाट लघुवित्त क्षेत्रका समस्या, चुनौती, नीतिगत सुधार र यस क्षेत्रको विकास र प्रवर्द्धनका राष्ट्रिय/अन्तर्राष्ट्रिय अभ्यास र प्रगतिहरूको बारेमा विभिन्न विद्वान, नीति निर्माता, अभ्यासकर्ता, अनुसन्धाता, नियमन निकाय र अन्य सरोकारवाला पक्षहरूबाट हुने प्रस्तुति र सहभागितात्मक अन्तरक्रियाले सहभागिहरूमा लघुवित्तसम्बन्धी पर्याप्त ज्ञान तथा सूचना संप्रेषण हुनका साथै नेपालको लघुवित्त विकासमा नयाँ आयाम थप्न एवं सहभागितात्मक रूपमा राष्ट्रिय रणनीति विकास गर्न समेत सहयोगी हुने विश्वास लिइएको छ ।

साना किसानहरूद्वारा प्रवर्धित नेपाल कृषि सहकारी केन्द्रीय सङ्घ लि. ले साना किसान विकास अभियानमा यस बैङ्कका विभिन्न क्रियाकलापहरूमा साझेदारी र सहकार्य गरेको छ । उक्त सङ्घको मुलुक भरी रहेको सञ्जालमार्फत साना किसान सहकारी संस्थाहरूको क्षमता विकासका कार्यक्रम र अनुगमन निरीक्षणमा सहजता प्राप्त हुने विश्वास लिएका छौं । त्यसै गरी पशुसेवा विभाग, सहकारी विभाग, जिल्ला विकास समिति (पशुपालन कर्जा सम्बन्धमा जिल्ला समन्वय समितिमार्फत), हेफर इटरनेशनल, तथा अन्य विभिन्न सहयोगी निकायहरूसँग बैङ्कले सम्बन्ध र समन्वय विकास गरिरहेको छ । यसबाट ग्रामीण गरिब साना किसानहरूको आर्थिक र सामाजिक विकास गर्ने बैङ्कको उद्देश्य पूर्ति गर्न सकारात्मक सहयोग पुग्ने विश्वास लिइएको छ ।

## मानव संसाधन

यस बैङ्कमा कार्यरत कर्मचारीहरू र व्यवस्थापन बीचको सौहाद्रपूर्ण सम्बन्ध र कर्मचारीहरूको जिम्मेवारी र उत्तर दायित्व प्रतिको लगावले गर्दा सङ्ख्यात्मक रूपमा थोरै कर्मचारी रहेतापनि छोटो अवधिमा नै बैङ्कले महत्वपूर्ण उपलब्धि हासिल गर्न सकेको छ ।

बैङ्कले कर्मचारीहरूलाई प्रतिष्ठित शैक्षिक संस्थामा अध्ययनको अवसर दिने, राष्ट्रिय अन्तर्राष्ट्रिय तालिम तथा गोष्ठीहरूमा सहभागी गराउने आदि जस्ता वृत्ति विकासका अवसरहरू प्रदान गर्ने गरेको छ । साथै कर्मचारीहरूको मनोबल उच्च राख्न समय सापेक्ष सुविधा वृद्धि र शुरक्षण व्यवस्था समेत तर्जुमा गरेको छ । कर्मचारीहरूको पदोन्नति र वृत्ति विकासका अवसरलाई अझ प्रभावकारी बनाउन कर्मचारी व्यवस्थामा विद्यमान व्यवस्थालाई तहगत व्यवस्थामा रूपान्तरण गरिएको छ ।

यस बैङ्को स्थापनादेखि बैङ्कलाई हालको अवस्थासम्म ल्याउनमा कृषि विकास बैङ्कबाट काजमा आउनुभएका कर्मचारीहरूमध्ये आ. व. २०६८/६९ मा एक जना कर्मचारीले यस बैङ्को सेवामा अझै योगदान दिई रहनुभएको छ । २०६९ आषाढमा कर्मचारी सङ्ख्या ४८ कायम हुन गएको छ ।



## कार्यक्रम प्रवर्धन

कमजोर आर्थिक अवस्था भएका विपन्न तथा साना किसानहरूको आर्थिक सामाजिक विकासका लागि साना किसान विकास अभियानलाई राष्ट्रिय कार्यक्रमको रूपमा स्थापित गर्न यस बैङ्कले विभिन्न समयमा मुलुकका उच्च पदस्थ व्यक्तित्वहरूको सल्लाह सुझाव प्राप्त गर्ने तथा कार्यक्रमको स्थलगत अनुगमनबाट उहाँहरूको प्रेरणा तथा मार्गदर्शन लिने गरेको छ। यसै क्रममा यस आ. व.मा पनि विभिन्न व्यक्तित्वहरूले साना किसान गतिविधिको अवलोकन गरी साना किसान विकास अभियानमा थप हौसला प्रदान गर्नुभएको छ।

नेपालमा आयोजित लघुवित्त सम्मेलनमा बैङ्कले नियमति रूपमा उपस्थिति जनाउने र साना किसान विकास अभियानका बारेमा जानकारी गराउने गर्दै आएको छ।

सन् २०११ को नोभेम्बर १४ देखि १७ सम्म स्पेनमा आयोजना भएको Global Microcredit Summit Campaign मा यस बैङ्का अध्यक्ष र प्रमुख कार्यकारी अधिकृतले भाग लिई विश्वमा लघुवित्तका अभ्यास एवं नविन अवधारणाहरूको जानकारी लिनुका साथै साना किसान विकास अभियानका सिकाईहरू आदान प्रदान गर्नुभएको छ।

त्यसै गरी सन् २०१२ को अक्टोबर ८ देखि १० सम्म भुटानमा भएको Cooperatives : Empowering Communities towards Grosss National Happiness विषयक कार्यक्रममा यस बैङ्का अध्यक्ष र प्रमुख कार्यकारी अधिकृतले भाग लिई साना किसान सहकारी स्वरूप बारे छिमेकी मुलुकमा जानकारी गराउनुका साथै त्यहाँका सहकारी गतिविधिका बारेमा अध्ययन गर्नुभएको छ।

त्यसरी नै सन् २०१२ को अक्टोबर ३१ देखि ३ नोभेम्बरसम्म बेलायतको म्यान्चेष्टरमा भएको अन्तर्राष्ट्रिय सहकारी महासङ्घको साधारण सभामा यस बैङ्का अध्यक्ष श्री खेमबहादुर पाठकले भाग लिनुभएको छ।

सन् २०१२ अक्टोबर २९ देखि ५ नोभेम्बरसम्म दक्षिण कोरियामा आयोजित Banking Sector Reform and Divestment विषयक कार्यक्रममा नेपाल सरकारका तर्फबाट मनोनित भई यस बैङ्का प्रमुख कार्यकारी अधिकृत श्री जलनकुमार शर्माले भाग लिनुभएको थियो।

### ११ औं वार्षिकोत्सव तथा साना किसान विकास अभियानका विशिष्ट अग्रजहरूको सम्मान कार्यक्रम:

२०६९ साल असार २२ गते यस बैङ्कले आफ्नो स्थापनाको ११ औं वार्षिक उत्सवमा प्रमुख अतिथि नेपाल राष्ट्र बैङ्का गभर्नर डा. युवराज खतिवडाको समुपस्थितिमा साना किसान विकास अभियानको विभिन्न कालखण्डमा अति विशिष्ट योगदान गर्नु हुने क्रमश: श्री श्रीकृष्ण उपाध्याय, श्री उत्तम रत्न धाख्वा, श्री चन्द्रकान्त अधिकारी र श्री रुद्र भट्टराई सहित चार जना विशिष्ट व्यक्तित्वहरूलाई सम्मान गरेको छ।









## अध्ययन तथा प्रकाशन

बैङ्कले साधन र स्रोत उपलब्धताको आधारमा विभिन्न सूचना तथा चेतनामुलक सामाग्रीहरू प्रकाशनलाई उच्च प्राथमिकता दिदै आएको छ। साना किसान विकास बैङ्का गतिविधिलाई सूचनामूलक र पहुँच योग्य बनाउन विभिन्न प्रकाशन एवं वेभसाईट अद्यावधिक गर्ने गरिएको छ। गत वर्ष प्रकाशित साना किसान र लघुवित्त नामक पुस्तकले साना किसान विकास अभियान एवं नेपालमा लघुवित्त प्रतिको अवधारणालाई प्रस्ट गर्न महत्वपूर्ण योगदान दिने महशुस गरिएको छ। यस वर्षमा मासुका लागि बाखापालन नामक पुस्तक प्रकाशन गरी संस्थाहरूमा पुऱ्याउने प्रयास गरिएको छ भने समय सापेक्ष गतिविधि समेटी साना किसान द्वैमासिक पत्रिका नियमित रूपमा प्रकाशन गर्ने प्रयास गरिएको छ। मासुजन्य पशुपालक किसानका लागि उपयोगी अध्ययन सामाग्रीहरूको प्रकाशन एवं वितरण तथा अन्य समसामयिक विषयवस्तुका पुस्तिका समेत प्रकाशन हुँदै आएको छ। मुलुक भरीका साना किसान सहकारी संस्थाहरूको संक्षिप्त चिनारी सहितको एक प्रोफाईल पुस्तक प्रकाशन गर्ने लक्ष्य रहेको कुरा समेत यहाँ जानकारी गराउन चाहन्छौं।



## आगामी दिनमा सञ्चालन गरिने कार्यक्रमहरू

- ☑ साना किसान सहकारी संस्था तथा समान प्रकृतिका अन्य लघुवित्त संस्थाहरूलाई प्रभावकारी रूपमा लघुवित्त सेवा प्रदान गर्दै बैङ्कको कार्यप्रणालीलाई समेत अझ प्रविण बनाउन बैङ्कको विद्यमान साङ्गठनिक स्वरूपमा यथोचित परिमार्जन गरिनेछ । इलाका कार्यालयको कार्य पद्धतिमा समेत सुधारका सम्भावनाहरू खोजी गरी लागु गरिनेछ । त्यसै गरी एसियाली विकास बैङ्कको सहयोगमा तयार भएको पुनरसंरचना योजना अनुसार तोकिएको समय सीमाभित्र लक्ष्य हासिल गर्न आवश्यक कार्यहरू गरिनेछ ।
- ☑ आदिवासी, मधेसी, दलित, जनजाती, सुकुम्वासी र खास गरी विपन्न ग्रामीण महिला आदि लघुवित्त सेवाबाट बञ्चित वर्गको लघुवित्त सेवामा पहुँच बढाउन अनुसरण (Replication) कार्यक्रम तथा व्यवसाय विस्तारका उपयुक्त नमुनाहरूलाई प्रभावकारी रूपमा विस्तार गर्ने कार्यलाई निरन्तरता दिइने छ ।
- ☑ मासुजन्य पशुपालन कर्जा कार्यक्रमको निरन्तरताका लागि नेपाल सरकार समक्ष समन्वय गरिनेछ । दुग्ध पदार्थ उत्पादनका लागि पशुपालन कर्जा कार्यक्रम सञ्चालन गर्न समेत नेपाल सरकार समक्ष वित्तीय सहयोगका लागि प्रयास गरिनेछ ।
- ☑ साना किसान सहकारी संस्था र अन्य लघुवित्त संस्थाहरूको वित्तीय दिगोपना एवं सङ्गठनात्मक संरचनालाई अझै बलियो बनाउन सघाऊ पुऱ्याउने गरी युवा तथा साना व्यवसायी स्वरोजगार कोषसँगको सहकार्य अघि बढाउन प्रयास गरिनेछ ।
- ☑ चालु आ. व. भित्र नै सर्वसाधारणमा सेयर निष्कासन गरिनेछ ।
- ☑ प्रभावकारी अनुगमन र निरीक्षण व्यवस्थाबाट ग्राहक संस्थाहरूमा सुशासनको अवस्था सुदृढ गराइनेछ ।
- ☑ यस बैङ्कको स्तरीकरण व्यवस्था अनुसार "ग" र "घ" वर्गमा पर्ने साना किसान सहकारी संस्थाहरूको वित्तीय स्थिति सुधार गर्न निश्चित समय सीमा तोकी सुधारात्मक गतिविधिहरू सञ्चालन गर्न प्रोत्साहित गरिनेछ । क्रमिक रूपमा एउटा निश्चित समय सीमाभित्र यस बैङ्कसँग आवद्ध रहेका प्रत्येक ग्राहक संस्था "क" वर्गमा पुग्ने गरी अभियान सञ्चालन गरिनेछ ।
- ☑ यस बैङ्कसँग कारोवार गर्ने सम्पूर्ण साना किसान सहकारी संस्था तथा अन्य लघुवित्त संस्थाहरूलाई व्यावसायिक योजना (Business Plan) अनिवार्य रूपमा तर्जुमा गर्न आवश्यक सहयोग गरिनेछ ।
- ☑ संस्थाको वित्तीय स्वास्थ्य तथा ग्रामीण विकासमा पुऱ्याएको योगदानको आधारमा संस्थामा संलग्न नेतृत्ववर्ग र व्यवस्थापनमा संलग्न कर्मचारीको समेत क्षमता अभिवृद्धि गर्न अवसरहरूको खोजी गरी तालिम, अवलोकन भ्रमण, क्षेत्रीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका गोष्ठी र सम्मेलन आदि अवसरहरूमा सहभागी गराइनेछ ।
- ☑ बैङ्कको उद्देश्य प्राप्तिमा सघाउ पुऱ्याउने र सहयोग आदान प्रदान हुन सक्ने सम्भाव्य राष्ट्रिय अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरू पहिचान गरी सहकार्यको लाभ लिने वातावरण मिलाइने छ ।









## साधारण सभाका प्रस्तावहरू



### सेयरधनी महानुभावहरू,

(क) सञ्चालक समितिको तर्फबाट अध्यक्षले प्रस्तुत गरेको वार्षिक प्रतिवेदन पारित गरिदिनु हुन अनुरोध छ ।

(ख) लेखापरीक्षकको प्रतिवेदन सहित २०६९ आषाढ मसान्तको वासलात र मिति २०६८/०४/०१ देखि २०६९/०३/३१ सम्मको नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू छलफल गरी पारित गरिदिनु हुन अनुरोध छ ।

(ग) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ. व. २०६९/०७० का लागि लेखा परीक्षण गर्न लेखा परीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६२ को दफा ६५ बमोजिम लेखा परीक्षण समितिको मिति २०६९/८/२५ को सिफारिसको आधारमा आ. व. २०६९/७० को लेखा परीक्षकमा नियुक्ति गर्न एवं पारिश्रमिक निर्धारण गर्न समेत अनुरोध छ । (यस बैङ्कको लेखा परीक्षण समितिद्वारा आ. व. २०६९/७० को लेखा परीक्षकमा पूर्व आ. व. को पारिश्रमिक सरह प्रदान गर्ने गरी श्री खगेन्द्र भट्टराई, खगेन्द्र एण्ड एसोसिएट्स, चार्टड एकाउण्टेण्टस्को नाम सिफारिस भई आएको छ ।)

(घ) विविध ।

### सेयरधनी महानुभावहरू,

कम्पनी ऐन, २०६३ को दफा १०९ (४) सँग सम्बन्धित विवरणहरू अध्ययनका लागि यसै प्रतिवेदन पुस्तिकामा छुट्टै उल्लेख गरिएको व्यहोरा अनुरोध छ ।

अन्त्यमा, यस बैङ्कलाई निरन्तर सहयोग पुऱ्याउने नेपाल सरकार, नेपाल राष्ट्र बैङ्क, कृषि विकास बैङ्क लि., वाणिज्य बैङ्कहरू लगायत अन्य बैङ्क एवं वित्तीय संस्थाहरू प्रति आभार प्रकट गर्दै यस बैङ्कको विकासमा सहयोग पुऱ्याउने एसियाली विकास बैङ्कलाई विशेष धन्यवाद दिन चाहन्छौं । त्यस्तै यस बैङ्कलाई सहयोग गर्ने GIZ लगायत सम्पूर्ण सहयोगी निकायहरूलाई समेत धन्यवाद ज्ञापन गर्दछौं ।

यस प्रतिवेदन अवधिमा बैङ्कलाई अगाडी बढाउन महत्वपूर्ण योगदान गर्ने पूर्व सञ्चालकहरू श्री केदारप्रसाद पनेरु, श्री सुदर्शनप्रसाद पोखरेल र श्री कुञ्जप्रसाद मिश्रलाई उहाँहरूले पुऱ्याउनुभएको योगदानका लागि धन्यवाद ज्ञापन गर्दछौं । यस बैङ्कको उत्तरोत्तर प्रगतिका लागि अहोरात्र परिश्रम गर्ने बैङ्कका समस्त कर्मचारीहरूलाई धन्यवाद ज्ञापन गर्न चाहन्छौं । समयमै लेखा परीक्षण कार्य सम्पन्न गरीदिनुभएकोमा सी.ए. महेश खनाल, एम. खनाल एण्ड कम्पनीलाई पनि धन्यवाद छ । यस बैङ्कसँग कारोबार गर्ने साना किसान सहकारी संस्थाहरू एवं अन्य सहकारी तथा लघुवित्त संस्थाहरूका साथै यस बैङ्कका अन्य शुभचिन्तक संस्था एवं महानुभावहरूमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं । भविष्यमा पनि बैङ्कको बृहत्तर हित र प्रगतिका लागि सम्बद्ध सबै पक्षहरूबाट निरन्तर रूपमा सहयोग प्राप्त भइरहने अपेक्षा राख्दछौं ।

**धन्यवाद**



श्री जलनकुमार शर्मा

प्रमुख कार्यकारी अधिकृत

**शिक्षा :**

व्यवस्थापनमा स्नातकोत्तर, त्रि.वि. नेपाल, सन् १९७८ • एम.एससी., भिक्टोरिया युनिभर्सिटी अफ म्यान्चेष्टर (बेलायत) सन् १९८८ • बी.एल., त्रि.वि. नेपाल सन् १९७७

**अनुभव :**

सन् १९७७ मा कृषि विकास बैङ्कको अधिकृत पदबाट सेवा आरम्भ, सन् १९९८ देखि सो बैङ्कको उपमहाप्रबन्धक र सन् २००२ देखि २००३ सम्म का.मु. महाप्रबन्धक • सन् २००३ देखि २००५ सम्म साना किसान विकास बैङ्क लि. को महाप्रबन्धक • सन् २००५ देखि २००८ सम्म बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानको रजिष्ट्रार • सन् २००९ देखि हालसम्म साना किसान विकास बैङ्क लि. को प्रमुख कार्यकारी अधिकृत

**बैदेशिक तालिम / गोष्ठी / भ्रमणमा सहभागिता :**

अमेरिका, बेलायत, जर्मनी, स्पेन, फ्रान्स, इटाली, इन्डोनेसिया, फिलिपिन्स, थाईलैन्ड, भियतनाम, मलेसिया, दक्षिण कोरिया, इरान, भारत, भूटान, श्रीलङ्का, पाकिस्तान, बङ्गलादेश आदि

# प्रमुख कार्यकारी अधिकृतकातर्फबाट.....

साना किसान विकास बैङ्कको एघारौँ साधारण सभाको अवसरमा हाम्रो निमन्त्रणालाई स्वीकार गरी हामीलाई नेपालको गरिबी न्यूनीकरण अभियानमा लाग्न निरन्तर हौसला प्रदान गर्नुहुने सेयरधनी संस्थाका प्रतिनिधिज्यूहरू, अतिथिज्यूहरू एवं पत्रकार महोदयहरूलाई स्वागत गर्न पाउँदा हर्ष लागेको छ ।

संस्थापक सेयरधनीका रूपमा नेपाल सरकार, कृषि विकास बैङ्क लि., नेपाल बैङ्क लि., नबिल बैङ्कलि. र २१ वटा साना किसान सहकारी संस्थाहरूको सामूहिक प्रयासबाट २०५८ साल आषाढ २२ गते 'घ' वर्गको लघुवित्त थोक कर्जा प्रवाह गर्ने गरी यस बैङ्कको स्थापना भएको हो ।

यस बैङ्कको अधिकृत पुँजी रु. २४ करोड, जारी पुँजी रु. २० करोड र चुक्ता पुँजी रु. १४ करोड रहेकोमा कुल जारी पुँजीको ३० प्रतिशतले हुने रु. ६ करोड बराबरको सेयर निकट भविष्यमा नै सर्वसाधारणमा जारी गरे पश्चात बैङ्कको चुक्ता पुँजी रु. २० करोड पुग्नेछ ।साना किसान सहकारी संस्थाहरूलाई नै क्रमशः बहुमत सेयर प्रदान गर्ने बैङ्कको प्रबन्धपत्र र नियमावलीमा रहेको व्यवस्था अनुरूप नेपाल सरकारको नाममा रहेको सम्पूर्ण सेयर एवं कृषि विकास बैङ्कको स्वामित्वमा रहेको आंशिक सेयर साना किसान सहकारी संस्थाहरूलाई बिक्री गरिएपछि प्रवर्द्धक सेयरधनी साना किसान सहकारी संस्थाहरूको सङ्ख्या हाल २३१ पुगेको छ भने कुल सेयर स्वामित्व अंश समेत हाल ५५.५% रहेको छ ।

२०६९ मङ्सिर मसान्तसम्ममा यस बैङ्कले २८० साना किसान सहकारी संस्था र अन्य समान प्रकृतिका लघुवित्त कारोबार गर्ने ३८ वटा सहकारी संस्थाहरू गरी कुल ३१८ वटा सहकारी संस्थाहरुमार्फत् देशका ५५६ गा. वि.स.मा उत्पादन र व्यवसायमा आधारित लघुवित्तसेवा प्रदान गर्दै आएको छ । यस बैङ्कमा आवद्ध ३१८ संस्थाहरु मार्फत् २ लाख ५५ हजार घरपरिवारभन्दा बढीले बैङ्कबाट सेवा प्राप्त गरिरहेका छन् । यस बैङ्कसँग कारोबार गर्ने लगभग सबै साझेदार संस्थाहरू सहकारीको संरचनामा रहेका छन् । यसप्रकार सहकारीमार्फत् विपन्न तथा साना किसानहरूलाई प्रभावकारी ढङ्गबाट वित्तीय तथा गैर वित्तीय सेवाहरू सशक्त ढङ्गले सञ्चालन भइरहेको छ । नयाँ व्यवसाय विस्तार गर्नु, सेवा क्षेत्र विस्तार गर्नु र यस बैङ्कको थोक कर्जाको दायराभित्र अझ बढी निम्न आय भएका व्यक्तिहरूलाई समेट्नु यसको अवसर र चुनौती दुवै भएको छ ।

बैङ्कसँग कारोबारमा संलग्न भएका संस्थाहरूको सुशासनका लागि नेतृत्वतहमा महिला र पुरुषहरूको सहभागिता जस्ता सबल पक्ष हुन् भने समूह-गठनमा प्रायः महिलाहरूलाई मात्र संलग्न गराउन बढी जोड दिनु यसको प्राथमिकता भएको छ । पहाडी र हिमाली जिल्लाहरू त्यसमा पनि अझ विकट क्षेत्रमा लघुवित्तको कारोबारमा सर्वसाधारणको पहुँच एकदमै न्यून रहेको छ। त्यस भेगमा पनि लघुवित्तको कारोबार वृद्धि गर्नु र विस्तार गर्नु आजको प्रमुख आवश्यकता हो । खर्च र आम्दानीबीच सन्तुलन कायम गरी जानुपर्ने यथार्थका आधारमा एउटा राष्ट्रिय नीतिको आवश्यकता देखिन्छ, जसले विकट पहाडी भेगमा पनि संस्थागत ढङ्गले कार्यक्रम लैजान अभिप्रेरित गरोस् ।

लघुवित्त क्षेत्रमा थोक कर्जा लगानी गर्ने अरू बैङ्क तथा वित्तीय संस्थालाई वित्तीय रूपमा सबल सहकारी संस्थाको पहिचान गरी तिनलाई मात्र छनोट गरेर ॠण लगानी गर्ने अवसर प्राप्त छ भने यस बैङ्कले साना किसान सहकारी संस्थाको सेवा नपुगेका ठाउँमा संस्था स्थापनाको व्यवस्था मिलाई भएका संस्थाहरूको क्षमता विकासमा समेत ध्यान दिनुपर्ने अवस्था रहेको छ ।

विगतका अनुभव, भावी लक्ष्य, लघुवित्तका असल अभ्यासहरू र राष्ट्रको समसामयिक अवस्थाका आधारमा यस बैङ्कका सबल पक्ष र कमजोर पक्षलाई

निम्न ढङ्गबाट हेर्न सकिन्छ । सबल पक्षको गुणात्मक विकास एवं कमजोर पक्षमा सुधार र पुन:संरचना गर्न बैङ्क सदैव क्रियाशील रहिआएको छ ।

### सबल पक्ष

क) साना किसानहरूमा संस्था सञ्चालन गर्ने पक्षमा प्रशस्त सशक्तीकरण भएको छ । आफ्नो संस्था सबल र दिगो ढङ्गबाट सञ्चालन गर्नुपर्दछ भन्ने चेतना प्राय सबै ठाउँमा आएको छ । वित्तीय ज्ञान तथा वित्तीय अनुशासनमा धेरै सुधार भएको छ । औसतमा संस्थाहरू घाटामा चल्नु हुँदैन भन्ने भावना मजबुत हुँदै गएको छ । स्थानीय पुँजी निर्माणतर्फ, संस्थाको सेयर लगानीमा वृद्धि, बचतमा वृद्धि, ग्राहक/पशुधन सुरक्षण कोष आदिमा वृद्धि भई २०६९ मङ्सिर मसान्तसम्ममा संस्थाहरूको कुल आन्तरिक पुंजी अर्थात् स्थानीय बचत झन्डै रु. ४(चार) अर्ब ४८ करोड पुगेको छ, जुन लघुवित्तका क्षेत्रमा संलग्न संस्थाहरूका लागि गर्वको कुरा हो ।

ख) व्याजदरमा स्थिरता : द्वन्द्वको समयमा होस् वा देशमा आर्थिक मन्दीका अवस्थामा होस्, साना किसान सहकारी संस्था लि.हरूको कारोबार सधैं सकारात्मक रहँदै आएको छ । यी संस्थाहरूले आफ्ना किसानहरूसँग लिने ब्याजदर १४-१६ प्रतिशतको हाराहारीमा रहेको छ । लघुवित्तका क्षेत्रमा देशभरिका सम्पूर्ण कार्यक्रमलाई हेर्दा यो ब्याजदर एकदमै न्यून हो भन्न सकिन्छ । लघुवित्त कार्यक्रममा सञ्चालन खर्च बढी हुन्छ भन्ने मान्यता र यथार्थ पनि छ तर साना किसान सहकारी संस्थाहरूमा औसत सञ्चालन खर्च थोरै अर्थात् औसत ३ प्रतिशत वा सोभन्दा पनि कम रहन गएको छ । जुन आफैमा उदाहरणीय उपलब्धि हो ।



एसियाली विकास बैङ्कका प्रतिनिधि मायुमी ओजाकी तथा सा.कि.वि.बै. का प्रतिनिधिहरूबीच छलफल

ग) साना किसान सहकारी संस्थाको विस्तारका लागि बैङ्कले सञ्चालन गर्दै आएको साना किसान सहकारी अनुसरण (Replication) कार्यक्रम निकै प्रभावकारी देखिएको छ । एउटा सक्षम सङ्घ/संस्थाले आफ्नो गा.वि.स.का अतिरिक्त छिमेकका अरू गा.वि.स. मा पनि अनुसरण गर्दै आएका छन् । अनुसरणबाट आर्थिक वर्ष २०६७/६८ सम्म थप ६५ संस्थाको निर्माणकार्य गरिएकोमा आर्थिक वर्ष २०६८/६९ मा थप नयाँ ७७ संस्थाको निर्माणकार्य आरम्भ भएको छ भने चालु आर्थिक वर्षमा पनि यसलाई निरन्तरता दिइएको छ । यसै गरी दुर्गम तथा पहाडी क्षेत्रमा सामुदायिकस्तरमा सञ्चालन गर्ने उद्देश्यले स्थापना भएका ६० भन्दाबढी सामुदायिक सहकारी संस्थाहरूको क्षमता विकास गरी बैङ्कको कारोबारमा संलग्न गराउने प्रयासहरूको समेत थालनी गरेका छौं । अनुसरण तथा क्षमता विकासका माध्यमबाट आगामी दिनमा बैङ्कको सेवा बढीभन्दा बढी साना किसानमा विस्तार गर्दै जाने नीति रहेको छ । यसमा नेपाल सरकारको सहयोग महत्वपूर्ण रहिआएको छ ।

घ) यस बैङ्कको अगुवाइमा नै ऋण कारोबारका अतिरिक्त संस्थाहरूले सामाजिक र सामुदायिक कार्यहरूको सँगसँगै तालिमका कार्यहरू सञ्चालन गरेका छन् । धेरै संस्थाका आफ्नै भवन निर्माण भइसकेका छन् । आफ्नो भवन नहुने संस्थाहरू आफ्नै भवन हुनुपर्दछ भन्ने मान्यता राख्छन् । आफ्नो र मेरो हो भन्ने भावना यसले बढाएको छ । संस्थागत ढंगबाट दीर्घकालीन रुपमा सेवा प्रदान गर्ने पूर्वाधार खडा भएको छ ।

ङ) झन्डै ५० प्रतिशतभन्दा बढी संस्थाहरूले लघुवित्तको आधुनिक Software प्रयोग गरी आधुनिक प्रविधि र उपकरणका माध्यमबाट कारोबार गरिरहेका छन् । बैङ्कको आफ्नै Software परीक्षण प्रयोगमा रहेको छ ।

च) नेपालको प्रमुख कृषिमा हुने उत्पादनका स्रोतहरू गाँउमा नै छन् । ती उत्पादनशील क्षेत्रमा हाम्रा संस्थाहरू कार्यरत छन् । योजनाबद्ध ढङ्गले कार्य गर्न सकेमा गाउँमा पशुजन्य व्यवसाय, वनजन्य व्यवसाय, कृषिजन्य व्यवसाय, मौरी तथा कीटजन्य व्यवसाय, पर्यटन व्यवसाय लगायत स-साना लघु-उद्यम व्यवसाय जस्ता कार्यक्रमहरू प्रशस्त गर्न सकिने सम्भावनाहरू रहेका छन् । यिनै सम्भावना र संस्थाहरूको कार्यक्रमको स्थलगत अवलोकनपछि बैङ्कलाई नेपाल सरकारबाट गत आर्थिक वर्ष २०६७/६८ र २०६८/६९ मा गरी रु. १ अर्ब ५० करोड राशीको मासुजन्य पशुपालनका क्षेत्रमा लगानी गर्ने गरी ऋण सहयोग प्राप्त भएकोछ । नेपाल सरकारबाट पशुपालन कार्यविधि, २०६७ जारी भएपश्चात् त्यही आधारमा बैङ्कले २०६७ चैत्रको अन्तदेखि पशुपालन कर्जा कार्यक्रम कार्यान्वयन गरेकोमा २०६९ मङ्सिरसम्ममा रु. २ अर्ब ३८ करोडको पशुपालन ऋणको माग सङ्कलन भई पशुपालक साना किसानलाई लगानी गर्ने गरी बैङ्कले रु. २ अर्ब १५ करोड पशुपालन ऋण स्वीकृत गरिसकेको छ । यस अवधिमा झन्डै २२ हजार साना किसानका हातमा रु. १ अर्ब ३७ करोड भन्दा बढी कर्जा पुगिसकेको छ ।

छ) नेपाल सरकारको 'युवा तथा साना व्यवसायी स्वरोजगार कोष' मार्फत तीन वर्षको अवधिभित्र उपलब्ध गराउने गरी बैङ्कलाई स्वरोजगार कर्जा लगानी गर्न रकम रु. १ अर्ब ऋण पुँजी उपलब्ध गराउने सम्बन्धमा बैङ्क र कोषबीच संझौता सम्पन्न भएको छ, जसअन्तर्गत कोषबाट बैङ्कलाई पहिलो वर्षको पहिलो किस्ता रु. ९ करोड प्राप्त भएकोमा १८ जिल्लाका ४९ साना किसान सहकारी संस्थामा आबद्ध ६४७ जनालाई रु. ९ करोड ५५ लाख लगानी गरेकोमा २० जनाबाट ऋण समेत फिर्ता भइसकेको छ ।

### सुधार गर्नुपर्ने पक्ष

यो बैङ्क आजको घडीसम्म आइपुग्दा यसका राम्रा पक्ष मात्र होइन केही कमजोर पक्ष पनि रहेका छन्, जसलाई हामीले पहिचान गरी यी कमजोरी न्यूनीकरणका प्रयास गर्दै आएका छौं ।

(क) झन्डै ३१८ भन्दा बढी Partner Organizations सँग वित्तीय कारोबार गर्नुपर्ने भएको हुँदा त्यस्ता Partner Organizations मा भएको मानव संसाधनको विकासमा पनि प्रशस्त ध्यान पुऱ्याउनु आवश्यक छ भने आफ्नै बैङ्कका कर्मचारीहरूलाई समयसापेक्ष तालिम, Exposure भ्रमण आदि गराउनुपर्ने हुन्छ । यसको लागि आवश्यक स्रोतको कमी रहेको महसुस गरिएको छ ।



सा.कि.स.सं.लि. माझथाना कास्कीद्वारा आरम्भ गरिएको सहकारी कृषि बजारको उद्घाटन कार्यक्रममा सम्बोधन गर्दै प्रमुख कार्यकारी अधिकृत

(ख) विभिन्न कारणले समयअनुसार आवश्यकता पर्ने Software र Hardware को व्यवस्था हुन नसकिरहेको अवस्थामा भर्खर मात्र एसियाली विकास बैङ्कको सहयोगमा बैङ्कलाई आवश्यक पर्ने Hardware र Software खरिद एवं निर्माण गर्ने व्यवस्था भएको छ ।

(ग) सम्पूर्ण संस्थाहरूको नियमित र पर्याप्त निरीक्षण र अनुगमन गर्न नसक्नु यसको अर्को कमजोर पक्ष देखिएको छ । यसमा बढी ध्यान केन्द्रित गर्नुपर्ने हामीले ठानेका छौं र समय समयमा बैङ्कबाट अनुगमन र निरीक्षणको आवश्यकता रहेको अधिकांश संस्थाहरुका जिम्मेवार पदाधिकारीहरुको सुझाव समेत प्राप्त भएको छ ।

(घ) बैङ्कलाई दीर्घकालीन पुँजीको आवश्यकता परिरहने भएता पनि हाल स्थानीय बैङ्किङ र वित्तीय बजारमा विपन्न वर्गको कर्जामा निर्भर हुनुपर्दा वित्तीय क्षेत्रमा हुने उतारचढावको असरबाट यो बैङ्कमुक्त हुन सकेको छैन ।

यस बैङ्क र यस बैङ्कसँग आबद्ध संस्थाहरू, जो यस बैङ्कका पनि सेयरधनी हुन्, उनीहरूबीच यो बैङ्क

हाम्रो हो भन्ने भावना प्रचुर मात्रामा रहेको देखिएको छ । एसियाली विकास बैङ्कको सहयोगमा यस बैङ्कको प्रथम चरणको पुनःसंरचना कार्य सम्पन्न भई दोस्रो चरणको कार्यक्रम समेत अगाडि बढेको छ, जसअनुसार पहाडी जिल्लाका लागि ऋण प्रवाह गर्न २० लाख अमेरकी डलर राशीको सहयोग प्राप्त भइरहेको छ । यसैगरी बैङ्कको सुदृढीकरणका लागि परामर्शदाताको सहयोगको व्यवस्था उपलब्ध भइरहेको छ। केही कमजोर संस्थाहरुलाई पुनरसंरचनामा ल्याउन विशेष कार्यक्रमका अतिरिक्त पहाडी तथा हिमाली क्षेत्रका ९ जिल्लाहरुमा बैङ्कको सेवा विस्तार गर्न 'पहाडी मोडेल' भनेर नै व्यावसायिक रुपमा दक्ष जनशक्ति परिचालन गर्न लाग्ने लागतमा एसियाली विकास बैङ्कको सहयोग रहेको छ । कुनै पनि साना किसान सहकारी संस्था कमजोर अवस्थामा नरहोस् र नयाँ क्षेत्रमा सेवा विस्तार गर्ने दुवै लक्ष हासिल गर्ने यस बैङ्कको पुनित उद्देश्य रहेको छ ।

हाम्रो देशमा केही वर्षदेखि मासुजन्य पदार्थको उपभोगमा वृद्धि हुँदै गएको देखिएको छ । मासुजन्य पदार्थको उत्पादन बढाउन सकेमा मासुको आयात प्रतिस्थापनाः र साना किसानहरूको आय वृद्धि गर्नमा सहयोग पुग्न गई राष्ट्रिय आयमा सकारात्मक प्रभाव पर्ने भएकाले बैङ्कले नेपाल सरकारको ऋण सहयोगमा सञ्चालन गरेको पशुपालन कर्जा कार्यक्रमलाई प्रभावकारी बनाउँदै आगामी दिनमा अझ यसलाई दुग्ध उत्पादनसँग समेत जोडेर विस्तार गर्ने प्रयास जारी रहेको छ ।

यस बैङ्कले यसका कार्यक्रमलाई यो अवस्थासम्म ल्याउनमा शुरु देखि नै कसै न कसैको विशिष्ट योगदान रहेको हुन्छ भन्ने कुरामा समेत ध्यान दिएको छ, जसअनुसार बैङ्कको एघारौं वार्षिक उत्सवका अवसरमा साना किसान विकास अभियानमा लागेर हामीले कहिल्यै विर्सन नसक्ने र नहुने ४ जना कर्मठ, मूर्धन्य, आदरणीय र प्रेरणादायी व्यक्तित्वहरूलाई सम्मानका लागि बैङ्को सञ्चालक समितिले निर्णय गरी उहाँहरूको सम्मान गरेको छ । यस्ता कार्यलाई आगामी दिनमा समेत निरन्तरता दिनु उचित हुने ठानेका छौं ।

विगतका वर्षहरूदेखि नै यस बैङ्कले आफ्नो वार्षिक उत्सवको अवसरमा बैङ्का ८ (आठ) वटा इलाका कार्यालयहरूमध्ये वार्षिक प्रगति मूल्याङ्कन (Performance Evaluation) को आधारमा एउटा सर्वोत्कृष्ट इलाका कार्यालयलाई प्रमाणपत्र प्रदान गर्दै आएकोमा यस वर्ष पनि त्यसलाई निरन्तरता दिइएको छ । त्यस्तै साना किसान सहकारी संस्थाहरूमध्ये मूल्याङ्कनका आधारमा राष्ट्रिय स्तरमा सबैभन्दा उत्कृष्ट भएको एउटा संस्था र बैङ्कसँग सबैभन्दा बढि आर्थिक कारोबार गर्ने एउटा संस्था गरी २ वटा संस्थालाई केन्द्रीय स्तर बाट ताम्रपत्रसहित नगद रु. १० हजारका दरले पुरस्कृत गरिएको छ । त्यस्तै इलाका स्तरमा पनि प्रथम हुने संस्थाहरूलाई नगद रु. ५ हजार एवं प्रमाणपत्रबाट उनीहरूको मेहनत र कार्यको उच्च मूल्याङ्कन गरी पुरस्कृत गरिएको छ । यसरी प्रशंसापत्र र नगदबाट पुरस्कृत गर्दा मूल्याङ्कन गर्ने स्पष्ट आधार र अङ्क निर्धारण गर्ने गरी व्यवस्था मिलाइएको कुरा यहाँ अवगत गराउन चाहन्छु ।

वार्षिक रूपमा रु. १.५ अर्बभन्दा बढि थोक कर्जा प्रवाह गर्ने यस बैङ्क र यस बैङ्का सेयरधनी रहेका साना किसान सहकारी संस्थाहरू र त्यसमा आबद्ध विपन्न वर्ग एवं कमजोर आर्थिक स्तर भएका किसानहरूलाई अझ बढि सेवा पुऱ्याउन सकियोस् भन्ने अभिप्रायले आफ्नो सेवा अझ विस्तार गर्दै लैजान बैङ्क कटिबद्ध र प्रतिबद्ध रहेको छ भन्न पाउँदा हर्ष लागेको छ ।

यस बैङ्कलाई देशको गरिबी न्यूनिकरणका लागि ग्रामीण भेगका साना किसानहरूको जीवनस्तर माथि उठाउन सहयोग पुऱ्याउने नेपाल सरकार, कृषि विकास बैङ्क लि., नेपाल राष्ट्र बैङ्क, एसियाली विकास बैङ्क, जिआईजेड, नेपाल कृषि सहकारी केन्द्रीय सङ्घ, साना किसान सहकारी संस्थाहरू, ती संस्थामा आबद्ध सदस्यहरू, बैङ्का सेयरधनी वित्तीय संस्थाहरू, यस बैङ्का सहयोगी अन्य बैङ्क तथा वित्तीय संस्था र निकायहरूका अतिरिक्त दिनरात यस बैङ्कको काममा खट्ने मेरा सहयोगी कर्मचारी मित्रहरूलाई हृदयदेखि नै आभार प्रकट गर्नु आफ्नो कर्तव्य ठान्दछु ।

अन्तमा, यस बैङ्कको एघारौं साधारण सभाको अवसरमा पाल्नुहुने सम्पूर्ण सेयरधनी संस्थाका प्रतिनिधिज्यूहरू, अतिथिज्यूहरू, पर्यवेक्षकज्यूहरू लगायत पत्रकार मित्रहरूमा पुनः स्वागत एवं अभिवादन गर्दै बिदा लिन चाहन्छु ।

धन्यवाद

दिनाङ्क : पौष २०, २०६९

**जलनकुमार शर्मा**
प्रमुख कार्यकारी अधिकृत
साना किसान विकास बैङ्क लि.



साना किसान विकास बैङ्क लि., केन्द्रीय कार्यालय परिवार

११ वार्षिक प्रतिवेदन २०६८/६९

## साना किसान विकास बैङ्क लि.

# (कम्पनी ऐन, २०६३ को दफा १०९ (४) सँग सम्बन्धित अतिरिक्त विवरण)

### (क) विगत वर्षको कारोबारको सिंहावलोकन

गत आ. व.को तुलनामा आ. व. २०६८/६९ मा कर्जा लगानीमा ४३%, साँवा असुलीमा ६९% र लगानीमा रहिरहेको कर्जामा ४३% ले वृद्धि गर्न बैङ्क सफल भएको छ । कर पछिको खुद नाफा रु. ६ करोड ३३ लाख ९० हजार आर्जन गरी गत आ. व. को भन्दा ११८% ले वृद्धि भएको छ । यस सम्बन्धमा सञ्चालक समितिको प्रतिवेदनमा थप जानकारीहरू प्रस्तुत गरिएको छ ।

### (ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट कम्पनीको कारोबारलाई कुनै असर परेको भए सो असर

यस बैङ्कको ग्राहक संस्था सङ्ख्या एवं व्यावसायिक आकार वृद्धि भएकाले कर्जाको मागलाई संस्थाहरूको आन्तरिक श्रोतबाट पूर्ति हुन नसक्दा यस बैङ्कसँग मागको अत्याधिक चाप बढेको छ। वित्तीय स्रोतको अपर्याप्तता, कर्जाको सुरक्षण, कर्जाको लागतमा वृद्धि आदिको कारण लघुवित्त बजारमा उत्पन्न हुने असरहरूबाट यो बैङ्क समेत अछुतो रहन सकेन । यस सम्बन्धमा सञ्चालक समितिको प्रतिवेदनमा विस्तृत प्रस्तुति रहेको छ ।

### (ग) प्रतिवेदन तयार भएको मितिसम्म चालू वर्षको उपलब्धि र भविष्यमा गर्नुपर्ने कुराको सम्बन्धमा सञ्चालक समितिको धारणा

आ. व. २०६८/६९ को कात्तिक महिनासम्मका चार महिनामा बैङ्कले कुल रु. ८९ करोड ८ लाख ८९ हजार कर्जा लगानी गरेको छ भने रु. ६८ करोड ६६ लाख ११ हजार साँवा तथा रु. दश करोड ७९ हजार व्याज असुली गरिसकेको छ । यस अवधिसम्ममा लगानीमा रहि रहेको रकम रु. दुई अर्ब ८८ करोड ४ लाख ३५ हजार पुगेको छ। यस सम्बन्धमा सञ्चालक समितिको प्रतिवेदनमा थप प्रस्तुति रहेको छ ।

बैङ्कले आगामी दिनमा हिमाली र पहाडी क्षेत्रहरूमा लघुवित्त सेवा विस्तार गर्न जोड दिने योजना बनाएको छ । भावी दिनमा बैङ्कलाई सूचना प्रविधिसँग जोड्ने, वित्तीय रूपमा स्वस्थ्य र सबल बनाउने, ग्राहक संस्थाहरूको व्यवस्थापकीय र वित्तीय स्थिति बलियो बनाउन आवश्यक कार्यक्रमहरू सञ्चालन गर्ने, दिगो वित्तीय स्रोतमा पहुँच बनाउने, विभिन्न सहायोगी निकाय/संस्थाहरूसँग समन्वय गरी लघुवित्तमार्फत कृषि क्षेत्रको विकासमा योगदान पुऱ्याउने जस्ता कार्यक्रमहरू सञ्चालन गर्ने छ । यसका अतिरिक्त ग्राहक संस्थाहरूको सूचना प्रविधिमा विकास गर्नमा समेत बैङ्कको प्रयास रहनेछ ।

### (घ) कम्पनीको औद्योगिक वा व्यावसायिक सम्बन्ध

यस सम्बन्धमा सञ्चालक समितिको प्रतिवेदनमा विस्तृत प्रस्तुति रहेको छ ।

### (ङ) सञ्चालक समितिमा भएको हेरफेर र सोको कारण

नेपाल सरकारले यस बैङ्कमा रहेको सम्पूर्ण सेयर बिक्री (Off Load) गरे पश्चात बैङ्कको नवौं वार्षिक साधारण सभाबाट प्रबन्धपत्र र नियमावलीमा भएको संशोधन मिति २०६८/३/३१ मा कम्पनी रजिष्ट्रार कार्यालयबाट अभिलेख भई आए पश्चात उक्त संशोधित प्रबन्धपत्र र नियमावली अनुसार नेपाल सरकारको तर्फबाट यस बैङ्कको सञ्चालक समितिमा प्रतिनिधित्व नरहने भएकाले सञ्चालक श्री केदारप्रसाद पनेरुको मिति २०६८/५/२९ बाट सञ्चालक पद स्वतः समाप्त भएको छ ।

संशोधित व्यवस्था अनुसार सञ्चालक समितिमा कृषि विकास बैङ्कबाट १, साना किसान सहकारी संस्थाहरूबाट ३ र नेपाल बैङ्क लि. एवं नबिल बैङ्क लि. बाट आलोपालो गरी १ एवं सर्वसाधारण सेयर धनीबाट २ जनाले प्रतिनिधित्व हुने व्यवस्था रहेकोमा सञ्चालक समितिको मिति २०६८/५/१३ को निर्णयानुसार सर्वसाधारण सेयर धनीको प्रतिनिधित्व नभएसम्म कृषि विकास बैङ्कको तर्फबाट भएको प्रतिनिधित्वलाई निरन्तरता दिने व्यवस्था भएको छ ।

प्रवर्धक सेयरधनी नेपाल बैङ्क लि.को तर्फबाट यस बैङ्कको सञ्चालक समितिमा मिति २०६७/०४/१९ देखि प्रतिनिधित्व गर्दै आउनुभएका श्री सुदर्शनप्रसाद पोखरेल मिति २०६९/०२/३१ सम्म सञ्चालक पदमा बहाल रहनुभएको थियो भने तत्पश्चात सो स्थानमा उक्त बैङ्कको तर्फबाट श्री कुञ्जप्रसाद मिश्र नियुक्त भई मिति २०६९/०४/०४ सम्म बहाल रहनुभएको थियो । यसै बखत प्रवर्धक सेयरधनी नेपाल बैङ्कको प्रतिनिधित्व हुने अवधि समाप्त भएकाले मिति २०६९/०४/०५ देखि नबिल बैङ्क लि.का तर्फबाट खटाइएका श्री ईश्वरमान श्रेष्ठ यस बैङ्कको सञ्चालक पदमा नियुक्त हुनुभएको छ । बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा १२(२) को प्रावधान अनुसार मिति २०६९/०४/०५ गते डा. उमाकान्त सिलवाल यस बैङ्कको व्यावसायिक सञ्चालकको रूपमा नियुक्त भई कार्यरत रहनुभएको छ ।

### (च) कारोबारलाई असर पार्ने मुख्य कुराहरू

यस बैङ्कको कारोबारमा असर पार्ने मुख्य जोखिमको रूपमा देहायका कुराहरूलाई लिइएको छ :-

- ☑ साझेदार केही साना किसान सहकारी संस्था लि.हरूमा बलियो रूपमा सुशासनको अवस्था कायम राख्न नसकेमा वा सञ्चालक र कर्मचारीहरूमा पूर्णरूपमा पेसागत दक्षता एवं अनुभवको अभाव रहेमा उत्पन्न हुन सक्ने जोखिमहरू,
- ☑ पुँजी बजारमा आउन सक्ने उतार चढावबाट यस बैङ्कलाई प्राप्त हुने कर्जा र सोको व्याजदरमा वृद्धि हुन सक्ने जोखिमहरू,
- ☑ लघुवित्त बजारको समस्याको रूपमा रहेको वित्तीय श्रोतको अपर्याप्तता, विना धितो कर्जा प्रवाह, कर्जा अनुगमनमा कमी आदि कारणले देखा पर्ने जोखिमहरू,
- ☑ लघु कर्जाका सम्बन्धमा हुने अनावश्यक र नकारात्मक प्रचारका कारण कर्जा लगानी तथा असुलीमा उत्पन्न हुने जोखिमहरू,
- ☑ देशको आर्थिक अवस्थामा आउने परिवर्तनबाट पर्न सक्ने जोखिमहरू,
- ☑ नियमन निकायहरूबाट समय समयमा परिवर्तन हुने नीति नियममा भएको बदलावका कारणबाट हुन सक्ने सम्भावित जोखिमहरू,
- ☑ लघुवित्त क्षेत्रमा दक्ष जनशक्ति आकर्षण र रिटेन्सनसम्बन्धी जोखिम आदि ।

### (छ) लेखा परीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सोउपर सञ्चालक समितिको प्रतिकृया

लेखा परीक्षकको प्रारम्भिक प्रतिवेदनमा कारोबारको सिलसिलामा हुने सामान्य कैफियतहरू बाहेक अन्य कैफियतहरू नरहेको एवं सो कैफियतहरू भविष्यमा दोहोरिन नदिन आवश्यक व्यवस्था मिलाउने सम्बन्धमा सञ्चालक समितिले व्यवस्थापनलाई निर्देशन दिएको छ ।

### (ज) लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकम

बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन २०६३ को दफा ४६ बमोजिम सर्व साधारणमा सेयर निष्कासन नभएसम्म लाभांश बितरणमा बन्देज रहेको र यस कम्पनीले सर्व साधारणमा सेयर निष्कासन गर्न बाँकी रहेको हुँदा आ. व. २०६८/६९ मा लाभांश बितरण गरिएको छैन ।

### (झ) सेयर जफत भएको भए जफत भएको सेयर सङ्ख्या, त्यस्तो सेयरको अङ्कित मूल्य, त्यस्तो सेयर जफत हुनुभन्दा अगावै सोबापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो सेयर जफत भएपछि सो सेयर बिक्री गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको सेयर वापत रकम फिर्ता गरेको भए सोको विवरण,



कुनै पनि सेयर जफत भएको छैन ।

### (ञ) विगत आर्थिक वर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोबारको प्रगति र सो आर्थिक वर्षको अन्तमा रहेको स्थितिको पुनरावलोकन

यस कम्पनीको कुनै पनि सहायक कम्पनी छैन ।

### (ट) कम्पनी तथा त्यसको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोबारहरू र सो

**अवधिमा कम्पनीको कारोबारमा आएको कुनै महत्वपूर्ण परिवर्तन,**

यस कम्पनीको कुनै पनि सहायक कम्पनी छैन । साथै यस कम्पनीमा सञ्चालक समितिको प्रतिवेदनमा उल्लेख गरेबाहेक कुनै महत्वपूर्ण परिवर्तन भएको छैन ।

**(ठ) विगत आर्थिक वर्षमा कम्पनीको आधारभूत सेयर धनीहरूले कम्पनीलाई उपलब्ध गराएको जानकारी,**

यस प्रकारको कुनै पनि जानकारी आधारभूत सेयर धनीहरूबाट प्राप्त भएको छैन ।

**(ड) विगत आर्थिक वर्षमा कम्पनीका सञ्चालक तथा पदाधिकारीहरूले लिएको सेयरको स्वामित्वको विवरण र कम्पनीको सेयर कारोबारमा निजहरू संलग्न रहेको भए सो सम्बन्धमा निजहरूबाट कम्पनीले प्राप्त गरेको जानकारी,**

यस कम्पनीका सञ्चालकहरू संस्थागत सेयरधनीका तर्फबाट प्रतिनिधि भई आएको हुँदा व्यक्तिगत रूपमा कुनै पनि सञ्चालक एवं पदाधिकारीहरूले यस कम्पनीको सेयर लिएको छैन ।

**(ढ) विगत आर्थिक वर्षमा कम्पनीसँग सम्बन्धित सम्झौताहरूमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराइएको जानकारीको व्यहोरा,**

यस प्रकारको कुनै सम्झौता भएको जानकारी प्राप्त भएको छैन ।

**(ण) कम्पनीले आफ्नो सेयर आफैले खरिद गरेको भए त्यसरी आफ्नो सेयर खरिद गर्नुको कारण, त्यस्तो सेयरको सङ्ख्या र अङ्कित मूल्य तथा त्यसरी सेयर खरिद गरेबापत कम्पनीले भुक्तानी गरेको रकम**

कम्पनीले आफ्नो सेयर आफैले खरिद गरेको छैन ।

**(त) आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको र भएको भए सोको विस्तृत विवरण,**

यस सम्बन्धमा सञ्चालक समितिको प्रतिवेदनमा विस्तृत प्रस्तुति रहेको छ ।

**(थ) विगत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरण**

| | |
|---|---|
| कर्मचारी खर्च रु. | २,००,५०,४६१.८७ |
| सञ्चालन खर्च रु. | १,२४,१८,९६१.०२ |
| कुल रु. | ३,२४,६९,४२२.८९ |

**(द) लेखा परीक्षण समितिका सदस्यहरूको नामावली, निजहरूले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारबाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सो को विवरण,**

यस कम्पनीमा गैर कार्यकारी सञ्चालक श्री धर्मराज आत्रेयको संयोजकत्वमा तल तालिकामा उल्लेख गरे अनुसारको तीन सदस्यीय लेखा परीक्षण समिति रहेको छ । यस समितिले कम्पनी ऐन, २०६३ को दफा १६५ मा तोकिए बमोजिमका कार्यहरू गर्ने, नेपाल राष्ट्र बैङ्कद्वारा जारी निर्देशनमा लेखा परीक्षण समितिले गर्नुपर्ने भनी उल्लेख गरेका कार्यहरू गर्ने, लेखा परीक्षकले दिएको प्रतिवेदन उपर दफावार अध्ययन गरि सञ्चालक समितिलाई प्रतिवेदन सहित सुझाव र व्यवस्थापनलाई निर्देशन दिने एवं आन्तरिक नियन्त्रण प्रणालीको सुदृढीकरणका लागि अनुगमन, निरीक्षण र सुझाव प्रदान गर्ने जस्ता कार्यहरू गर्ने गर्दछ ।

यस समितिले सम्पत्तिको भौतिक परीक्षण र बर्गिकरण गर्ने, कर्जाको गुणस्तर अभिबृद्धि गर्ने आदि लगायतका महत्वपूर्ण सुझावहरू सहितको प्रतिवेदन सञ्चालक समितिमा पेस गरेको र सञ्चालक समितिले सोको प्रभावकारी कार्यान्वयका लागि व्यवस्थापनलाई निर्देशन दिएको छ ।

**लेखा परीक्षण समितिका पदाधिकारीहरूको नामावली तथा सुविधा**

| नाम | पद | सुविधा |
|---|---|---|
| श्री धर्मराज आत्रेय | संयोजक | प्रति बैठक |
| श्री सागर चन्द्र जोशी | सदस्य | भत्ता रु. |
| श्री शिबहरि अर्याल | सदस्य | ८५०।- |



११ वार्षिक प्रतिवेदन २०६८/६९

**(ध) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभूत सेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा सङ्गठीत संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा**

सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभूत सेयरधनी वानिजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा सङ्गठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी छैन ।

**(न) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरूलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम,**

**सञ्चालकहरूलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम :**

- ☑ सञ्चालक समितिको बैठकमा भाग लिए वापत प्रति बैठक रु. २,०००।- मात्र भत्ता ।
- ☑ अध्यक्षलाई पत्रपत्रिका वापत मासिक रु. १,०००।- र टेलिफोन खर्च वापत मासिक रु. २,५००।-मात्र ।
- ☑ अन्य सञ्चालकहरूलाई टेलिफोन वापत मासिक रु. १,०००।- मात्र (आफ्नो कार्यालयबाट सो सुविधा नभए मात्र) ।
- ☑ काठमाडौं बाहिरबाट प्रतिनिधित्व गर्ने सञ्चालकलाई समितिको बैठकमा भाग लिन आउदा एकमुष्ठ भैपरि खर्च रु. ७००।- ।
- ☑ सञ्चालकहरूले बैङ्कको कामको सिलसिलामा भ्रमण गर्दा दैनिक भत्ता रु. ७००।-

**प्रमुख कार्यकारी अधिकृत श्री जलनकुमार शर्मालाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम :**

- ☑ मासिक पारिश्रमिक रु ५५,०००।-
- ☑ टेलिफोन खर्च वापत मासिक रु. २,५००।-
- ☑ कार्यालय आउँदा जाँदा गाडी सुविधा रहेको ।

**(प) सेयरधनीहरूले बुझिलिन बाँकी रहेको लाभांशको रकम**

सेयरधनीहरूले लाभांशको रकम बुझिलिन बाँकी रहेको छैन ।

**(फ) दफा १४१ बमोजिम सम्पत्ति खरिद वा बिक्री गरेको कुराको विवरण**

यस प्रकारको सम्पत्ति खरिद वा बिक्री नभएको

**(ब) दफा १७५ बमोजिम सम्बद्ध कम्पनीबीच भएको कारोबारको विवरण**

यस प्रकारको कारोबार नभएको

**(भ) यस ऐन तथा प्रचलित कानून बमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनुपर्ने अन्य कुनै कुरा**

आवश्यक सम्पूर्ण महत्वपूर्ण कुराहरू सञ्चालक समितिको प्रतिवेदनमा खुलाइएको छ ।

**(म) अन्य आवश्यक कुराहरू ।**

आन्तरिक राजश्व कार्यालय, काठमाडौं क्षेत्र नं.१ बबरमहलले यस बैङ्कको आ. व. २०६५/६६ को कर परीक्षण गरी संशोधित कर निर्धारणको सूचना पठाई उक्त आ. व.मा रु. २,९६,५८,१४३/- मात्र नपुग आयकार वापत जम्मा गर्नु पर्ने जनाएको छ । सो निर्णय उपर चित्त नबुझी यस बैङ्कले २०६८/७/७ गते राजश्व न्यायाधिकरणमा पुनरावलोकनका लागि निवेदन दर्ता गराएको छ । नियमानुसार पुनरावलोकन समेत गर्न यस बैङ्कले आ. व. २०६७/६८ मा राजश्व खातामा रु. ९८,८६,०४८/- मात्र धरौटी राखी लेखाङ्कन गरिएको छ । विवादित कर रु. २,९६,५८,१४३/-लाई सम्भावित दायित्वमा देखाइएको छ ।



**श्री झलेन्द्र भट्टराई**
कम्पनी सचिव / का.मु. वरिष्ठ प्रबन्धक

# साना किसान विकास अभियान



साना किसान सहकारी संस्थाको व्यवस्थापन स्थानीय साना किसानहरुलाई हस्तान्तरणको क्रममा गोलबजार सिरहामा सम्बोधन गर्दै ने.रा.बै. का गभर्नर

## साना किसान विकास कार्यक्रमको प्रारम्भ

ग्रामीण गरिबको आर्थिक अवस्थामा अपेक्षित सुधार गरी ग्रामीण विपन्नता कम गर्दै देशको समग्र आर्थिक अवस्थामा सुधार ल्याउने लक्ष्य राखि सन् १९५० को दशकदेखि नै नेपालमा विभिन्न कृषि तथा ग्रामीण विकासका कार्यक्रमहरू सञ्चालन गरिए। सन् १९७० को मध्ये दशकसम्म सञ्चालीत त्यस्ता ग्रामीण विकासका कार्यक्रमबाट वास्तविक गरिबभन्दा शिक्षित, उच्च आर्थिक तथा सामाजिक अवस्था र समाजका प्रभुत्ववर्ग नै लाभान्वित हुन पुगे र परिणामत सम्पन्न र विपन्न विचको अन्तर झन फराकिलो हुँदै गएको महशुस गरी विपन्न वर्गलाई नै लक्षित गरी सरकारी स्तरबाट छुटै नीति तथा विकास कार्यक्रम तय हुनुपर्ने महशुस गरीयो। यसै परिप्रेक्षमा सरकार तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थाबीच भएको विचार गोष्ठीको फलस्वरूप सन् १९७५ मा नेपालमा साना किसान विकास कार्यक्रम सञ्चालनको थालनी भयो र यसलाई विस्तार गर्दै राष्ट्रिय कार्यक्रमको रूपमा समेत घोषण गरीयो। कृषि विकास बैङ्कबाट साना किसान विकास आयोजनाहरू खोली कार्यक्रम विस्तार गर्दै देशको ६५२ गाउँ विकास समितिका करिब २ लाख १० हजार साना किसान परिवारसम्म पुगी सङ्गठनात्मक विकासको माध्यमबाट सेवा प्रवाह गर्न अग्रसर रह्यो।

## साना किसान सहकारी संस्था

कार्यक्रमको विकाससँगै साना किसान विकास कार्यक्रमभित्र लक्षित वर्गको सशक्तिकरण र कार्यक्रममा उनीहरूकै नेतृत्वदायी भूमिका हुनुपर्ने आवश्यकता महशुस हुँदै गयो। कार्यक्रमको विस्तार खर्च (Cost of Expansion) न्यूनतम विन्दुमा राख्दै लागत दृष्टिकोणले समेत प्रभावकारी बनाउने एवं स्थानीय तहमा नेतृत्व विकास गरी कार्यक्रमलाई दिगो रूपमा सञ्चालन हुने उपायको खोजी गर्न आ. व. २०४२/४३ सालदेखि GTZ तथा कृषि विकास बैङ्कको संयुक्त प्रयासमा साना किसान विकास कार्यक्रमभित्र संस्थागत विकास कार्यक्रमको अवधारणा विकसित गराइयो। साना किसानहरूका समूहलाई वडास्तरीय अन्तरसमितिमा आबद्ध गराई गा.वि.स. स्तरको मूलसमिति गठन गर्ने र उक्त समितिलाई नै सक्षम तुल्याएर उनीहरूको आफ्नै सङ्गठनको माध्यमबाट नै स्थानीय आवश्यकता अनुसार कार्यक्रम सञ्चालन गर्ने पद्धतिको सुरुवात भयो।

आ. व. २०५०/५१ सम्म आईपुग्दा यस प्रकारको साना किसानहरूको मूल सङ्गठनलाई नै वैधानिकता दिन साना किसान सहकारी संस्था लि.को रूपमा सहकारी विभाग अन्तरगत विधिवत दर्ता गराई उक्त संस्थालाई सोही सङ्गठनबाट प्रतिनिधित्व गर्ने लक्षित वर्गको समूहबाट सञ्चालन गर्ने विधिको विकास भयो। संस्थाको सञ्चालन, व्यवस्थापन र स्वामित्व स्थानीय साना किसानहरूमा नै रहने गरी उनीहरूको पूर्ण सहभागितामा स्थानीय स्तरमा नै स्वायत्त सहकारी संस्थाको रूपमा स्थापित साना किसान सहकारी संस्था लि.हरू स्थापना गर्न सुरु गरियो।

साना किसान पद्धतिलाई प्रणालीगतरूपमा व्यवस्थित गर्न त्रितहात्मक सांगठानिक ढाँचाको विकास गरिएको छ। जसमा गाउँ टोल स्तरमा साना किसानहरूको समूह गठन हुने, एकै वडाका सबै समूहहरूको प्रतिनिधित्व रहने गरी वडास्तरमा अन्तरसमूह रहने र सबै अन्तरसमूहको प्रतिनिधित्व रहने गरी गा.वि.स. स्तरमा सञ्चालक समिति रहनेछन्। सदस्यहरूको योजना अन्तरसमूहमार्फत मूल समितिमा आउने र मूल समितिले गा.वि.स. स्तरका योजनाहरू स्वीकृत र कार्यान्वयन गर्ने पद्धति रहेको छ। समूहमा ५ देखि १५ साना किसान परिवार बाट एक एक जना सदस्य रहन सक्ने र एक वडामा रहेका समूह सङ्ख्याको आधारमा १ देखि ५ सम्म अन्तरसमूह गठन हुन सक्ने व्यवस्था रहेको पाइन्छ।

साना किसान विकास आयोजनाको सम्पूर्ण व्यवस्थापन तिनै सहकारी संस्थाहरूलाई हस्तान्तरण गर्दै जाने नीतिअनुरूप कृषि विकास बैङ्कद्वारा ग्रामीण गरिबी निवारणका लागि सञ्चालित साना किसान विकास कार्यक्रमको उप-आयोजनाहरूका कारोबारहरू हस्तान्तरण गर्ने कार्य आरम्भ भयो। आ. व. २०६३/६४ सम्ममा २१९ वटा (जसमध्ये १ अनुसरित संस्था समेत) साना किसान विकास आयोजनाहरूको व्यवस्थापन किसानहरूकै मान्यता प्राप्त साना किसान सहकारी संस्थामा हस्तान्तरण भैसकेका छन्। यी संस्थामध्ये २११ वटा साना किसान सहकारी संस्थाहरू हाल साना किसान विकास बैङ्कमा कारोबार हस्तान्तरण भई आई सकेका छन् भने बाँकी ८ संस्थाहरू कृषि विकास बैङ्कसँग नै कारोबार गरिरहेका छन्।




साना किसान कृषि सहकारी संस्था लि. ताराताल (बर्दिया) को सामुदायिक भवन

११ँ वार्षिक प्रतिवेदन २०६८/६९

# साना किसान विकास बैङ्क- एक चिनारी

संस्थागत विकास कार्यक्रमको माध्यमबाट साना किसान विकास आयोजनाहरू साना किसान सहकारी संस्थामा परिणत हुने क्रम निरन्तर जारी रहेको र यसको कार्य संजालले बृहत रूप लिदै गएको अवस्थामा साना किसान सहकारी संस्थाहरूलाई जाने वित्तीय तथा गैरवित्तीय सेवामा निरन्तरता दिई त्यस्ता संस्थाको अनुगमन तथा क्षमता अभिवृद्धि गर्दै सांगठनीक तवरले दिगो र वित्तीय हिसाबले सक्षम बनाउन कृषि विकास बैङ्कको कार्य संजालबाट संभव हुन नसक्ने देखिएकाले नयाँ बनेका संस्थाहरूलाई जाने सेवा छिटो छरितो र अनुगमन प्रकृया प्रभावकारी बनाउन राष्ट्रिय स्तरको एक छुट्टै लघुवित्त विकास बैङ्कको आवश्यकता महशुस भयो । (साना किसान विकास कायक्रमको मर्म र उद्देश्यलाई जीवन्त राख्न संस्थागत स्तरमा सिर्जित जोस जाँगर र उत्साह कायम गर्न र स्वामित्व प्राप्ति पछिको वित्तीय सेवाको मागलाई सहज परिपूर्ति गर्न पनि एक संरक्षक संस्थाको आवश्यकता देखियो ।) यिनै आवश्यकतालाई दृष्टिगत गर्दै कृषि विकास बैङ्कको अग्रसरतामा विभिन्न क्षेत्रमा रहेका साना किसान सहकारी संस्थाहरू, नेपाल सरकार तथा अन्य वाणिज्य बैङ्कहरू समेतको सेयर लगानीमा विक्रम संवत २०५८ असार २२ गते 'घ' वर्गको एक विशिष्ट लघुवित्त विकास बैङ्कको रूपमा साना किसान विकास बैङ्क लि. को स्थापना भएको हो । साना किसानहरूको आफ्नै स्वामीत्वमा स्वस्फूर्त र वित्तीय सक्षमता सहितका सशक्त विकास संजाल निर्माण गर्ने प्रकृयामा यो बैङ्क आफैंमा एक पहिचान र नमुना मानिएको छ । यस बैङ्कले सेयर पूँजी, संस्थागत वचत, वाणिज्य बैङ्कहरूबाट लिएको कर्जा, दातृसंस्था तथा नेपाल सरकारबाट प्राप्त श्रोतलाई परिचालन गरी साना किसान सहकारी संस्था तथा यस्तै प्रकृतिका अन्य संस्थाहरूको कर्जा मागलाई पूर्ति गर्दै आएको छ । यसका अतिरिक्त नेपाल सरकार र अन्य वैदेशिक सङ्घ संस्थासँग समन्वय गरी पशु विमा, सामाजिक तथा सामुदायिक, संस्थाको क्षमता अभिवृद्धि र सेवा पाउने साना किसानको सङ्ख्या वृद्धिका लागि अनुसरण कार्यक्रम सञ्चालन गर्दै आएको छ । आर्थिक वर्ष २०६८/६९ को अन्त्यसम्म २६७ साना किसान सहकारी संस्था र २४ वटा अन्य लघु वित्त संस्था गरी कुल २९१ संस्थाहरू यस बैङ्कको थोक कर्जा कारोबारमा संलग्न भएका छन् ।



### साना किसान विकास बैङ्कको उद्देश्य

थोक कर्जा लगानी गर्ने केन्द्रीय स्तरको लघुवित्त विकास बैङ्कको मान्यता अनुरूप यस बैङ्कको उद्देश्य निम्नानुसार रहेको छ-

(क) नेपालको ग्रामीण क्षेत्रका साना किसान सहकारी संस्थाहरू र गरिबी निवारणमा संलग्न समान प्रकृतिका अन्य लघुवित्त संस्थाहरूलाई थोक कर्जा र पटके कर्जा प्रदान गर्ने ।

(ख) नेपाल राष्ट्र बैङ्कको मार्गदर्शन अनुरूप सहकारी संस्था तथा लघुवित्त संस्थाहरूको कारोबारको अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण गर्ने र आवश्यक निर्देशन दिने ।

(ग) लघु व्यवसाय एवं ग्रामीण वित्त बजारको विकास, विस्तार, प्रवर्द्धन र सुदृढीकरण गर्ने तथा वित्तीय एवं प्राविधिक सहयोग उपलब्ध गराउने र आवश्यक तालिम उपलब्ध गराउन सहयोग पुऱ्याउने ।

(घ) संस्थाहरूको संस्थागत एवं मानव संसाधन विकास गर्न आवश्यक सहयोग गर्ने ।

(ङ) संस्थाहरू मार्फत ग्रामीण जनताको आम्दानी एवं रोजगारीका अवसरमा अभिवृद्धि गरी गरिबी निवारण सम्बन्धी कार्यमा सघाउ पुऱ्याउने ।

(च) मुलुकमा छरिएर रहेको पुँजीलाई एकिकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने ।

### साना किसान विकास बैङ्कका कार्यहरू

यस बैङ्कले हालसम्म निम्न क्रियाकलापलाई आफ्नो कार्यक्षेत्रको रूपमा लिएको छ-

(क) साना किसान सहकारी संस्था लगायत अन्य यस्तै प्रकृतिका लघुवित्त संस्थाहरूलाई छोटो र मध्यम अवधिको थोक कर्जा र पुनरकर्जा प्रदान गर्ने ।

(ख) नेपाल सरकार तथा दातृ सङ्घ/संस्थाहरूबाट प्राप्त स्रोत परिचालन गरी संस्थाहरूमार्फत सामाजिक तथा सामुदायिक कार्यक्रम सञ्चालनमा सहयोग पुऱ्याउने ।

(ग) आबद्ध संस्थाहरूको साङ्गठनिक तथा वित्तीय सक्षमता विकासका लागि आवश्यक वित्तीय सहयोग पुऱ्याउने ।

(घ) संस्थाहरूको सबलीकरणका लागि नियमित परामर्श सेवा तथा अन्य प्राविधिक सहयोग पुऱ्याउने ।

(ङ) आबद्ध संस्थाहरूको वित्तीय कारोबार लगायत समग्र क्रियाकलापको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गर्ने/गराउने ।

(च) विद्यमान साना किसान सहकारी संस्थाहरूलाई सेवा नपुगेका अन्य स्थानमा समान प्रकृतिका संस्थाहरू निर्माण गर्न अनुसरण (Replication) कार्यक्रम सञ्चालन गर्ने कार्यमा अभिप्रेरित, प्रोत्साहन र सहयोग गर्ने ।

(छ) संस्थाहरूको वित्तीय स्व-सक्षमता र दिगोपनालाई निरन्तर अभिवृद्धि गर्न आवश्यक रणनीति अवलम्वन गर्ने/गराउने ।

(झ) ग्रामीण विकास वित्तको सफल अवधारणा तथा प्रारूपलाई अरू संस्थामा समेत लागू गराउने ।

(ञ) नेपाल राष्ट्र बैङ्कबाट निर्धारित सर्तको अधिनमा निक्षेप सङ्कलन गरी बाहय स्रोतको निर्भरता कम गर्दै लैजाने ।

(ट) नेपाल राष्ट्र बैङ्कको मार्गदर्शनअनुरूप बैङ्कको वित्तीय सूचकाङ्क कायम गर्दै संस्थागत सुशासनमा रहने ।

### साना किसान सहकारी संस्थाको विशेषता

- ☑ लक्षित वर्ग केन्द्रित समूह अवधारणामा आधारित सामुदायिक संरचना ।
- ☑ समुदाय, जातजाती, लिंग र व्यक्तिलाई विभेद नगरी कार्यक्षेत्रका सबै विपन्नलाई समान सहभागिताको अवसर ।
- ☑ सञ्चालन, व्यवस्थापन र स्वामित्व साना किसानमा नै निहित ।
- ☑ गाउँ स्तरमा समूह, वडा स्तरमा अन्तर समूह र गाउँ विकास समिति स्तरमा मूल समितिको त्रीतहात्मक साङ्गठनिक संरचना ।
- ☑ संस्था सञ्चालनको शिरोभार खर्च अत्यन्त न्यून ।
- ☑ विभिन्न प्रकारका वित्तीयसेवा (बचत, ऋण, बिमा, विप्रेषण) जस्ता वित्तीय सेवाहरू एकै थलोबाट प्रदान ।
- ☑ सेवाका लागि पुरा गर्नुपर्ने प्रशासकीय सेवाहरू एक थलोबाट प्रदान ।
- ☑ व्यावसायिक योजना तर्जुमा र कार्यान्वयन ।
- ☑ सहकारीको सिद्धान्तअनुरूप निर्मित कृषि उद्देश्यमूलक संस्था ।
- ☑ अनुसरण कार्यक्रम (Replication) अर्न्तगत एक संस्थाले छिमेकी गाउँ विकास समितिमा उस्तै प्रकारको संस्था निर्माण र गरिबसम्म सेवा विस्तार ।
- ☑ विपन्न वर्गको जीवनस्तर सुधारका लागि समाजिक परिचालन र सामुदायिक विकासका कार्यक्रम सञ्चालन ।
- ☑ सीमित बैंकिङ्ग सेवा पनि प्रदान ।






## सङ्गठनात्मक संरचना

साधारण सभा बैङ्कको सर्वोच्च साङ्गठनिक निकाय हो। सञ्चालक समितिमा कार्यकारी अधिकार रहेको हुन्छ। बैङ्कको सञ्चालन व्यवस्थाका लागि सञ्चालक समिति अन्तरगत प्रमुख कार्यकारी अधिकृत रहने र त्यस अन्तरगत विभिन्न विभाग, फाँट तथा इलाका कार्यालयहरू रहने व्यवस्था छ। सञ्चालक समिति अन्तरगत लेखा परीक्षण समिति रहने तथा बैङ्का व्यवस्थापन तहका कर्मचारीले कम्पनी सचिवको समेत कार्य गर्ने व्यवस्था मिलाइएको छ। प्रत्येक इलाका कार्यालयहरूमा समेत विभिन्न फाँटहरू रहने र सोसम्बन्धी जिम्मेवार कर्मचारी तोक्ने व्यवस्था रहेको छ। बैङ्कको विद्यमान साङ्गठनिक ढाँचा माथि उल्लेख गरे बमोजिम रहेको छ।

## प्रगति सारांश

२०६९ असार मसान्तसम्ममा २६७ साना किसान सहकारी संस्था समेत बैङ्का ग्राहक संस्था सङ्ख्या २९१ पुगेको छ। यी संस्थाहरूमार्फत लगभग दुई लाख ५५ हजार गरिब तथा साना किसानहरूले लघुवित्त सेवा प्राप्त गरेका छन्। आ. व. २०६७/६८ को तुलनामा आ. व. २०६८/६९ मा लगानीमा रहेको कर्जा ४३ प्रतिशतले बृद्धि भई रु. दुई अर्ब ६७ करोड ६२ लाख पुगेको छ। भाखा नाघेको कर्जा १ प्रतिशतमा सीमित रहेको छ भने असुली दर ९८.६१ प्रतिशत रहेको छ। अघिल्लो वर्ष रु. २ करोड ९१ लाख खुद मुनाफा भएकोमा आ. व. २०६८/६९ मा ११८% प्रतिशतले बृद्धि भई रु. ६ करोड ३४ लाख पुगेको छ। बैङ्कको आ. व. २०६३।६४ देखि आ. व. २०६८/०६९ सम्मका केही सूचकहरूको तलका तालिकाहरूमा प्रस्तुत गरिएको छ।

## क. वित्तीय सेवा विस्तार

| विवरण | इकाई | २०६३/०६४ | २०६४/०६५ | २०६५/०६६ | २०६६/०६७ | २०६७/०६८ | २०६८/०६९ |
|---|---|---|---|---|---|---|---|
| अबबद्ध लघुवित्त संस्थाहरू | सङ्ख्या | २१९ | २२० | २२४ | २३४ | २५१ | २९१ |
| संस्थाका कुल ग्राहक | सङ्ख्या | १२९८५१ | १३९३६८ | १४५४१९ | १५९७६७ | १८९८७७ | २३०२२५ |
| बैङ्कको कुल सम्पत्ति | (रु. ०००) | १५३७४६० | १५८३९९५ | ११३७२९३ | १३१०४२० | २६९९७४० | ३९४८३१० |
| कुल कर्मचारी | सङ्ख्या | ४८ | ५० | ४९ | ४८ | ४७ | ४८ |

## ख. कर्जा सम्पत्तिको गुणस्तर

| विवरण | इकाई | २०६३/०६४ | २०६४/०६५ | २०६५/०६६ | २०६६/०६७ | २०६७/०६८ | २०६८/०६९ |
|---|---|---|---|---|---|---|---|
| भाखा नाघेको ऋण | % | ३.८६ | ६.०७ | ०.०० | ०.३७ | १.७० | १.०७ |
| ऋण असुली दर | % | ८५.२ | ८६.९ | ९९.९ | ९९.२ | ९७.५ | ९८.६१ |
| बाँकी व्याज/ ल.र.र | % | ५.८५ | ४.२१ | ०.२७ | ०.१३ | ०.०२ | ०.०६ |

## ग. दक्षता/सक्षमता

| विवरण | इकाई | २०६३/०६४ | २०६४/०६५ | २०६५/०६६ | २०६६/०६७ | २०६७/०६८ | २०६८/०६९ |
|---|---|---|---|---|---|---|---|
| प्रति कर्मचारी ल.र.र. | (रु. ०००) | २७६४७ | २८९०८ | १५३६१ | २३२५२ | ३९११४ | ५५७५३ |
| प्रति सदस्य औसत ऋण (संस्थाको लररको आधारमा) | (रु. ०००) | १६.४ | १७.४३ | १५.९८ | २१ | २६.२४ | २७.९८ |
| सञ्चालन स्वक्षमता | % | १०२ | १२६ | १२४ | १३२ | ११८ | १३९ |
| खुद नाफा | (रु. ०००) | ११२२ | ७१४७ | १५१६४ | १९०४० | २९०७० | ६३३९० |

## घ. वृद्धि

| विवरण | इकाई | २०६३/०६४ | २०६४/०६५ | २०६५/०६६ | २०६६/०६७ | २०६७/०६८ | २०६८/०६९ |
|---|---|---|---|---|---|---|---|
| कुल सम्पत्तिमा वृद्धि | % | ३३ | ३ | -२८ | १५ | १०६ | ४६ |
| कर्जा सम्पत्तिमा वृद्धि | % | ३८ | ९ | -४८ | ४८ | ६८ | ४३ |

## पुँजी संरचना

### २०६९ कार्तिक मसान्तसम्मको पुँजी संरचना एवं सञ्चालक समितिको बनावट

बैङ्कको अधिकृत पुँजी रु. २४ करोड, जारी पुँजी रु. २० करोड र चुक्ता पुँजी रु. १४ करोड रहेको छ। रु. ६ करोड बराबरीको ६० लाख कित्ता सेयर सर्वसाधारणमा निष्कासन गरे पछि बैङ्कको कुल चुक्ता एवं जारी पुँजी २० करोड पुग्ने छ।

सर्वसाधारणमा सेयर निष्कासन बाँकी रहेको अवस्थामा हाल चुक्ता पुँजी रु. १४ करोडमा कृषि विकास बैङ्कको चार करोड ४० लाख ५३ हजार (३१%), नेपाल बैङ्क लि.को रु. १ करोड २१ लाख ४२ हजार (९%), नबिल बैङ्क लि.को रु. ६० लाख ७१ हजार (४%) र २३१ वटा साना किसान सहकारी संस्थाहरूको रु. ७ करोड ७७ लाख ३४ हजार (५६%) रहेको छ। सर्वसाधारणमा रु. ६ करोड (३०%) बराबरीको सेयर निष्कासन भए पछि यो हिस्सामा परिवर्तन आएर प्रवर्धकको ७०% मा कृषि विकास बैङ्कको २२%, नेपाल बैङ्क लि.को ६%, नबिल बैङ्क लि. को ३% र २३१ वटा साना किसान सहकारी संस्थाहरूको ३९% कायम रहनेछ।

| समूह | हालसम्म कायम रहेको सेयर रकम | प्रतिशत | समूह (ख) सर्वसाधारणबाट थप हुने |
|---|---|---|---|
| **समूह (क) प्रवर्धक समूह (७०%)** | १४०००० | ७०% | - |
| क. १ कृषि विकास बैङ्क लि. | ४४०५३ | २२% | - |
| क. २.१ नेपाल बैङ्क लि. | १२१४२ | ६% | - |
| क. २.२ नबिल बैङ्क लि. | ६०७१ | ३% | - |
| क. ३ साना किसान सहकारी संस्थाहरू | ७७७३४ | ३९% | - |
| **समूह (ख) सर्वसाधारण सेयरधनी** | - | ३०% | ६०००० |

### हाल चुक्ता पुँजीको संरचना
(२०६९ कार्तिक मसान्त)








## सञ्चालक समितिको संरचना

नेपाल सरकारको तर्फबाट यस बैङ्कमा रहेको सम्पूर्ण सेयर बिक्री (Off Load) गरी बैङ्कको नवौं वार्षिक साधारण सभाबाट प्रबन्धपत्र र नियमावलीमा भएको संशोधन मिति २०६८/३/३१ मा कम्पनी रजिष्ट्रार कार्यालयबाट अभिलेख भई आए पश्चात उक्त संशोधित प्रबन्धपत्र र नियमावली अनुसार नेपाल सरकारको तर्फबाट यस बैङ्कको सञ्चालक समितिमा प्रतिनिधित्व नरहने भएको छ।

संशोधित व्यवस्था अनुसार प्रवर्धक समूहमध्येबाट जम्मा ५ जना, सर्वसाधारण समूहबाट २ जना र १ जना व्यावसायिक सञ्चालक गरी जम्मा ८ जनाको सञ्चालक समिति हुने व्यवस्था रहेको छ। प्रवर्धकमध्येबाट कृषि विकास बैङ्कबाट १, साना किसान सहकारी संस्थाहरूबाट ३ र नेपाल बैङ्क लि. एवं नबिल बैङ्क लि. बाट आलोपालो गरी १ जना सञ्चालक रहने व्यवस्था छ।

सर्वसाधारण सेयरधनीबाट २ जनाले प्रतिनिधित्व हुने व्यवस्था रहेकोमा सञ्चालक समितिको मिति २०६८/५/१३ को निर्णयानुसार सर्वसाधारण सेयर धनीको प्रतिनिधित्व नभएसम्म कृषि विकास बैङ्कको तर्फबाट भएको प्रतिनिधित्वलाई निरन्तरता दिने व्यवस्था भएकाले हाल उक्त बैङ्कबाट यस बैङ्कको सञ्चालक समितिमा २ जनाको प्रतिनिधित्व रहेको छ। एक जना व्यावसायिक सञ्चालक सहित हाल यस बैङ्कको सञ्चालक समितिमा ७ जनाको प्रतिनिधित्व रहेको छ।

## संस्थागत सुशासन

साधारण सभा: बैङ्कको सर्वोच्च अंग साधारण सभा हो। यस बैङ्कले स्थापनादेखि हालसम्म नियमित रूपमा वार्षिक साधारण सभा गर्दै आएको छ। साधारण सभामा सबै सेयर सदस्यहरूको प्रतिनिधित्व हुन सक्ने गरी समयमा सूचना प्रवाह गर्ने, बैङ्कको वार्षिक गतिविधि र योजनाको सम्बन्धमा छलफल गर्ने एवं महत्वपूर्ण निर्णयहरू गर्ने कुरामा वार्षिक साधारण सभा ज्यादै प्रभावकारी रही आएको छ।

सञ्चालक समिति: सेयर सदस्यहरूबाट मनोनित र निर्वाचित प्रतिनिधिहरूबाट यस बैङ्कको सञ्चालक समिति गठन हुने व्यवस्था रहेको छ। सञ्चालक समितिको बैठक नियमित रूपमा बसी बैङ्कको कार्यप्रगतिको समिक्षा गर्ने, प्रचलित कानूनहरू, बैङ्कको प्रबन्धपत्र र नियमावली, नेपाल राष्ट्र बैङ्का निर्देशनहरू, समसामयिक आर्थिक/सामाजिक अवस्था, बजार र प्रतिस्पर्धिहरू समेतलाई ध्यानमा राखी आवश्यक नीतिगत व्यवस्थाहरू गर्ने कार्यमा सञ्चालक समिति प्रतिबद्ध रहेको छ।

लेखा परीक्षण समिति: सञ्चालक श्री धर्मराज



सञ्चालक समितिको बैठकको एक दृश्य

आत्रेयको संयोजकत्वमा सञ्चालक श्री सागर चन्द्र जोशी सहितको ३ सदस्यीय लेखा परीक्षण समितिले बैङ्कको लेखा वित्तीय पक्षहरूको अध्ययन गर्ने, आन्तरिक लेखा परीक्षणको व्यवस्था मिलाउने, आन्तरिक लेखा परीक्षणका कैफियतहरू सुधार गर्न लगाउने र सोको अनुगमन गर्ने, अन्तिम लेखा परीक्षणको व्यवस्था गर्ने, सञ्चालक समितिलाई आवश्यक सुझावहरू दिने कार्य गर्दछ।

आन्तरिक लेखा परीक्षण तथा निरीक्षण एकाइ: बैङ्कमा लेखा परीक्षण समितिको निर्देशनमा रहने गरी आन्तरिक लेखा परीक्षण तथा निरीक्षण एकाई रहेको छ। यस एकाईले मातहतका सबै कार्यलयहरूको नियमित रूपमा आन्तरिक लेखा परीक्षण गर्दछ भने कर्जा कारोबार गर्ने ग्राहक संस्थाहरूको स्याम्प्लिङ्ग गरी निरीक्षण र अनुगमन कार्यलाई सञ्चालन गर्दछ।

अन्तिम लेखा परीक्षण: बैङ्कले प्रत्येक आर्थिक वर्षको चार्टड एकाउण्टेट्सबाट स्वन्त्ररूपमा अन्तिम लेखा



परीक्षण गराउने गर्दछ । आ. व. २०६८/६९ को लेखा परीक्षण (श्री महेश खनाल, एम. खनाल एण्ड कम्पनी, चार्टड एकाउण्टेण्टस्‌बाट सम्पन्न भई प्रतिवेदन समेत यसैसाथ संलग्न राखिएको छ ।

कर्मचारी व्यवस्थापन तथा सेवा सुविधा उपसमितिः सञ्चालक डा. शिवरामप्रसाद कोइरालाको संयोजकत्वमा सञ्चालक श्री चाँदनी ढकाल सहितको ३ सदस्यीय कर्मचारी व्यवस्थापन तथा सेवा सुविधा उपसमितिले कर्मचारीहरूको सेवा सुविधा तथा व्यवस्थापनसम्बन्धी कार्यहरूमा सञ्चालक समितिलाई आवश्यक सहयोग र सुझाव प्रदान गर्दै आएको छ ।

प्रमुख कार्यकारी अधिकृतः बैङ्कको दैनिक कार्यसञ्चालन, योजना तर्जुमा, स्रोत व्यवस्थापन, आन्तरिक नियन्त्रण, समन्वय र सम्बन्ध विकास जस्ता यावत कार्यहरू प्रमुख कार्यकारी अधिकृतबाट हुने व्यवस्था गरिएको छ। प्रमुख कार्यकारी अधिकृत अन्तरगत विभिन्न विभाग, एकाई र इलाका कार्यलहरूले बैङ्कको व्यावसायिक गतिविधि सञ्चालन गर्दछन् । प्रमुख कार्यकारी अधिकृतको लघुवित्त र व्यवस्थापकीय क्षेत्रमा लामो अनुभव, व्यावसायिक दक्षता, अन्तरवैयक्ति क्षमता, दूरदृष्टी र कुशल व्यवस्थापनले बैङ्कको प्रगतिमा महत्वपूर्ण भूमिका खेलेको छ ।

कर्मचारी कार्य विवरण (Job Description): कर्मचारीहरूमा स्पष्ट कार्यविभाजन, कार्यसम्पादन मूल्याङ्कन पद्धति, अधिकार र जिम्मेवारी प्रदान, उचित सेवा सुविधा आदि कारणले गर्दा उच्च मनोवलका साथ काम गर्ने बातावरण कायम रहेको छ ।

आन्तरिक नियन्त्रण प्रणालीः बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन २०६३, कम्पनी ऐन २०६३, तथा प्रचलित कानूनहरू र नेपाल राष्ट्र बैङ्कले विभिन्न समयमा जारी गर्ने निर्देशन एवं परिपत्रहरूको अधिनमा रही बैङ्कले आफ्ना व्यावसायिक कारोबारहरू सञ्चालन गर्दछ । साधारण सभाको निर्देशन एवं सञ्चालक समितिका निर्णयहरूबाट बैङ्कका क्रियाकलापहरू निर्देशित हुने गर्दछन् । बैङ्कको प्रबन्ध पत्र, नियमावली, लेखा दिग्दर्शन २०५९, कर्जा नीति २०६२, लघुवित्त संस्थाहरूमा थोक कर्जा कार्यान्वयन कार्यविधि २०६६, पशुपालन कर्जा कार्यक्रम तथा कारोबार सञ्चालन कार्यपद्धति २०६७, स्वरोजगार कर्जा कारोबार सञ्चालन कार्यविधि २०६८, कर्मचारी सेवा विनियमावली २०६२, आर्थिक प्रशासन विनियमावली २०६२, इन्वार्ड विप्रेषण नीति तथा कार्यविधि २०६३, कर्जा अपलेखन विनियमावली २०६२, लिलामी सम्बन्धी कार्यविधि २०६८, कर्मचारी कल्याणकारी कोष तथा बिमा कार्यान्वयन कार्यविधि २०६८, साना किसान सहकारी अनुसरण कार्यक्रम कार्यान्वयन कार्यविधि २०६७ तथा यस्तै अन्य नीति तथा कार्यविधिका अधिनमा रही बैङ्कका कार्यहरू सञ्चालन हुने गर्दछन् । बैङ्कका गैर कार्यकारी सञ्चालकको संयोजकत्वमा एक लेखा परीक्षण समिति रहेको छ । त्यस्तै आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्त राख्न यस बैङ्कले तोकिएको मापदण्ड अनुसार लेखा राख्ने, नेपाल राष्ट्र बैङ्कको निर्देशनको पालना गर्ने/गराउने तथा वित्तीय कारोबारलाई नियमित एवं व्यवस्थित गर्ने प्रयास गर्नुका साथै चालु आ. व. देखि आन्तरिक नियन्त्रण नीति, २०६९ तर्जुमा गरी लागु गर्नेछ ।

सञ्चालकको प्रतिबद्धताः बैङ्कमा संस्थागत सुशासन (Corporate Governance) को स्तरलाई अत्यन्त उच्च कायम राख्ने कुरामा हामी प्रतिबद्ध छौं । सञ्चालक समितिका कामकारबाहीहरू तथा बैङ्कका अन्य सबै क्रियाकलापहरूलाई पारदर्शीरूपमा सञ्चालन गरी संस्थागत सुशासनको विकास गर्न बैङ्क सदा क्रियाशील रहेको छ । नेपाल राष्ट्र बैङ्क एवं अन्य सम्बन्धित निकायहरूबाट समय-समयमा जारी भएका नीति एवं निर्देशनलाई बैङ्कले पूर्ण रूपमा लागु गर्दै आएको छ र आगामी दिनहरूमा पनि अझ गम्भिरताका साथ लागु गरिनेछ । बैङ्क तथा वित्तीय संस्था र लघुवित्त संस्थाका असल अभ्यासहरूको अनुसरण गरी बैङ्कको व्यावसायिक क्षमता र छवि उच्च राख्न सम्भाव्य उपायहरू अवलम्बन गर्न हामी कटिबद्ध रहेका छौं ।





## बैङ्कका कार्यालयहरू

यस बैङ्कको काठमाडौंमा एक केन्द्रीय कार्यालय र विभिन्न भौगोलिक क्षेत्र समेटिने गरी आठवटा इलाका कार्यालयहरू रहेका छन् । संस्थाहरूलाई सहज रूपमा वित्तीय र प्राविधिक सेवा उपलब्ध गराउन अञ्चल अनुसार मेचीका लागि बिर्तामोड (झापा), कोशीका लागि इटहरी (सुनसरी), सगरमाथा र जनकपुरका लागि जनकपुर (धनुषा), नारायणीका लागि हेटौडा (मकवानपुर), बाग्मतीका लागि गजुरी (धादिङ), लुम्बिनीका लागि बुटवल (रूपन्देही), गण्डकी र धौलागिरीका लागि पोखरा (कास्की) र राप्ती, भेरी, सेती र महाकालीका लागि नेपालगञ्ज (बाँके) मा इलाका कार्यालयहरू स्थापना भएका छन् । इलाका कार्यालयहरूले आफ्नो कार्यक्षेत्र अन्तरगतका साना किसान सहकारी संस्था लगायत अन्य सहकारी एवं लघुवित्त संस्थाहरूलाई थोक कर्जा एवं प्राविधिक सहयोग प्रदान गर्दै आएका छन् । प्रत्येक इलाका कार्यालयमा स्पष्ट अधिकार प्रत्यायोजन सहित इलाका प्रबन्धक सहितको कर्मचारी समूहको व्यवस्था गरिएको छ । बैङ्कसँग कारोबार गर्न चहाने संस्थाहरूले आवश्यक सम्पूर्ण सेवाहरू सम्बन्धित इलाका कार्यलयबाट नै पाउने व्यवस्था रहेको छ । काठमाडौं नजिकका क्षेत्रहरूको सहजताका लागि केन्द्रीय कार्यालयमा समेत एक सेवा एकाई खोली इलाका कार्यालय सरहको सुविधा प्रदान गर्ने व्यवस्था मिलाइएको छ । केन्द्रीय कार्यालयले विशेषता सम्पूर्ण इलाका कार्यालयहरूलाई सहजीकरण गर्ने, राष्ट्रिय/अन्तर्राष्ट्रिय निकायहरूसँग समन्वय गर्ने, कोष व्यवस्थापन गर्ने र नीतिगत व्यवस्थापनका कार्यहरू गर्ने गर्दछ ।



## साना किसान सहकारी संस्था एवं अन्य लघुवित्त संस्थाहरूको कारोबारको विवरण

बैङ्कले ३ वटा हिमाली, २० वटा पहाडी र २० वटा तराईका गरी ४३ जिल्लामा सेवा विस्तार गरेको छ । आ. व. २०६७/६८ मा यस बैङ्कमा आबद्ध संस्था सङ्ख्या २५१ रहेकोमा आ. व. २०६८/६९ को अन्त्यमा ४० वटा नयाँ संस्थाहरू बैङ्कसँग आबद्ध भई कुल संस्था सङ्ख्या २९१ पुगेको छ। विपन्न तथा साना किसानलाई स्थानीय स्तरमा नै लघुवित्त सेवा पुऱ्याउने कार्यमा संलग्न साना किसान सहकारी संस्थाहरूबाट आर्थिक कार्यक्रम अर्न्तगत आफ्ना कृषकको आय वृद्धि गर्न विभिन्न कार्यका लागि कर्जा सेवा प्रदान हुँदै आएको छ । यस बाहेक संस्थाको आन्तरिक स्रोत बृद्धिका लागि सदस्य कृषकबाट विभिन्न किसिमका वचत सङ्कलन, पशुविमा कार्यक्रम सञ्चालन र संस्थाको सेयर खरिदमा साना किसानलाई उत्प्रेरित गर्ने कार्य समेत गर्दै आएका छन् । यस बैङ्कसँग कारोबारमा रहेका संस्थाहरूको विगत पाँच आर्थिक वर्षका केही सूचकहरू तलको तालिकामा प्रस्तुत गरिएको छ ।

### बैङ्कसँग आबद्ध संस्थाहरूका केही सूचकहरू

| विवरण | इकाई | २०६४/०६५ | २०६५/०६६ | २०६६/०६७ | २०६७/०६८ | २०६८/०६९ |
|---|---|---|---|---|---|---|
| संस्था सङ्ख्या | सङ्ख्या | २२० | २२४ | २३४ | २५१ | २९१ |
| महिला संस्था सङ्ख्या | सङ्ख्या | २२ | २२ | २६ | ४२ | ७३ |
| समूह सङ्ख्या | सङ्ख्या | २२३४६ | २३३१३ | २४४१२ | २८४२३ | ३२३५९ |
| सदस्य सङ्ख्या | सङ्ख्या | १३९३६८ | १४५९६२ | १५९७६७ | १८९८७७ | २३०२२५ |
| महिला सदस्य | % | ५२% | ५६% | ५९% | ६३% | ६६% |
| वचत | (रु. ०००) | २४४२३३ | ३०६०५२ | ५३०४९९ | ८२७१७३ | ९८७१६७ |
| सेयर पुँजी | (रु. ०००) | ८६७९६ | १३२०६० | २६०९३० | ४५२९६४ | ६२४६१३ |
| कुल आन्तरिक पुँजी | (रु. ०००) | ९१६१८३ | १२८१६१४ | १९०२१०९ | २९९२८७३ | ३९४९९१३ |
| लगानीमा रहि रहेको | (रु. ०००) | २४२९१७० | २३३२८५९ | ३३५५१४४ | ४९८१६२४ | ६५६८६८९ |

११ वार्षिक प्रतिवेदन २०६८/६९

## २०६९ साल कार्तिकसम्मको अवस्था

बैङ्मा आबद्ध भएका पूर्वाञ्चल विकास क्षेत्रका ३ पहाडी जिल्लाका ९ संस्थामार्फत ४ हजार र तराईका ५ जिल्लाका ६३ संस्थामार्फत ४६ हजार परिवारलाई लघुवित्त सेवाको पहुँचमा जोडिएको छ। मध्यमाञ्चल विकास क्षेत्रका ३ हिमाली जिल्लाका १४ संस्थामार्फत २४ हजार, ५ पहाडी जिल्लाका ४४ संस्थामार्फत ३० हजार परिवार र तराईका ७ जिल्लाका ६० संस्थामार्फत ५० हजारभन्दा बढी परिवारलाई लघुवित्त सेवा पुऱ्याइएको छ। पश्चिमाञ्चल विकास क्षेत्रका ११ पहाडी जिल्लाका ३७ संस्थामार्फत २९ हजार र तराईका ३ जिल्लाका ३३ संस्थामार्फत ३२ हजार परिवार लाभान्वित भएका छन् भने मध्य पश्चिमाञ्चल विकास क्षेत्रका ४ पहाडी जिल्लाका १३ संस्थामार्फत ८ हजार र तराईका ३ जिल्लाका ३३ संस्थामार्फत २० हजार परिवार यस कार्यक्रममा आबद्ध भएका छन्। सुदूर पश्चिमाञ्चाल विकास क्षेत्रका पहाडी जिल्लामा बैङ्ले सेवा विस्तार कार्यक्रम सुरु गरिसकेको छ। हाल उक्त क्षेत्रका २ तराई जिल्लामा रहेका १२ वटा साना किसान सहकारी संस्थामार्फत ११ हजार साना किसान परिवारहरू यो लघुवित्त सेवामा आबद्ध भएका छन्।

### क्षेत्रीयरूपमा लघुवित्त सेवा विस्तारको अवस्था

| विकास क्षेत्र | भौगोलिक क्षेत्र | जिल्ला सङ्ख्या | संस्था सङ्ख्या | सदस्य |
|---|---|---|---|---|
| पूर्वाञ्चल | पहाड | ३ | ९ | ३९३९ |
| | तराई | ५ | ६३ | ४५७१८ |
| मध्यमाञ्चल | हिमाल | ३ | १४ | २४२९९ |
| | पहाड | ५ | ४४ | ३०१५८ |
| | तराई | ७ | ६० | ५०४१३ |
| पश्चिमाञ्चल | पहाड | ११ | ३७ | २९१४३ |
| | तराई | ३ | ३३ | ३१९१० |
| मध्य पश्चिमाञ्चल | पहाड | ४ | १३ | ८३६९ |
| | तराई | ३ | ३३ | २०२७२ |
| सुदूर पश्चिमाञ्चल | तराई | २ | १२ | १०९८३ |
| जम्मा | हिमाल | ३ | १४ | २४२९९ |
| | पहाड | २३ | १०३ | ७१६०९ |
| | तराई | २० | २०१ | १५९२९६ |
| कुल | | ४६ | ३१८ | २५५२०४ |



अनुसरित साना किसान सहकारी संस्थाहरु क्रमशः हकुइ र शुक्रौलको व्यवस्थापन हस्तान्तरण कार्यक्रम

मध्यमाञ्चालमा सबैभन्दा बढी संस्थाहरू रहेका छन् भने सुदूर पश्चिमाञ्चलमा सबैभन्दा कम संस्थाहरू बैङ्सँग आबद्ध छन्। सुदूर पश्चिमाञ्चलमा महिला सहभागिता सबैभन्दा उच्च (७६%) रहेको छ भने पूर्वाञ्चलमा सबैभन्दा कम (६१%) मात्र रहेको छ। कुल लररको ४१% हिस्सा मध्यमाञ्चलका ११८ वटा संस्थाहरूमा रहेको छ भने सबैभन्दा कम ४% हिस्सा सुदूर पश्चिमका १२ वटा संस्थाहरूमा रहेको छ। प्रतिसदस्य औसत लरर पश्चिमाञ्चलमा सबै भन्दा बढी रु. ३३.४८ हजार रहेको छ भने सबैभन्दा कम सुदूर पश्चिमाञ्चलमा रु. २२.९३ हजार मात्र रहेको छ। सबैभन्दा बढी आन्तरिक स्रोत निर्माण गर्न पूर्वाञ्चलका संस्थाहरू सक्षम भएका छन्। यहाँ कुल लररको ७१% हिस्सा आन्तरिक वित्तीय स्रोतबाट पुरा भएको देखिएको छ भने सबैभन्दा कम सुदूर पश्चिममा कुल लररको ५०% मात्र आन्तरिक स्रोत निर्माण भएको देखिन्छ।

### विकासक्षेत्र अनुसार आबद्ध संस्थाहरूको अवस्था

| विकासक्षेत्र | जिल्ला सङ्ख्या | संस्था सङ्ख्या | सदस्य सङ्ख्या | महिला सदस्य | महिला प्रतिशत | कुल ल.र.र | आन्तरिक स्रोत | लररमा आ.स्रोको हिस्सा |
|---|---|---|---|---|---|---|---|---|
| पूर्वाञ्चल | ८ | ७२ | ४९६५७ | ३०५२२ | ६१% | १२५७२२३ | ८९४८२५ | ७१% |
| मध्यमाञ्चल | १५ | ११८ | १०४८७० | ६६३६८ | ६३% | २९२५२४२ | १९५४६६० | ६७% |
| पश्चिमाञ्चल | १४ | ७० | ६१०५३ | ४१२८५ | ६८% | २०४३९८८ | १०९३२९३ | ५३% |
| मध्यपश्चिमाञ्चल | ७ | ४६ | २८६४१ | २०७५६ | ७२% | ६६२९०९ | ४०७७४५ | ६२% |
| सुदूरपश्चिमाञ्चल | २ | १२ | १०९८३ | ८३५९ | ७६% | २५१८७८ | १२५६८९ | ५०% |
| जम्मा | ४६ | ३१८ | २५५२०४ | १६७२९० | ६६% | ७१४१२४० | ४४७६२१२ | ६३% |

तराईमा सबैभन्दा बढी २०१ वटा संस्थाहरू रहेका छन् भने हिमालमा १४ वटा मात्र संस्था रहेका छन्। महिला सहभागिता पहाड र तराईमा बराबरी नै रहेको छ भने हिमालमा ५१% मात्र रहेको छ। कुल लरर को ७२% हिस्सा तराईमा रहेको देखिन्छ भने तराईका ऋणी किसानहरूको प्रति व्यक्ति औसत लरर समेत उच्च (रु. ३२ हजार) रहेको छ। त्यसै गरी हिमाली जिल्लाका संस्थाहरूमा सबैभन्दा कम (५%) लरर रहेको छ भने प्रति व्यक्ति औसत लरर (रु. १६ हजार) मात्र रहेको देखिन्छ। हिमाली जिल्लाहरूमा कर्जा लगानीको प्रसस्त अवसरहरू खुल्न नसकेकोले निर्माण भएको पुँजी समेत लगानी नभएको अवस्था रहेको छ।

### भौगोलिक क्षेत्र अनुसार आबद्ध संस्थाहरूको अवस्था

| भौगोलिक क्षेत्र | जिल्ला सङ्ख्या | संस्था सङ्ख्या | सदस्य सङ्ख्या | महिलासदस्य प्रतिशत | कुल ल.र.र | औसत प्रतिसदस्य लरर | कुल लरर मा हिस्सा | आन्तरिक स्रोत | लररमा आ.स्रो. को हिस्सा |
|---|---|---|---|---|---|---|---|---|---|
| हिमाल | ३ | १४ | २४२९९ | ५१% | ३७८५०३ | १५.५८ | ५.३% | ५५०५५६ | १४५% |
| पहाड | २३ | १०३ | ७१६०९ | ६८% | १६५७८४७ | २३.१५ | २३.२% | ९८१९३२ | ५९% |
| तराई | २० | २०१ | १५९२९६ | ६७% | ५१०४८९० | ३२.०५ | ७१.५% | २९४३७२४ | ५८% |
| जम्मा | ४६ | ३१८ | २५५२०४ | ६६% | ७१४१२४० | २७.९८ | १००% | ४४७६२१२ | ६३% |



साना किसान कार्यक्रममा सम्बोधन गर्दै अर्थ मन्त्रालयका सहसचिव श्री लोकदर्शन रेग्मी



साना किसान कृषि सहकारी संस्था लि. गेटा कैलालीका सदस्य सृजना पाठकको माछा पालन अवलोकन गर्दै अर्थ मन्त्रालयका सहसचिव श्री बैकुण्ठ अर्याल

## आबद्ध संस्थाहरूको वित्तीय तथा अन्य केही महत्वपूर्ण सूचकहरू

यस अवधिमा सबैभन्दा उल्लेखनीय कुरा साना किसान सहकारी संस्थाहरू वित्तीय रूपमा आत्मनिर्भर र स्वसक्षम हुँदै गएका छन्। आ. व. २०५९/६० मा संस्थाले कुल लगानीमा रहेको कर्जामा २३% अंश मात्र रहेको आन्तरिक पुँजी आ. व. २०६८/६९ मा आईपुग्दा ६३% पुऱ्याएका छन् । त्यसै गरी प्रायः सबै संस्थाहरू सञ्चालन मुनाफामा रहेका छन्। संस्थाहरूले व्यावसायिक योजना र वार्षिक बजेट तथा कार्यक्रमका आधारमा सञ्चालन गर्ने व्यवस्थित बाटो अपनाएका छन् । यसले साना किसान सहकारी संस्थाको दिगो विकास हुने विश्वास लिइएको छ ।

### संस्थाहरूको आन्तरिक पुँजीको अवस्था (रु. लाखमा)




## आबद्ध महिला संस्थाहरूको अवस्था

आ. व. २०५९/६० मा ४१% मात्र महिला सदस्य रहेकोमा आ. व. २०६८/६९ मा महिला सहभागिता ६६% पुगेको छ। हाल २०६९ कार्तिक मसान्तसम्म महिलाहरूबाट सञ्चालित ७३ वटा संस्थामा लगभग ५० हजार सदस्य आबद्ध भई रु. ९४ करोड १३ लाखभन्दा बढी कर्जा परिचालन गरेका छन् ।

महिला संस्थाहरूले रु. ५३ करोड ६८ लाख आन्तरिक पुंजी निर्माण गरी कुल परिचालित पुँजीको ५७% हिस्सा स्थानीय रूपमा नै पुरा गरेका छन् ।

| विकास क्षेत्र | भौगोलिक क्षेत्र | संस्था सङ्ख्या | सदस्य सङ्ख्या | कुल ल.र.र रु. हजारमा | आन्तरिक स्रोत रु. हजारमा |
|---|---|---|---|---|---|
| पूर्वाञ्चल | पहाड | ३ | १७९४ | ७२३४ | ६७२६ |
| | तराई | १२ | ७४९३ | १३३३७१ | ७८४०५ |
| मध्यमाञ्चल | पहाड | १३ | ९३६७ | १३११७८ | ६०३२२ |
| | तराई | ८ | ७३०० | २०६६४४ | १०३०१५ |
| पश्चिमाञ्चल | पहाड | ३ | २४०८ | ४४१५१ | २८५१९ |
| | तराई | १० | ७००४ | २२०६३३ | १३३६७८ |
| मध्य पश्चिमाञ्चल | पहाड | ६ | ३५१८ | ५६२६३ | ४७१२१ |
| | तराई | १२ | ६१६६ | ५८६५४ | ३७३५७ |
| सुदूर पश्चिमाञ्चल | तराई | ६ | ४७२१ | ८३१३६ | ४१६३७ |
| महिला संस्थाहरूको जम्मा | पहाड | २५ | १७०८७ | २३८८२६ | १४२६८८ |
| | तराई | ४८ | ३२६८४ | ७०२४३८ | ३९४०९२ |
| | जम्मा | ७३ | ४९७७१ | ९४१२६४ | ५३६७८० |



# साना किसान विकास बैङ्क लि. इलाका कार्यालय परिवार


इलाका कार्यालय बिर्तामोड


इलाका कार्यालय इटहरी


इलाका कार्यालय जनकपुर


इलाका कार्यालय हेटौडा


इलाका कार्यालय गजुरी


इलाका कार्यालय पोखरा


इलाका कार्यालय बुटवल


इलाका कार्यालय नेपालगञ्ज

# कर्जा कार्यक्रम

## लघुवित्तका लागि थोक कर्जा कारोबार

### परिचय

ग्रामीण क्षेत्रका विपन्न तथा साना किसानहरूको सहभागितामा सञ्चालित एवं उनीहरूलाई नै लघुवित्त सेवा पुऱ्याउने उद्देश्यका साथ स्थापित सहकारी संस्थाहरूलाई यस बैङ्कले लघुवित्तका लागि थोक कर्जा उपलब्ध गराउँछ। बैङ्कले तोकेका सर्त र मापदण्ड पुरा गरेका ग्रामीण सहकारी संस्थाहरूले लघुवित्तका लागि थोक कर्जा प्राप्त गर्न यस बैङ्का सम्बन्धित कार्यालयहरूमा आवेदन गर्न सक्नेछन्। बैङ्कले हाल मासुजन्य पशुपालन कर्जा, स्वरोजगार कर्जा र अन्य लघु कर्जाका लागि अलग अलग सर्तमा थोक कर्जा प्रवाह गर्दै आएको छ। २०६९ मङ्सिर मसान्तसम्ममा यस बैङ्मा ३१८ संस्थाहरू आबद्ध भई कर्जा कारोबार गरिरहेका छन्। यी संस्थाहरूमा बैङ्कले कर्जा प्रवाहका अतिरिक्त संस्थागत क्षमता विकास गर्ने, संस्थागत परीक्षण गर्ने, संस्थाको आवश्यकता पहिचान गर्ने तथा अनुगमन र निरीक्षण गर्ने कार्य समेत गर्दै आएको छ।

बैङ्क स्थापनादेखि २०६९ मङ्सिर मसान्तसम्ममा बैङ्कले रु. ११ अर्ब ५१ करोड ९३ लाख कर्जा लगानी गरी रु. ८ अर्ब ५७ करोड २९ लाख साँवा असुली गरेको छ। यसरी नै रु. १ अर्ब ३४ करोड २१ लाख ब्याज असुली गरेको छ भने यस अवधिमा बैङ्कको लगानीमा रहिरहेको रकम रु. २ अर्ब ९४ करोड ६४ लाख हुनुका साथै असुली दर ९७.३३ प्रतिशत पुगेको छ।

गत आ. व.को तुलनामा ग्राहक सदस्य सङ्ख्यामा १६ प्रतिशतले बृद्धि भई आ.व २०६८/०६९ मा बैङ्कको ग्राहक सदस्य सङ्ख्या २९१ पुगेको छ। यसै अवधिमा रु. २ अर्ब ६७ करोड ३७ लाख ७३ हजार कर्जा लगानी गरी गत आ. व. को तुलनामा ३० प्रतिशतले बृद्धि गरेको छ भने सोही अवधिमा रु. १ अर्ब ८७ करोड ५० लाख ९२ हजार साँवा असुली गरी गत आ.व.को तुलनामा ४१ प्रतिशतले बृद्धि गर्न सफल भएको छ। आ.व २०६७/०६८ को असार मसान्तमा रु. १ अर्ब ८७ करोड ७४ लाख ७० हजार रहेको मा आ. व. २०६८/०६९ को असार मसान्तमा ३० प्रतिशतले बृद्धि भई रु. २ अर्ब ६७ करोड ६१ लाख ५२ हजार लगानीमा रहेको छ। गत आ. व. को तुलनामा ४० प्रतिशतले ब्याज असुलीमा बृद्धि भई रु. २६ करोड २५ लाख ७४ हजार पुगेको छ। यसै गरी गत आ. व. को तुलनामा असुली दरमा १.१ प्रतिशतले बृद्धि हुन गएको छ। बैङ्कले लघु कर्जाको गुणस्तरलाई कायम राख्नका लागि नियमित रूपमा समीक्षा, अनुगमन/निरीक्षण कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिएको छ।

**प्रारम्भदेखि हालसम्मको कर्जा प्रगति**








## मासु उत्पादनका लागि पशुपालन कर्जा कार्यक्रम



### पृष्ठभूमि

यस बैङ्कको आयोजनामा २०६६ फागुन १६ देखि २० गतेसम्म तत्कालीन राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. युवराज खतिवडा, अर्थ मन्त्रालयका वरिष्ठ आर्थिक सल्लाहकार श्री केशव आचार्य, अर्थसचिव श्री रामेश्वर खनाल, कृषिसचिव श्री ब्रजकिशोरप्रसाद साह, कृषि विकास बैङ्क तथा साना किसान विकास बैङ्क लि. का प्रमुख कार्यकारी अधिकृत लगायत सहकारी विभाग र नेपाल कृषि सहकारी केन्द्रीय सङ्घका प्रतिनिधिहरूको सहभागिता एक उच्चस्तरीय टोलीले बारा, मकवानपुर, चितवन र धादिङ जिल्लाका साना किसान सहकारी संस्थाहरूको स्थलगत अवलोकन सम्पन्न गऱ्यो। यस स्थलगत अध्ययन भ्रमणमा ग्रामीण किसानहरूबाट सञ्चालित ६ वटा सहकारी संस्थामा आबद्ध साना किसानहरूसँग भएका छलफल र अन्तरक्रियाबाट साना किसानहरूको आर्थिक समृद्धि र सामाजिक विकासका लागि कर्जा र बजारको व्यवस्था गरी मुख्य दुईवटा क्रियाकलाप तत्काल अघि बढाउन पर्ने आवश्यकतालाई उजागर गरेको थियो। नेपाल सरकारको आर्थिक वर्ष २०६७/०६८ वार्षिक कार्यक्रम तथा बजेटबाट पशुपालन कार्यक्रम अभियानकै रूपमा सञ्चालन गर्न साना किसान विकास बैङ्क र साना किसान सहकारी मार्फत पशुपालक कृषकहरूलाई सहुलियत ब्याजदरमा कर्जा उपलब्ध गराउन रु. १ अर्ब विनियोजन भयो।

नेपाल सरकार मन्त्री परिषदबाट २०६७ माघ ३ गते "पशुपालन कर्जासम्बन्धी कार्यविधि, २०६७" स्वीकृत गरी कार्यान्वयनमा ल्याए बमोजिम बैङ्क र साना किसान कृषि सहकारी संस्थाहरूले सोहीअनुरूप हुने गरी आ-आफ्नो कार्यविधि तर्जुमा गरी २०६७ चैत्र १ गतेदेखि पशुपालक साना किसानहरूलाई मासुजन्य पशुपालन कर्जा लगानी कार्य आरम्भ गऱ्यो।

### कर्जा लगानी प्रकृया

बैङ्कसँग आबद्ध सहकारी संस्थाहरूले आफ्नो क्षेत्रको पशुपालनको अवस्था झल्कने गरी आधारभुत तथ्याङ्क सहित पशुपालनमा थप लगानी गर्नुपर्ने आवश्यकता पहिचान गर्नु पर्दछ। सम्भाव्यताको आधारमा उक्त संस्थाले बैङ्कको पशुपालन कर्जा कार्यविधिको पालना गर्ने सर्तमा आफ्ना सदस्यहरूको माग बमोजिम लगानी गर्न आवश्यक पर्ने कर्जा बैङ्मा माग गर्नु पर्नेछ। बैङ्कले आवश्यकता अनुसार निरीक्षण गरी कर्जा उपलब्ध गराउने छ। यो कर्जाबाट पशुपालक किसानहरूले न्यूनतम ५ माऊ बाखा, ३ बङ्गुर, २ पाडापाडी र १ भैसीमध्ये कुनै एक पशुवस्तु पाल्ने सर्तमा ऋण माग गर्न सक्ने व्यवस्था रहेको छ। ६ महिनाको ग्रेस पिरियड रहेको यो कर्जाको अधिकतम भुक्तानी ३ वर्ष अवधिको रहेको छ भने नियमित नियमानुसार कर्जा भुक्तानी गर्ने पशुपालक साना किसानले ९ प्रतिशत ब्याज बुझाए पुग्दछ।



**खसीबाख्राको वार्षिक आयात**

| आर्थिक वर्ष | सङ्ख्या | आयात बृद्धि प्रतिशत |
|---|---|---|
| २००४/०५ | २७०,१५१ | |
| २००५/०६ | २७९,१०१ | ३.३१ |
| २००६/०७ | २७५,२५९ | -१.३८ |
| २००७/०८ | २७९,०९८ | १.३९ |
| २००८/०९ | ३३३,३०५ | १९.४२ |
| २००९/१० | ४७६,६२३ | ४३.०० |
| २०१०/११ | ४७६,१०४ | -०.११ |

*स्रोत : केन्द्रीय पशु क्वारेन्टाइन कार्यालय, २०१०-११*

## २०६९ मङ्सिर मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति

यस कार्यक्रमबाट १८ हजार विपन्न तथा साना किसानहरूलाई मासुजन्य पशुपालनका लागि रु. १५० करोड कर्जा उपलब्ध गराउने लक्ष रहेकोमा २०६९ मङ्सिर मसान्तसम्म आइपुग्दा १९७ संस्थाका ५५९९७ जना किसानहरूबाट रु. दुई अर्ब ३७ करोड ८३ लाख कर्जा माग भइसकेको छ भने सोमध्ये बैङ्ले १९७ संस्थाका ४४८३० जना किसानलाई लगानी गर्न रु. दुई अर्ब १५ करोड ४४ लाख कर्जा स्वीकृत गरेको छ। स्वीकृत कर्जामध्ये रु. एक अर्ब ३६ करोड ४७ लाख रकम, १९४ संस्थाका २१९३२ जना किसानलाई प्रवाह भई सो रकमबाट किसानहरूले ७७१२६ वटा बाखा, १२६२३ वटा बङ्गुर, ५५६१ वटा पाडापाडी र ९३४४ वटा भैंसी खरीद गरी कुल १०४६४३ वटा मासुजन्य पशुपालन कार्य गर्दै आएका छन्।

## कार्यक्रमको प्रभाव

### क) खसी/बाख्राको आयातको अवस्था:

सन् २००१ देखि ६ सम्मको अवधिमा नेपालमा बाख्राको वार्षिक बृद्धि प्रतिशत औसत २.७६ प्रतिशत रहेकोमा पछिल्ला वर्षहरूमा ४.३६ प्रतिशत पुगेको छ। नेपालमा सन् २००४/०५ को तुलनामा सन् २००५/०६ मा ३.३१ प्रतिशतले बृद्धि भई कुल आयात भएको खसीको सङ्ख्या २,७९,१०१ पुगेकोमा सन् २००६/०७ मा त्यसमा केही कमी भएको देखिन्छ। यसै गरी सन् २००६/०७ को तुलनामा सन् २००८/०९ मा आयातमा १९.४२ प्रतिशत बृद्धि भएको मा त्यसमा झन् अत्यधिक बृद्धि भई सन् २००८/०९ को तुलनामा सन् २००९/१० मा ४३ प्रतिशतले बृद्धि भई कुल आयातित खसीको सङ्ख्या ४,७६,६२३ पुगेकोमा सन् २०१०/११ मा त्यसमा स्थिरता आउन सुरु भएको तल टेवुल २ ले प्रस्ट देखाएको छ। यसो हुनमा साना किसान विकास बैङ्कबाट सुरु गरिएको पशुपालन कर्जा कार्यक्रमको समेत योगदान छ भन्नुमा अतिशयोक्ति नहोला।

### ख) २०६८ र ०६९ को दशैंमा बिक्री गरिएका मासुजन्य पशुहरूको विवरण

२०६८ सालको बडादशैको अवधिमा पशुपालन कर्जा लिने किसानहरूबाट मात्र झन्डै ३०० टन मासु बराबरको १५६०३ वटा पशुहरू मासुका लागि बिक्री भएको छ। जसको स्थानीय मूल्य रकम रु. ११ करोड ४९ लाख ९७ हजार हुने देखिन्छ। यसै गरी २०६८ कार्तिक देखि २०६९ सालको बडा दशै सम्ममा साना किसान कृषि सहकारी संस्था लि.हरूमा आबद्ध पशुपालन कर्जा लिने किसानहरूबाट मात्र झन्डै २४ करोड मूल्यका ८३३ मेट्रिक टन मासु बराबरको १५९३२ वटा खसीबोका, ६९४३ वटा बङ्गुर, २२५७ पाडा र ३९८ वटा राँगा गरी कुल २५,५३० पशुवस्तुहरू मासुका लागि बिक्री भएको अनुमान छ। यसबाट साना किसानहरूको आम्दानी तथा रोजगारीमा उत्साहजनक अभिबृद्धिका साथै मासुजन्य पशु वस्तुहरूको आयात प्रतिस्थापनमा सघाउ पुगेको देखिन्छ।

उपरोक्त तालिका हेर्दा २०६९ असार मसान्तसम्ममा बैङ्ले लगानी गरेको बाखा, बङ्गुर, पाडा तथा भैसी गरी ८७७८३ वटा पशुवस्तुवाट वार्षिक रूपमा मासु रु. एक अर्ब ५७ करोड बरावरको ७१९९ मेट्रिक टन् र दूध रु. ४६ करोड ३५ लाख बराबरको ११५८८ मेट्रिक टन् गरी कुल दुई अर्ब तीन करोड बराबरको वार्षिक मासु तथा दुध उत्पादन हुने अनुमान गरिएको छ।








साना किसान सहकारी संस्था लि. महारानीझोडा, झापाको सहकारी बंगुर फर्म



साना किसान सहकारी संस्था लि. मैनापोखर, बर्दियाका सदस्य मनमाया माझीको बाख्रापालन

## मासुजन्य पशुपालन कर्जा कार्यक्रम अन्तर्गत पालिएको पशुहरूको मासु तथा दूध उत्पादन प्रक्षेपण
### (२०६९ असार मसान्तको पशुको सङ्ख्यामा आधारित)

| किसिम | सङ्ख्या | सङ्ख्या | मे. टन | मे. टन | |
|---|---|---|---|---|---|
| बाखा | ६४,०७३ | ७१,७६७ | १,४३५ | ६४६ | ३२३,००० |
| बङ्गुर | ११,११७ | ४४,०२४ | ४,१६९ | ३,१२७ | ५६२,८६० |
| पाडापालन (१.५ चक्र) | ५,२०३ | ४९४३ x १.५ | ४,१६९ | ३,१२७ | ६२५,४०० |
| भैंसीपालन | ७,३९० | १,४७८ | ६६५ | २९९ | ५९,८०० |
| जम्मा | ८७,७८३ | ११७,२६९ | १०,४३८ | ७,१९९ | १,५७१,०६० |

**दुग्ध उत्पादन तर्फ**

| लैना भैंसी | दूध उत्पादन प्रति बेत | कुल दूध टन | मूल्य |
|---|---|---|---|
| ७,२४२ | १,६०० | ११,५८८ | ४६३,५०१ |
| | जम्मा | | २,०३४,५६१ |

# युवा तथा साना व्यवसायी स्वरोजगार कर्जा कार्यक्रम

## परिचय

नेपालको कठिनतम भौगोलिक बनावट, पूर्वाधारको विकासमा कमी, राजनीतिक अशान्ति, आधुनिक प्रविधिको उपयोगमा कमीले उत्पन्न कमजोर ग्राहस्थ उत्पादनका कारण यहाँका पढेलेखेका र अन्य युवाहरूको जमात वैदेशिक रोजगारीमा आकर्षित भैरहेका छन् । मुलुकभित्रै गर्न सकिने उद्यमशीलताको विकासमा युवाशक्तिहरूको ध्यान जान नसकी धरै युवाहरू बेरोजगार रहन बाध्य छन् । यस्ता बेरोजगार युवाशक्तिको उत्पादनशील श्रमको अधिकतम उपयोग, उद्यमशीलताको विकासमार्फत परम्परागत उत्पादन प्रणालीमा परिवर्तन गरी देशको द्रुततर विकासका लागि सहुलियत ब्याजदरमा विनाधितो आवधिक ऋण उपलब्ध गराउन नेपाल सरकार, अर्थ मन्त्रालय अन्तर्गत "युवा तथा साना व्यवसायी स्वरोजगार कोष" को स्थापना भएको छ । उक्त कोषसँग बैङ्कले मिति २०६७ फागुन २० का दिन रु. १ (एक) अर्बको ऋण संझौता गरेको थियो । सोही संझौता अनुसार साना किसान विकास बैङ्क लि. ले बैङ्कमा आबद्ध साना किसान सहकारी संस्थामार्फत सहुलियत ब्याजदरमा स्वरोजगारमुलक व्यवसाय सञ्चालन गर्न कर्जा सेवा उपलब्ध गराउँन थालेको हो ।



साना किसान कृषि सहकारी संस्था लि. श्रीपुर कैलालीका सदस्य श्री खेम बि.क.ले सञ्चालन गरेको कृषि औजार कारखाना

## प्राथमिकता

बैङ्कसँग आबद्ध साना किसान कृषि सहकारी संस्था लि.हरूमा संलग्न दलित, पिछडिएका जाती र जनजातीका साना किसानहरू, जमिनको आम्दानीबाट वा नियमित आयस्रोत नभई वर्ष भरी खान लाउन नपुग्ने घरपरिवार, लघुउद्यमी एवं विपन्न वर्गका महिलाहरू र लघुउद्यमीहरूलाई स्वरोजगार व्यवसाय कर्जा लगानीमा प्राथमिकता दिइएको छ । साना किसान सम्बद्ध सहकारी संस्थाका प्रतिनिधिहरूलाई सहभागी गराई सम्पन्न गरिएको कार्यशाला गोष्ठीको निचोडअनुरूप कृषि तथा बागवानी, पशुपालन, स्वरोजगार व्यवसाय र साना तथा लघुउद्यम व्यवसाय अन्तर्गतका१०० भन्दा बढी उप-शीर्षकहरूको पहिचान गरी ती उप-शीर्षकहरूमा स्वरोजगार व्यवसायमा कर्जा लगानी गर्ने व्यवस्था मिलाएको थियो ।



साना किसान कृषि सहकारी संस्था लि. कुम्पुर धादिङ्गका सदस्य श्री राजेन्द्र घले र निजकी दिदीले स्वरोजगार कर्जा कार्यक्रम अन्तरगत सञ्चालन गरेको पाउरोटी उद्योग

## सहुलियत

यो ऋण प्रतिव्यक्ति अधिकतम रु. २ लाखसम्म वार्षिक १२ प्रतिशत ब्याजदरमा साना किसान कृषि सहकारी संस्था लि. हरूको ऋण नीतिअनुरूप प्रदान गरिएको छ। साथै तोकिएको भुक्तानी कार्यक्रम अनुसार नियमित ऋणको किस्ता तथा ब्याज बुझाउने ऋणीलाई ऋण चुक्ता गरेको समयमा निजले यो ऋण वापत कुल बुझाएको ब्याजको ६० प्रतिशतले हुन आउने रकम फिर्ता दिइने व्यवस्था रहेको छ । सुरुमा १२ प्रतिशत ब्याजमा लिएको ऋणमा ६० प्रतिशत अनुदान दिदा पाँच प्रतिशतभन्दा कम ब्याज तिर्नुपर्ने भएकाले ऋणी उद्यमीहरूलाई ब्याजको खर्च बहुतै कम लाग्ने देखिएको छ ।

## उपलब्धि

२०६७ फागुनमा पहिलो वर्षको पहिलो किस्ता वापत बैङ्कलाई कोषबाट रु. ९ करोड ऋण प्राप्त भएको थियो । उक्त रकमबाट १८ जिल्लाभित्र रहेका ४९ साना किसान कृषि सहकारी संस्थामा संलग्न ६४७ जना उद्यमीहरूलाई कुल रु. ९ करोड ५५ लाख कर्जा लगानी गरिएको छ । अहिले यस कार्यक्रम अन्तर्गत ६४७ परियोजना सञ्चालनमा रहेका छन् । यसबाट प्रत्यक्ष रूपमा ७५९ युवा तथा साना व्यवसायी तथा बेरोजगारहरूले स्वरोजगार हुने अवसर प्राप्त गरेका छन् । २० जना उद्यमीबाट ऋण असुली भइसकेको छ भने बैङ्कले कोषबाट लिएको रु. नौ करोड ऋणमध्ये रु. तीन करोड रकम कोषलाई फिर्ता बुझाइसकेको छ । अनुगमन तथा अवलोकनका क्रममा साना किसानहरूले यस ऋणबाट सञ्चालन गरेको परियो जना अनुकरणीय र प्रभावकारी रहेको देखिएको छ ।

## निष्कर्ष

स्वरोजगार कर्जाको मूलमर्म भनेको पुँजीको अभावमा आफ्नो सीपको सदुपयोग गर्नबाट वञ्चित सीप र क्षमता भएका अनुभवी तथा तालिम प्राप्त व्यक्तिलाई निजसँग भएको दक्षता अनुसारको कार्य गर्न ऋणपुँजी उपलब्ध गराउनु हो । बैङ्कले कोषसँग लिएको रकमको शतप्रतिशत भन्दा बढी रकम गाँउका बेरोजगार उद्यमीहरू सामु पुऱ्याई ७५९ परिवारलाई गरी खान पाउने अवसर प्रदान गर्न सक्षम भएको छ । हाम्रै भूमिमा स्वरोजगार व्यवसायको अवसर दिई देशको उत्पादन/उत्पादकत्व बृद्धि गर्न सकिने देखिन्छ । कर्जाले मात्र उत्पादन बृद्धि हुने होइन । कर्जा सँगसँगै सिप, उन्नत कृषि सामग्री तथा कच्चा पदार्थ, तालिम र बजार समेतको व्यवस्थामा आधारित उत्पादन भएमा कृषि उपज र सेवाले उचित मूल्य पाई कर्जाको सदुपयोगता सहित राम्रो प्रतिफल प्राप्त गरी समयमै ऋण भुक्तानी गर्न पनि सहज हुनेछ ।







साना किसान कृषि सहकारी संस्था लि. उत्तरगंगा सुर्खेतका सदस्य श्री हसना थापाद्वारा सञ्चालित पोल्ट्री फर्म

११ वार्षिक प्रतिवेदन २०६८/६९

# बैङ्कका अन्य गतिविधिहरू

## क्षमता विकास कार्यक्रम

### (क) बैङ्क कर्मचारीहरूको तालिम/गोष्ठी

आ. व. २०६८/६९ मा बैङ्कले आफ्ना कर्मचारीहरूको वृति विकासका लागि विभिन्न तालिम तथा गोष्ठीहरू आयोजना गऱ्यो । यसै गरी विभिन्न मुलुकभित्र र बाहिरका संस्थाहरूसँग समेत समन्वय गरी यस्ता अवसरहरू सिर्जना गरिए । यस अवधिमा ADB, IFC, CICTAB, CMF, NRB, NBTI, NCF, USAID NEPAL, ECARDS-NEPAL, CAI, MAN, IBM, Oxfam GB Nepal आदिद्वारा आयोजित ४१ वटा कार्यक्रममा बैङ्का २८ जना कर्मचारीहरूको सहभागिता रहयो । यसै गरी यस्ता कार्यक्रमहरूमा संस्थाका १० जना प्रबन्धकहरूलाई समेत सहभागी गराइएको छ । यसै गरी बैङ्क आफैंले सञ्चालन गरेका विभिन्न तालिमहरूमा बैङ्का १५ जना कर्मचारीहरूले भाग लिएका थिए ।

Microcredit Summit Campaign द्वारा Spain मा सञ्चालन गरेको 2011 Global Microcredit Summit मा यस बैङ्कका अध्यक्ष श्री खेमबहादुर पाठक र प्रमुख कार्यकारी अधिकृतज्यूले भाग लिनुभएको थियो । यसै गरी CICTAB द्वारा श्रीलङ्कामा सञ्चालन गरेको तालिममा १, बङ्गलादेशमा सञ्चालन गरेको तालिम/अवलोकन भ्रमणमा ३ र भारतमा आयोजना गरेको तालिममा ७ जना बैङ्का कर्मचारीले भाग लिए भने संस्थाका ४ जना कर्मचारीहरूले भाग लिएका थिए ।

### (ख) साना किसान सहकारी संस्था स्तरका तालिम गोष्ठी

यस बैङ्कले साना किसान सहकारी संस्थाहरूको क्षमता विकासका लागि विभिन्न तालिम गोष्ठी सञ्चालन गर्दै आएको छ । सकेसम्म सबै संस्थाहरूलाई सहकारी व्यवस्थापन, लेखा तालिम, व्यावसायिक योजना तर्जुमा तालिम, पशुधन सुरक्षण सम्बन्धी तालिम, ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता तालिम, अनुसरण कार्यक्रम सम्बन्धी तालिम, अनुगमन तथा मूल्याङ्कन तथा सदस्यहरूको सीप अभिबृद्धि सम्बन्धी विभिन्न तालिम प्रदान गर्दै आएको छ । यस कार्यमा नेपाल सरकारले प्रदान गर्ने वित्तीय स्रोतको महत्वपूर्ण योगदान रहि आएको छ । आ. व. २०६८/६९ मा मात्र बैङ्कले कुल २४० तालिम तथा गोष्ठी आयोजना गरी आठ हजार पाँच सय ४१ जना लाभान्वित भएका छन् । उक्त तालिम तथा गोष्ठी कार्यक्रमहरूको विवरण निम्नानुसार छ ।



### संस्था स्तरका तालिम तथा गोष्ठीको प्रगति

| क्र. सं. | कार्यक्रमको नाम | सङ्ख्या | सहभागि तथा लाभान्वित सङ्ख्या | | |
|---|---|---|---|---|---|
| | | | म | पु | जम्मा |
| १ | साना किसान कृषि सहकारी संस्था सञ्चालन तथा व्यवस्थापन तालिम | ३ | ५८ | ५६ | ११४ |
| २ | वार्षिक प्रगति समिक्षा गोष्ठी | १ | २ | १४ | १६ |
| ३ | आन्तरिक पुँजी बृद्धिका लागि उत्प्रेरणा गोष्ठी सञ्चालन | १ | ७५ | ३ | ७८ |
| ४ | विभिन्न साना किसान सहकारी संस्थाहरूको अवलोकन भ्रमण कार्यक्रम | ५ | १ | ३७ | ३८ |
| ५ | साना किसान सहकारी अनुसरण कार्यक्रम हस्तान्तरण | १४ | ५ | ९० | ९५ |
| ६ | मासुजन्य पशुपालन समिक्षा कार्यक्रम | ७ | १३७ | ३९० | ५२७ |
| ७ | पशुपालन तथा स्वरोजगार कर्जा अभिमुखीकरण कार्यक्रम | ९ | १०७ | ३०१ | ४०८ |
| ८ | अनुसरण कार्यक्रम सञ्चालन तथा व्यवस्थापनसम्बन्धी तालिम/गोष्ठी | ४४ | ९८३ | २६७ | १२५० |
| ९ | साना किसान सहकारी संस्थाहरूको कार्यक्रम तथा बजेट तर्जुमा कार्यशाला | ९ | ७८ | २०८ | २८६ |
| १० | लेखासम्बन्धी तालिम | १० | ११४ | १७७ | २९१ |
| ११ | अनुसरण कार्यक्रम कार्यान्वयनका लागि परामर्श दाताको कार्य क्षेत्रगत सर्त तर्जुमा | १ | ० | ५ | ५ |
| १२ | व्यावसायिक योजना तर्जुमा तालिम | १ | ० | १ | १ |
| १३ | पशुधन सुरक्षणसम्बन्धी तालिम | १२९ | ३२१३ | २०८८ | ५३०१ |
| १४ | साना किसान विकास बैङ्को अन्तरक्रिया कार्यक्रम | २ | १ | १५ | १६ |
| १५ | ग्रामीण पशुस्वास्थ्य कार्यकर्ता तालिम | ३ | ६ | ६९ | ७५ |
| १६ | कृषिमा आधुनिक प्रविधिको प्रयोग तालिममा साना किसान कृषि सहकारी संस्थाका प्रतिनिधि सहभागी | १ | १७ | २३ | ४० |
| | जम्मा | २४० | ४७९७ | ३७४४ | ८५४१ |

### (ग) सामाजिक सामुदायिक विकास कार्यक्रम

लघुवित्त सेवाले मात्र साना किसानको जीवनस्तरमा सुधार ल्याउन नसकिने महसुस गरी साना किसान सहकारी संस्थाहरूले आफ्ना सदस्यको समग्र पक्षमा सुधार ल्याउन नेपाल सरकार तथा आन्तरिक स्रोतको उपयोग गरी तालिम लगायत शिक्षा, स्वास्थ्य, खानेपानी, वातावरण संरक्षण जस्ता सामाजिक कार्यक्रम र पुलपुलेसा तथा बाटो निर्माण, विद्यालय तथा सामुदायिक भवन निर्माण, सिञ्चाई कुलो निर्माण/मर्मत, वृक्षारोपण, शुलभ सौचालय आदि जस्ता सामुदायिक कार्यक्रम सञ्चालन गरेका छन् । यस्ता कार्यक्रममा संस्थाको आफ्नो वित्तीय स्रोत र कृषकको श्रमदानको उच्चतम उपयोग गरिएको छ भने बाह्य श्रोतको अंश १०% मात्र परेको देखिन्छ । आर्थिक वर्ष २०६८/६९ मा संस्थाहरूबाट सञ्चालित सामाजिक सामुदायिक कार्यक्रमको विवरण तलको तालिकामा प्रस्तुत छ ।



## संस्था स्तरका तालिम तथा गोष्ठीको प्रगति

| क्र. सं. | कार्यक्रमको नाम | कार्यक्रम सङ्ख्या | लाभान्वित परिवार सङ्ख्या | कुललागत (रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|
| | | | | बैङ्कबाट अनुदान | स्थानीय सहभागिता | जम्मा |
| १ | ग्रामीण खाने पानी | २० | १३१४ | ४६६ | ५९४ | १०६० |
| २ | सुलभ शौचालय निर्माण | ३४ | ६०८१ | ८२८ | ३१६१ | ३९८९ |
| ३ | कृषि सडक निर्माण | ७ | ५३६९ | १४५ | २६७ | ४१२ |
| ४ | कृषिसम्बन्धी औजारहरू खरिद/वितरण | ७ | १०९२ | ११७ | ९१ | २०८ |
| ५ | कुलो/सिञ्चाई कार्यक्रम | ३ | ५८० | ६० | २९० | ३५० |
| ६ | कलभर्ट निर्माण | ११ | ३४५४ | २४० | ३०१ | ५४१ |
| ७ | वृक्षारोपण कार्यक्रम | १ | १२२५ | २७ | ३८ | ६५ |
| ८ | पशु नश्ल सुधार | ८ | २३३० | २०२ | १३० | ३३२ |
| ९ | सामुदायिक भवन तथा तालिम हल निर्माण | ४९ | ४७७५७ | २४३८ | ४२०६४ | ४४५०२ |
| १० | उन्नत तरकारी खेती तथा विउ वितरण | ६ | २५१९ | १०५ | १६५ | २७० |
| ११ | पशु भ्याक्सीन कार्यक्रम | १ | १०९ | ३५ | २० | ५५ |
| १२ | फर्निचर खरिद/वितरण | ६ | १७४२ | १०५ | २०१ | ३०६ |
| १३ | चौतारा/सार्वजनिक प्रतिक्षालय/मन्दिर निर्माण कार्यक्रम | ८ | १६५४ | १८५ | २३६ | ४२१ |
| १४ | सीप विकाससम्बन्धी कार्यक्रम | १ | ३० | ३० | ३० | ६० |
| | कुल जम्मा | १६२ | ७५२५६ | ४९८३ | ४७५८८ | ५२५७१ |

### (घ) विप्रेषण सेवा

वैदेशिक रोजगारीका लागि ग्रामीण क्षेत्रबाट विदेश जानेहरूको सङ्ख्या बढ्दै गएको छ । गाउँठाउँमा विदेशबाट पठाइने रकम सहज ढङ्गले प्राप्त गर्न झेल्नुपरेको कठिनाई कम गर्न बैङ्कले साना किसान सहकारी संस्थाहरूलाई समेत रेमिट्यान्स कारोबारमा संलग्न गराई घर आँगनमै रकम उपलब्ध गराउने व्यवस्था मिलाएको छ । यसका लागि बैङ्कले विप्रेषण सेवाप्रदायक संस्थाहरूसँग समन्वय गरी साना किसान सहकारी संस्थाहरूसँग सम्बन्ध विकास गराउने एवं संस्था र सेवाप्रदायक संस्थाको पुलको रूपमा काम गरी ग्रामीण क्षेत्रमा रहेका साना किसान सहकारी संस्थाहरूको विप्रेषण सेवा व्यवसायमा क्षमता अभिवृद्धि गराउँदै आएको छ । बैङ्कको सेवा क्षेत्र अन्तरगत आ. व. २०६८/६९ मा रेमिट्यान्स कार्यक्रममार्फत १५४ जनालाई रु. ८२ लाख २२ हजार भुक्तानी गर्न सकेको छ ।





## साना किसान सहकारी संस्थाहरूमा दोस्रो चरणको पुनरसंरचना कार्यक्रम

देशमा विद्यमान गरिबी न्यूनीकरणका लागि साना किसान विकास बैङ्कले ग्रामीण क्षेत्रमा साना किसान सहकारी सस्थाहरूको प्रवर्धन तथा विस्तार गरी त्यस्ता संस्थाहरूमार्फत विपन्न तथा साना किसानहरूलाई लघुकर्जाका साथै अन्य लघुवित्त सेवा प्रदान गर्दै आएको छ। बैङ्कले यस्ता संस्थाको प्रवर्धन र विस्तारको अलवा निर्मित संस्थाहरूको वित्तीय अवस्था र कार्य सक्षमताका साथै संस्थामार्फत प्रदान भएका सेवाको आधारमा वार्षिक रूपमा श्रेणीकरण गर्ने र त्यसैअनुरूप संस्थाको वित्तीय अबस्था सबलीकरण तथा कार्य क्षमता अभिवृद्धि गर्ने कार्यनीति अवलम्वन गर्दै आएको छ। त्यसैअनुरूप वर्गिकरण गर्दा कमजोर वर्गमा श्रेणीकृत भएका संस्थाहरूको सबलीकरणका लागि बैङ्कबाट आ. व. २०६७/६८ मा दातृ संस्था एसियाली विकास बैङ्कको वित्तीय सहयोगमा ३३ वटा संस्थाको वित्तीय, साङ्गठनिक तथा पुँजीगत संरचना सुधारका लागि त्यस्ता संस्थामा पुनरसंरचना कार्यक्रम सञ्चालन गरिएको थियो । सञ्चालित त्यस प्रकारको पुनरसंरचना कार्यक्रमवाट उत्साहप्रद नतिजा प्राप्त भएकाले बैङ्कले आ. व. २०६९/७० मा पनि कार्यक्षमता कमजोर तथा वित्तीय अवस्था शङ्कास्पद ठानिएका थप २६ वटा संस्थामा दोस्रो चरणको पुनरसंरचना कार्यक्रम सञ्चालन गर्न फिल्ड प्रशिक्षक खटाएको छ। फिल्ड प्रशिक्षकमार्फत संस्थाको वस्तुस्थिति अध्ययन गरी कर्जा कारोबार, वित्तीय संरचना, लेखा र अन्य अभिलेख प्रणाली, साङ्गठनिक संरचना तथा योजना निर्माण र कार्यान्वयन जस्ता क्षेत्रको सुधारमा प्राथमिकता दिई कार्यक्रम सञ्चालन गरिएको छ । फिल्ड प्रशिक्षकको परिचालनमार्फत गत भाद्र महिनादेखि सञ्चालित दोस्रो चरणको पुनरसंरचना कार्यकमवाट २०६९ मार्ग महिनासंमको कार्य प्रगति विष्लेशण गर्दा अधिकांश संस्थाको कर्जा कारोबार, वित्तीय संरचना, लेखा र अभिलेख प्रणाली, साङ्गठनिक संरचना जस्ता सूचकाङ्कमा उत्साहजनक नतिजा देखिएको छ। समग्रमा हेर्दा २०६९ अषाढको दाँजोमा सकृय समूहको सङ्ख्या ६२% ले वृद्धि भएको छ भने १६१ वटा नयाँ समूह गठन गरी ६६८ जना थप सदस्यलाई संस्थामा आबद्ध गराइएको छ । विगत ४ महिनाको अवधिमा सावाँ रकम रु ५८२ लाख पाउनुपर्ने व्याज रु १९५ लाख असुली भई २०६९ आषाढको तुलनामा भाखा नाघेको कर्जामा ४२% ले र पाउनुपर्ने व्याजमा ४४% ले कमी आएको छ । सोही अवधिमा संस्थाको कुल आन्तरिक स्रोतमा ७% ले वृद्धि हुन गई १५ करोड ३० लाख कायम भएको र सेयर पुँजी रकममा १५% ले वृद्धि भई रु २३६ लाख पुगेको छ । संस्थागत सुशासन र पारदर्शिता कायम गर्न विगत लामो समयदेखि स्थगन र रोकिएका साधरणसभा, खाताबन्दी, लेखा परीक्षण, हिसाब भिडान, अभिलेख अद्यावधिक र अपचलित संस्थागत स्रोत असुली जस्ता कार्य सम्पन्नतामा विशेष जोड दिइएको छ । यस्ता कार्यवाट संस्थामा असल अभ्यासको थालनी हुन पुगेको छ । पुनरसंरचना कार्यक्रमको बाँकी अबधिमा यस कार्यले थप गति लिई संस्थाहरूको समग्र पक्षमा सुधारको अपेक्षा गरिएको छ ।

## पशुधन सुरक्षण कार्यक्रम

ग्रामीण क्षेत्रका विपन्न साना किसानहरूको महत्वपूर्ण सम्पत्ति पशु वस्तु हो । यी पशु वस्तुहरू पाल्नका लागि साना किसानहरूको आफ्नै कमाई वा ऋणबाट जोहो गरेका हुन्छन् । पछिल्ला दिनहरूमा पालन गर्ने गाई/गोरु, राँगा/भैसी, भेडा/बाखा, बङ्गुर आदि महंगा समेत हुँदै गइरहेको अवस्था छ । कुनै साना किसानले पालेका पशुवस्तुहरूको मृत्यु वा क्षती भएमा निजको आर्थिक अवस्था नै धराशयी हुने हुन्छ। तसर्थ बैङ्कले नेपाल सरकार तथा अन्य सहयोगी संस्थाहरूको सहयोगमा आफ्नो स्थापनाकाल देखि नै साना किसान सहकारी संस्थाहरूमार्फत पशुधन सुरक्षण कार्य गर्दै आएको छ । सहकारी संस्थामार्फत पशुपालन कर्जा प्राप्त गरी पालेको

पशुको मृत्युको कारणबाट आकस्मिक रूपमा हुने पशुधनको क्षतिलाई न्यून गर्ने अभिप्रायले पशुधन सुरक्षण कार्यक्रमको सुरुवात गरिएको हो ।

पशुधन सुरक्षण कार्यक्रम अन्तर्गत पशुपालक किसानहरूमा व्यावसायिक पशुपालन व्यवस्थापन सम्बन्धी ज्ञान तथा दक्षता अभिबृद्धि गर्ने, उन्नत नश्लका पशुपालनतर्फ उत्प्रेरित गर्ने, पशु रोगको नियन्त्रण गर्ने, पशुजन्य पदार्थको उत्पादन अभिबृद्धि गर्ने, पशुहरूलाई गोठ, पौष्टिक आहार र चरनको उचित व्यवस्था सम्बन्धी जानकारी दिने, व्यावसायिक पशुपालन गरी रोजगारी सिर्जना गर्ने, साना किसानहरूको ऋण उपयोग तथा ऋण तिर्ने क्षमतामा अभिबृद्धि गर्ने आदि जस्ता कार्य हुँदै आएको छ । यस बाहेक पशु उपाचार सेवा उपलब्ध हुन नसकेका संस्थाहरूका लागि उक्त संस्थाका साना किसान परिवारभित्रका युवाहरूलाई ग्रामीण पशु स्वास्थ्य कार्यकर्तासम्बन्धी तालिम दिई प्राविधिक सेवाको व्यवस्था समेत गर्दै आएको छ ।

संस्था स्तरमा यस कार्यक्रमलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्नका लागि गठित पशुधन सुरक्षण समितिले सदस्य किसानको सुरक्षण गर्ने पशुको मूल्याङ्कन गरी प्रिमियम तोक्ने व्यवस्था छ । सम्बन्धित पशुधनीलाई तोकिएको प्रिमियम रकमको ५०% रकम पशुधन सुरक्षणकोषमा जम्मा गराई बाँकी ५०% प्रिमियम रकम नेपाल सरकारको आर्थिक सहयोग अन्तर्गत बैङ्कले विवरण प्राप्त भएपछि भुक्तानी दिई पठाउने व्यवस्था छ । सुरक्षण गरेको पशु मरेको वा उक्त पशु वस्तु उत्पादन अयोग्य भएको खण्डमा संस्थाको पशुधन सुरक्षण कार्य विधिमा व्यवस्था भए अनुसार सुरक्षण रकमको ८०% सम्म क्षतिपूर्ति प्रदान गर्ने व्यवस्था छ । सुरक्षण गरिएको पशु बिरामी भएमा पशु स्वास्थ्य कार्यकर्ता वा पशुधन सुरक्षण समितिले अन्य व्यवस्था गरी रोगी पशुको उपचारको व्यवस्था मिलाएको हुन्छ ।

बैङ्कले पशुधन सुरक्षण कार्यक्रमलाई प्रभावकारी बनाउन तत्सम्बन्धी पशुधन सुरक्षण कार्यक्रम सञ्चालन निर्देशिका, २०६९ तर्जुमा गरी कार्यान्वयन मा ल्याएको छ । पशुधन सुरक्षण कार्यक्रम सञ्चालन गर्ने सस्थाहरूले निम्नानसारको योग्यता पुरा गरे पश्चात मात्र यस कार्यक्रममा सहभागि हुन सक्ने व्यवस्था गरिएको छ ।

### पशुधन सुरक्षण कार्यक्रम सञ्चालन गर्न आवश्यक क्रियाकलापहरू :

- बैङ्कसँगथोक कर्जा कारोबार गर्न आबद्ध भएको हुनुपर्नेछ ।
- संस्थाले बैङ्कको निर्देशिकामा व्यवस्था भएअनुसार पशुधन सुरक्षण कार्यक्रम सञ्चालन र व्यवस्थापन गर्न आवश्यक नीति वा कार्यविधि तर्जुमा गरेको हुनुपर्नेछ ।
- संस्थाका पशुपालक किसानहरूको पशुधन सुरक्षण सम्बन्धी कार्य गर्ने गरी संस्था स्तरमा पशुधन सुरक्षण समिति गठन भएको हुनुपर्नेछ ।
- संस्थाले पशुपालन शीर्षकमा कर्जा लगानी गरे को हुनुपर्नेछ ।
- पशुधन सुरक्षण कार्यक्रम सञ्चालन गर्ने संस्थाले पशुधन सुरक्षण समिति, पशुस्वास्थ्य कार्यकर्ता, तथा संस्थाको पशुधन सुरक्षणसम्बन्धी काम, कर्तव्य र अधिकार, सुरक्षण प्रकृया, सुरक्षण आवेदन तथा सहमति, पशु स्वास्थ्य परीक्षण तथा उपचार, पशु मूल्याङ्कन, सङ्केत पट्टा, सुरक्षण लेख, प्रिमियम भुक्तानी, क्षतीपूर्ति दावी आदिसम्बन्धी स्पष्ट व्यवस्था सहितको कार्यविधि बनाई लागु गर्न पर्नेछ ।

### पशुधन सुरक्षण कार्यक्रमबाट भएको प्रगती

साना किसान विकास बैङ्कसँग आबद्ध भएका साना किसान सहकारी संस्थाहरूमध्ये १८८ वटा संस्थामा यो कार्यक्रम कार्यान्वयन गरेका छन् भने अरू संस्थाहरू पनि पशुधन सुरक्षण गर्न इच्छुक रहेका छन्। आ. व. २०६९/७० को कार्तिक मसान्तसम्ममा रु. ८३ करोड ७३ लाख मूल्य बराबरीको ३७,३३१ जना किसानबाट ५८,८६४ थान पशुको सुरक्षण वापत बैङ्कले रु. ५ करोड ३ लाख २३ हजार प्रिमियम अनुदान रकम उपलब्ध गराइसकेको छ । भने साना किसान सहकारी संस्थाहरूमा रु. ११ करोड ७० लाख बराबरीको पशु सुरक्षण कोष निर्माण भई सकेको तथ्यले यस कार्यक्रमको प्रभावकारिता झल्काउँछ ।





## साना किसान सहकारी अनुसरण कार्यक्रम

साना किसान सहकारी संस्थाहरुको स्वामित्वमा लघुवित्त क्षेत्रको एक अग्रणी र वित्तीय रुपमा सक्षम बैंक बन्ने साना किसान विकास बैङ्क लि. को दुर दृष्टि (Vision) रहेको छ । आफ्नो सीमित स्रोत र साधन सहित नेपाल सरकार लगायत वाह्य स्रोत समेत जुटाई वढी भन्दा वढी ग्रामिण साना किसानहरुमा आफ्नो सेवाको पहुँच पुऱ्याउन साना किसान सहकारी अनुशरण कार्यक्रम कार्यान्वयन गर्दै आएको छ । साना किसान सहकारी संस्थाहरुलाई नै सहभागी गराई अनुशरण कार्यक्रम संचालन गर्ने जिम्मेवारी प्रदान गर्दा सञ्चालन लागत कम हुनुका साथै कार्यक्रमको प्रभावकारिता अझ बढ्न गई कार्यक्रम विस्तार गति समेत तीव्र हुने देखिएको छ । एउटा गा.वि.स.को साना किसान सहकारी संस्थाको सहयोगमा अर्को गा.वि.स.का साना किसानलाई संगठित गराई उनीहरुको आर्थिक र सामाजिक विकासको लागि उनीहरु कै स्थानीय स्वायत्त र सक्षम सहकारी संस्था निर्माण गर्ने जस्तो नौलो खोजपूर्ण अभ्यासको रुपमा "साना किसान संस्थागत विकास अनुसरण कार्यक्रम" लाई लिन सकिन्छ । यस अभ्यास अन्तर्गत विभिन्न प्रयोग र सो को समयानुकुल परिस्कार समेत हुँदै आएको छ ।

### अनुसरण कार्यक्रमको विकासक्रम

(क) साना किसान विकास आयोजना अनुशरण (आयोजना मोडेल):- कृषि विकास बैङ्कद्वारा आ.व. २०५४/०५५ मा साना किसान सहकारी संस्था लि. छत्रेदेउराली (धादिङ्ग) ले आफ्नो छिमेकी केवलपुर गा.वि.स.मा "किसानले किसानलाई" को अनुसरण कार्यक्रम सञ्चालन गऱ्यो । उक्त कार्यक्रम साना किसान सहकारी संस्था लि. केवलपुर, धादिङ्गको नामबाट मिति २०५८/९/३० मा डिभिजन सहकारी कार्यालयमा दर्ता भई मिति २०५९/२/२० देखि यसको व्यवस्थापनको जिम्मा स्थानीय साना किसानले लिए । उक्त स्थानीय नेतृत्वले स्वतन्त्र तथा प्रभावकारी रुपमा सञ्चालन गर्दै आएको छ ।

यस कार्यक्रमका महिला सदस्यमात्र रहने व्यवस्था, साना किसान विकास कार्यक्रममा कृषि विकास बैङ्कले खेल्ने भूमिका प्रवर्धक साना किसान सहकारी संस्थाले निर्वाह गर्ने, प्रवर्धक संस्थाले एकजना दक्ष कर्मचारी अनुसरण कार्यकर्ताको रुपमा खटाउने र निजले साना किसान विकास आयोजना प्रमुखले गर्ने कार्यहरु गर्ने, यो बैङ्कको कार्यक्रम हो भन्ने भावनामा परिवर्तन गरी किसानले किसानलाई मद्दत गरेको अभियानको रुपमा कार्यक्रम विस्तार गर्ने, दक्ष अनुसरण कार्यकर्ताको मार्ग निर्देशनमा स्थानीय स्वयंसेवक र सञ्चालकहरु प्रशिक्षित हुने, नीति निर्माण र निर्णय प्रकृयामा स्थानीय साना किसानहरुको भूमिका

### अनुसरण कार्यक्रमको विशेषता

- ☑ *सक्षम साना किसान सहकारी संस्थाले सेवा वञ्चित क्षेत्रका साना किसानहरुलाई संगठित गराई नयाँ संस्था प्रवर्धन गर्ने,*
- ☑ *न्यूननतम प्रवर्धन खर्च, लागत प्रभावकारी,*
- ☑ *समावेशीकरण र महिला सशक्तिकरणमा जोड दिने*
- ☑ *साना किसानको अर्ध्थक र सामाजिक विकासका लक्ष्य लघुवित्त तथा सामाजकि विकासका कार्यक्रम संचालन गर्ने*
- ☑ *स्थानीय रुपमा पुँजी निर्माण (Capital Formation) गरी सदस्यहरुमा संस्थागत अपनत्व (Owenership) र आत्मनिर्भरता अभिवृद्धि गर्ने*
- ☑ *समूह, अन्तरसमूह र सञ्चालक समिति सहितको त्रिपाङ्ग्रीय* (Three tier) *सांगठानिक स्वरुपमा लक्षित वर्गको कुशल व्यवस्थापन रहने गरी स्वायत्त वैधानिक संस्था गठन गर्न*
- ☑ *सदस्यहरुको आवश्यकता बमोजिमको वित्तीय स्रोत उपलब्धताका लागि बैङ्कसंग वित्तीय अन्तरमध्यस्थ सम्बन्धको सुनिश्चितता गर्ने ।*
- ☑ *लघुवित्त सेवा नपुगेको दुर्गम र पहाडी क्षेत्रमा समेत सेवा विस्तारको लागि उपयुक्त नमुना तयार गर्ने ।*

स्थापित गर्दै जाने, ४ बर्ष भित्रमा नयाँ गाविसमा नयाँ परिपक्व साना किसान सहकारी संस्था स्थापना भई सञ्चालनमा आउने, कर्जा लगानी गर्न आवश्यक रकम कृषि विकास बैङ्क मार्फत प्राप्त हुने जस्ता विशेषताहरु रहेका थिए ।

(ख) किसानले किसानलाई (प्रवर्धक मोडेल):- पहिलो अनुसरण कार्यक्रमको सफलताबाट उत्साहित भई कृषि विकास बैङ्कद्वारा आ.व.२०५९/०६० मा अनुसरण कार्यक्रममा केही परिमार्जन गरी प्रवर्धक मोडलको शुरुआत गरेको थियो । जस अन्तर्गत ५ वटा सक्षम साना किसान सहकारी संस्थाले छिमेकी गा.वि.स मा यस कार्यक्रमको सञ्चालन गर्ने जिम्मेवारी लिएका थिए । यस मोडलमा एक सक्षम साना किसान सहकारी संस्थाले अर्को संस्था तयार गर्नु पर्ने, संस्था परिपक्व नभएसम्म स्थानीय बचतबाट नै सञ्चालन हुनु पर्ने र ३ वर्ष भित्रमा संस्थाको व्यवस्थापन स्थानीयलाई हस्तान्तरण गरिसक्नु पर्ने जस्ता व्यवस्था गरिएको थियो ।

प्रवर्धक मोडेलमा महिला सदस्यमात्र रहने व्यवस्था, प्रवर्धक साना किसान सहकारी संस्था नै प्रवर्धित संस्थाको मुख्य अभिभावक हुने, बैंक वा सहयोगी निकायहरुले आवश्यकतानुसार पृष्ठभूमीबाट मात्र सहयोग गर्ने, प्रवर्धक संस्थाले एकजना दक्ष कर्मचारी अनुसरण कार्यकर्ताको रुपमा खटाउने र निजले मुख्य प्रशिक्षक तथा सहजकर्ताको रुपमा कार्यहरु गर्ने, कार्यक्रम अनुसरण गरिने गाविस छनौट गर्न



सामुदायिक साना किसान कृषि सहकारी संस्था लि. नलाङ धादिङ्गको व्यवस्थापन हस्तान्तरण कार्यक्रममा तत्कालिन अर्थ सचिव श्री कृष्णहरि बास्कोटा सहित उच्चपदस्थ व्यक्तित्वहरु

प्रवर्धक संस्था स्वतन्त्रता रहने तर उक्त गाविस सिमाना जोडिएको हुनु पर्ने,प्रारम्भ देखि नै संस्थाका सदस्यहरुलाई सहकारी भावनाको विकास र सहकारिताको अभ्यास गर्ने, दक्ष अनुसरण कार्यकर्ताको मार्ग निर्देशनमा स्थानीय स्वयंसेवक र सञ्चालकहरु प्रशिक्षित हुने, नीति निर्माण र निर्णय प्रकृयामा स्थानीय साना किसानहरुको भूमिका स्थापित गर्दै जाने, ३ बर्ष भित्रमा नयाँ गाविसमा नयाँ परिपक्व साना किसान सहकारी संस्था स्थापना भई सञ्चालनमा आउने, कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने सम्पूर्ण खर्च सहयोगी निकायले पूर्व निर्धारित व्यवस्था अनुसार एकमुष्ठ व्यहोर्ने, हस्तान्तरण नभए सम्म आवश्यक पर्ने कर्जा रकम प्रवर्धक संस्थाले नै उपलब्ध गराउनु पर्ने जस्ता विशेषताहरु रहेका थिए ।

यस मोडेल अन्तर्गत प्रवर्धन भएका ५ वटा साना किसान सहकारी संस्थाहरुको व्यवस्थापन २०६१/६२ मा नै भई उक्त संस्थाहरु सफलतापूर्वक सञ्चालनमा रहेका छन् ।

(ग) अनुसरण कार्यक्रम घुम्तिकोष मोडेल :- कृषि विकास बैङ्कको अग्रसरतामा सञ्चालित पहिलो र दोस्रो मोडेल अन्तर्गत स्थापित भएका संस्थाहरु सफलता पूर्वक सञ्चालन भएता पनि कृषि विकास बैङ्कबाट साना किसान विकास कार्यक्रम क्रमशः फेजआउट हुँदै गएको, साना किसान विकास बैङ्क भर्खर मात्र स्थापना हुनु जस्ता विविध कारणहरुले गर्दा केही बर्षसम्म अनुसरण कार्यक्रमको विस्तार स्थगित हुन पुग्यो । CGAP-IFAD बाट सन २००३ मा Farmer To Farmer Replication वापत यस बैङ्कलाई रु. ५० हजार डलर राशीबाट पुरस्कार प्राप्त भए पछि सो पुरस्कारको घुम्तिकोष खडा गरी अनुसरण कार्यक्रम सञ्चालन गर्ने नीति अनुरुप साना किसान विकास बैङ्कले आ.व.२०६०/०६१ देखि अनुसरण कार्यक्रमको तेश्रो ढाँचा शुरुवात गऱ्यो ।

यस मोडल अन्तर्गत सञ्चालन गरिएका ७ वटा साना किसान सहकारी संस्थाको व्यवस्थापन हस्तान्तरण भई स्वतन्त्र ढंगले संञ्चालन भई रहेका छन् ।

(घ) अनुसरण कार्यक्रम प्रवर्धक मोडेल-२:- साना किसान अनुसरण कार्यक्रमको व्यापकता र आवश्यकताको मुल्यांकन गर्दै यस कार्यको विस्तारका लागि आवश्यक सहयोग गर्न नेपाल सरकारबाट आ.व. २०६४/०६५ देखि अनुदान सहयोग प्राप्त हुन थाल्यो । प्रवर्धक मोडेललाई नै परिमार्जन गरी साना किसान सहकारी संस्था र संघहरु मार्फत मितव्ययी रुपमा अर्को गा.वि.स.मा २ बर्ष भित्रमा नयाँ साना किसान सहकारी संस्था बनाउने मोडेल विकास गरियो । यसमा बैङ्कले सरकारबाट प्राप्त अनुदान रकमबाट प्रवर्धक संस्था मार्फत नयाँ साना किसान सहकारी संस्था बनाउने, सम्बन्धित संस्थाले २ वर्षको लागि एक जना अनुसरण कार्यकर्ता खटाउने, त्यस बीचमा आवश्यक पर्ने संस्थागत कर्जाको व्यवस्था सम्बन्धित संस्थाले नै मिलाउने र संस्था परिपक्व भएपछि बैङ्कले हस्तान्तरण गरीलिने जस्ता व्यवस्था थप गरियो । यस मोडेलबाट प्रवर्धन गरिएका मध्ये ४६ वटा संस्थाहरु हस्तान्तरण भई सकेका छन् भने ८३ वटा संस्था हस्तान्तरणका क्रममा रहेका छन् ।

(ङ) अनुसरण कार्यक्रम सहजकर्ता मोडेलः- अनुसरण कार्यक्रमको प्रयोग र विकासको यात्रामा अहिलेसम्म आईपुग्दा कार्यक्रमको प्रभावकारिता र माग तीव्र रुपले बढ्दै गएको पाईएकोछ । यो माग धान्नेगरी अनुदान तथा सहयोगहरुको एकातिर अभाव रहेको छ भने बिगतका बर्षहरु भन्दा सामाजिक चेतना स्तर, संस्थागत अभ्यास, व्यावसायिक सोचको विकास तथा उपलब्ध जनशक्तिको क्षमता विकास आदिका कारण अनुसरण कार्यक्रम विस्तार गर्ने मोडेललाई पुनः विकास र परिमार्जन गर्न आवश्यक भएको महसुस गरी आर्थिक वर्ष २०६८/६९ बाट सञ्चालन गरीने अनुसरण कार्यक्रमलाई सहजकर्ता मोडेलबाट सञ्चालन गरिने छ । त्यसै गरी आर्थिक वर्ष २०६८/६९ मा नेपाल सरकारबाट प्राप्त हुने अनुदान सहयोग राशीबाट थप ७५ वटा गा.वि.स मा सञ्चालन भई रहेको अनुसरण कार्यक्रम कार्य प्रभावकारी रुपमा अगाडी बढिरहेको छ । चालु आ.व.मा समेत थप ४० वटा अनुसरण कार्यक्रम सञ्चालन गर्ने योजना रहेको छ ।



GIZ/STPP र नेपाल कृषि सहकारी केन्द्रीय संघद्वारा प्रवर्धित साना किसान कृषि सहकारी संस्था लि. हरु क्रमशः दानावारी र चुलाचुली (इलाम) तथा टाँडी (मोरङ्ग) को साना किसान विकास बैङ्कसंग आवद्धता कार्यक्रममा ने.रा.बै का गभर्नर डा. युवराज खतिवडा

यस कार्यक्रमका मुख्य विशेषताहरुः-अनुसरण कार्यकर्तालाई सम्बन्धित प्रवर्धक संस्थाबाट सहयोगमा लिईएको सहजकर्ताको रुपमा स्थापित गरिनेछ । अनुसरण सहजकर्ताले एकै पटकमा अनुकुलका २ गाविसमा छुट्टाछुट्टै २ संस्था अनुसरणबाट प्रवर्धन गर्न स्थानीय स्वयंसेवकहरुलाई मद्दत गर्नेछन् । नयाँ संस्था प्रवर्धन भई १ वर्षमा हस्तान्तरण हुनेछ भने सहज कर्ताको सहयोग पटक पटक गरी लगभग ३ महिना रहनेछ । निजलाई पारिश्रमिक प्रदान गरिनेछ भने प्रवर्धक संस्थालाई पुरस्कार स्वरुप सानो नगद तथा प्रमाणपत्रले सम्मान गरिनेछ । सदस्यहरुले ६ महिना पश्चात मात्र आन्तरिक पुँजी निर्माणबाट कर्जा पाउने व्यवस्था गरिनेछ र हस्तान्तरण पछिमात्र बैङ्कले कर्जा उपलब्ध गराउन शुरु गर्नेछ। संस्थाको कोष व्यवस्थापन, लेखापालन र समाज परिचालनको अनुगमनका लागि पढेलेखेका स्थानीय महिलालाई स्वयंसेवक सचिव वा कोषाध्यक्षको रुपमा विकास गरिनेछ जो पछि सहकारी संस्थाको सञ्चालक समिति वा लेखा समितिमा रहने हैसियत राख्दछ। समाज परिचालक मध्ये बाट भविष्यमा कर्मचारीको क्षमता विकास गरिनेछ । अनुसरण कार्यक्रम सञ्चालन व्यवस्थासँग सम्बन्धित तालिम मात्र बैङ्कले प्रदान गर्ने बाँकी तालिमहरु स्थानीय रुपमा नै अनुसरण सहजकर्ता, स्वयंसेवक र समाज परिचालकले मिलाउनु पर्नेछ । संस्था परिपक्वता मापनका सम्पूर्ण आधारहरु पुरा भएमा मात्र बैङ्कले हस्तान्तरण गरिलिने, हस्तान्तरण नभए सम्म अनुसरण सहजकर्ताले पारिश्रमिक चुक्ता प्राप्त नगर्ने व्यवस्था मिलाईने छ । उत्कृष्ट अनुसरण सहजकर्ता र स्वयंसेवकलाई आकर्षक पुरस्कारको व्यवस्था मिलाईनेछ। बचत, शेयर तथा अन्य आन्तरिक स्रोतमा व्यापकता ल्याउन प्रतिस्पर्धात्मक विधिहरु अबलम्बन गरिनेछ ।

## पहाडी तथा हिमाली जिल्लामा लघुवित्त सेवा विस्तार

नेपालमा साना किसान विकास बैङ्क, साना किसान सहकारी संस्था, विभिन्न प्रकारका सहकारी संस्था, ग्रामीण विकास बैङ्क र गैरसरकारी संस्थामार्फत लघुवित्त सेवा विस्तार भएता पनि अझै पहाडी तथा हिमाली जिल्लामा बसोवास गर्दै आएका समुदायमा दिगो तथा भरपर्दो लघुवित्त सेवाको पहुँच पुग्न सकेको छैन। ग्रामीण क्षेत्रमा लघुवित्त सेवा प्रदान गर्ने पद्धति र उच्च सञ्चालन लागतको कारणले गर्दा विकट पहाडी तथा हिमाली क्षेत्रमा कार्यक्रम सञ्चालन गर्नमा कठिनाई भएकाले त्यस्ता क्षेत्रमा लघुवित्त सेवा विस्तार गति धिमा भएको देखिन्छ। पहाडी जिल्लाहरुमा समेत साना किसान सहकारी संस्थाहरुको सफल कार्यान्वयनबाट प्रभावित भई यस क्षेत्रमा साना किसान नमुनाको विस्तार सम्भव भएको ठहर गरिएको छ। यसै सिलसिलामा वित्तीय क्षेत्र सुधार कार्यक्रम अन्तरगत एसियाली विकास बैङ्क (ADB) को सहयोगमा Rural Finance Sector Development Cluster Programme – II अन्तरगत साना किसान विकास बैङ्कको कार्यक्रम सञ्चालन भैरहेको बाहेकका थप नौवटा पहाडी र हिमाली जिल्लाहरु (पाँचथर, दोलखा, सिन्धुपाल्चोक, रसुवा, म्याग्दी, रुकुम, दैलेख, डडेलधुरा र बैतडी) मा यस बैङ्क मार्फत लघुवित्त सेवा विस्तार गर्ने कार्य सुरु भएको छ।



उक्त जिल्लाहरुमा सञ्चालित सम्भावित सहकारी संस्थाहरुको पहिचान गर्नकालागि सम्बन्धित क्षेत्रका विज्ञहरु मार्फत ९ वटा जिल्लामा गरी कुल ४६ वटा अन्य सहकारी संस्थाको पहिचान गर्ने कार्य सम्पन्न भएको छ। हिमाली तथा पहाडी जिल्लामा पहिचान भएका सहकारी संस्थाहरुमा रहेका कमजोर पक्षहरुलाई सुधार गरी संस्थालाई बैङ्कसँग प्रत्यक्ष कारोबारमा सहभागी गराउन स्थानीय ७ जना प्रशिक्षकहरु नियुक्ति गरी खटाईएको छ। निजहरुवाट थप २० वटा संस्थाहरुमा व्यावसायिक योजना तर्जुमा तथा अन्य आवश्यक प्राविधिक सहयोग समेत उपलब्ध भईसकेको छ। यी २० वटै संस्थाहरु २०६९ मंसिर मसान्त सम्ममा यस बैङ्कमा आवद्ध भै सकेका छन्। निकट भविष्यमै हिमाली तथा पहाडी क्षेत्रका थप २० वटा संस्थाहरु तयार भै बैङ्कसँग आवद्ध हुनेछन।

यस कार्यक्रम अन्तरगत हाल सम्ममा भएको प्रगति देहाय अनुसार छ :-

| क्र. सं. | जिल्ला | पहिचान गरिएका संस्था संख्या | क्षमता विकास गरिएका संस्था संख्या | बैङ्कमा आवद्ध संस्था संख्या | कुल लाभान्वित सदस्य संख्या | | आन्तरिक पुँजी निर्माण (रु.000) | लरर (रु.000) |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | जम्मा | | |
| १ | पाँचथर | ५ | ५ | २ | १५५२ | २४३७ | ५४४२१ | ५००५६ |
| २ | दोलखा | ६ | ४ | ५ | ५०७५ | ८८४१ | २१९७२६ | २२७०८४ |
| ३ | सिन्धुपाल्चोक | ६ | ६ | ५ | ७०३ | १८८३ | ९५००१ | २५१०९ |
| ४ | रसुवा | ५ | ५ | २ | ६४५ | ७३५ | ९८२६ | ३४२८ |
| ५ | म्याग्दी | ६ | ० | ६ | २७३९ | ३९८२ | ७६२५६ | ५७३११ |
| ६ | दैलेख | ५ | ० | ० | ७९९ | १४६७ | २१६७७ | २३०९३ |
| ७ | डडेलधुरा | ४ | ० | ० | ८०१ | १५५५ | १६५६० | १४०४४ |
| ८ | बैतडी | ४ | ० | ० | ७७६ | ११७७ | १५४७६ | १४९६५ |
| ९ | रुकुम | ५ | ० | ० | २०८ | ५०७ | ७६६४ | १६४१ |
| | जम्मा | ४६ | २० | २० | १३२९८ | २२५८४ | ५१६६०७ | ४१६७३१ |





## साना किसान विकास बैङ्कमा व्यवस्थापन सूचना प्रविधि

कुनै पनि संस्था त्यसमा पनि वित्तीय संस्थाको विकासमा सूचना प्रविधिको भूमिका अपरिहार्य हुन्छ। सूचना प्रविधिको २१ औं शताब्दीको बैकिङ्ग तथा वित्तीय संस्थाको जीवनदायिनी रक्तको रुपमा रहेको छ। कुनै पनि संस्था विशेषत वित्तीय क्षेत्रसँग सम्बन्धित संस्थामा व्यवस्थापन सूचना प्रणाली (MIS) को भूमिका संस्थाको सवल सञ्चालनको लागि अत्यावश्यक हुन्छ। देशको ग्रामीण समुदायको विकासमा महत्वपूर्ण भूमिका निभाईरहेको यस बैङ्कले सूचनाप्रविधिमा समायोचित विकास गर्दै जानु अपरिहार्य भएको छ।

एसियाली विकास बैङ्क (ADB) ले यस साना किसान विकास बैङ्कको गतिशिल भूमिकालाई अझ सशक्त र सेवामूखी बनाउनुको साथसाथै बैङ्कको वित्तीय तथा व्यवस्थापन सूचना प्रणालीलाई समयानुकुल परिमार्जन गर्ने कार्यमा सहयोग पुऱ्याउन ग्रामीण वित्तीय क्षेत्र विकास कार्यक्रम - १ (Rural Finance Development Sector Cluster Programme-I) मा यस बैङ्कलाई समेत समावेश गरी कार्यआरम्भ गरिएको थियो। सन् २०१० को डिसेम्बर समाप्त भएको उक्त कार्यक्रममा बैङ्कको केन्द्रीय र इलाका कार्यालयहरुका लागि केही थान कम्प्यूटर लगायतका उपकरणहरु खरिद गरियो। सोही कार्यक्रम मार्फत बैङ्को केन्द्रीय र इलाका कार्यालयहरुका लागि व्यवस्थापन सूचना प्रणालीको सुदृढिकरण गर्न कम्प्यूटर सफ्टवेयरको खरिद प्रकृया अघि बढाई बैङ्कको केन्द्रीय तथा इलाका कार्यालयहरुमा लागू गर्ने र सफ्टवेरमा आवश्यक परिमार्जन गर्ने काम अघि बढाइयो।

ग्रामीण वित्तीय क्षेत्र कार्यक्रमको सफल कार्यान्वयन पश्चात बैङ्कको सूचना प्रणाली अद्यावधिक गर्न र बैङ्कको व्यवस्थापन सूचना प्रणालीलाई समय सापेक्ष सुधार गर्ने कार्य शुरु भएको छ। दोस्रो चरणको कार्यक्रममा बैङ्कको व्यवस्थापन सूचना प्रणालीलाई समयसापेक्ष सुधार गर्ने क्रममा केही नयाँ हार्डवेर तथा सफ्टवेर खरिद गर्ने कार्य अघि बढिसकेको छ भने केही हार्डवेर, सफ्टवेर तथा अन्य केही आवश्यक सामानहरु खरिद गरी कार्यान्वयनमा आइसकेको छ। देशमा विद्यमान उर्जाको समस्यालाई मध्यनजर राख्दै केन्द्रीय तथा इलाका कार्यालयहरुलाई यू.पि.एस. र जेनेरेटरको व्यवस्था भैसकेको छ भने केन्द्रीय कार्यालयमा सौर्य उर्जाको वैकल्पिक व्यवस्था गरिने छ। त्यस्तै हाल सञ्चालनमा रहेको हस्तलिखित अभिलेख तथा लेखा प्रणाली (Manual Recordand Books of Accounting System) तथा सञ्चालमा रहेको सफ्टवेरमा विस्तृत अध्ययनएवं विज्ञहरुको राय समेत समावेश गरी बैङ्कलाई आवश्यक हुने व्यवस्थापन सूचना प्रणालीलाई अवलम्वन गर्दै त्यसलाई यान्त्रिकृत गर्ने कार्य तदारुकताका साथ अगाडि बढ्दैछ। व्यवस्थापन सूचना प्रणालीको सही कार्यान्वयन विना बैङ्कको कार्य निश्चित दिशातर्फ अघि नबढ्ने भएको हुँदा यसको सफलताको लागि कर्मचारीहरुको सहभागिता र क्षमता विकासलाई ध्यान पुऱ्याइएको छ।

सूचना प्रणालीको विकाससँगै त्यसबाट हुन सक्ने सम्भावित दुर्घटना तथा व्यवस्थापकीय संवेदनसिलतालाई समेत हृदयगम गरी बैङ्को सूचना प्रणालीलाई सशक्त रुपमा सञ्चालन गर्न सूचनाप्रविधि नीति (IT Policy) तर्जुमा गरी लागू गरिएको छ। यस कार्यहरु अन्तरगत कार्यरत जनशक्तिलाई समयसापेक्ष सूचनाप्रविधिको ज्ञान दिन आवश्यक तालिम सामाग्रीको निर्माण गर्ने कार्य समेत सञ्चालन हुनेछ। बैङ्कलाई आवश्यक प्रतिवेदन तथा तथ्यांकहरु सजिलोसँग प्राप्त गर्ने कार्यको लागि साना किसान सहकारी संस्थाहरुबाट आउने तथ्यांकहरुको निश्चित प्रारुप (Format) बनाई प्राप्त हुने तथ्यांकमा एक रुपता ल्याउन सरोकारवालाहरुसँग समन्वय गरी सफ्टवेरमा गर्न सकिने सम्मको परिमार्जन गर्ने योजना रहेको छ। सूचना प्रणालीमा आधारित सूचनाप्रविधिको विकासले बैङ्क तथा सरोकारवाला संस्था विचको कारोबार पारदर्शि हुनुको सार्थ मितव्ययी समेत हुन जान्छ। यसबाट संस्थाले बैङ्कलाई पठाउनु पर्ने विवरण र बैङ्कले नियमन निकाय नेपाल राष्ट्र बैङ्क तथा नेपाल सरकार लगायतका निकायहरुमा पठाउनु पर्ने विवरण छिटो र भरपर्दो हुनुको साथै कारोबारको हिसाबकिताब पारदर्शि हुन जान्छ। बैङ्कले एसियाली विकास बैङ्कको सहयोग तथा संस्थाहरुको लागत साझेदारीमा सम्बद्ध संस्थाहरुलाई ल्यापटप उपलब्ध गराउनुको साथै हाल संस्थाहरुमा सञ्चालनमा रहेको सफ्टवेरको प्राविधिक मूल्यांकन समेतको लक्ष्य राखेको छ।



बैङ्का कर्मचारीहरुलाई सफ्टवेयर तालिम

# संस्थाहरूको अवलोकन, अनुगमन तथा निरीक्षणका केही झलकहरू



२०६८ मङ्सिर २३ गते माननीय अर्थमन्त्री श्री वर्षमान पुनज्यूले साना किसान कृषि सहकारी सङ्घ लि. नवलपरासीको संयोजकत्वमा स्थापित साना किसानहरूको खाद्य मिलको उद्घाटन गर्नुभएको थियो । उक्त अवसरमा माननीय अर्थमन्त्रीज्यूले किसानहरूले सञ्चालन गरेको कामको प्रसंशा गर्दै किसानहरूले पनि केही गर्न सक्छन् भन्ने यो देशकै लागि एउटा उदाहरण भएको उल्लेख गर्नुभएको थियो। आगामी दिनमा किसानहरूको उत्पादनलाई बजारको आवश्यकता भएकाले काठमाडौं उपत्यकाको कुनै ठाउँमा किसानहरूको बजार व्यवस्थाका लागि प्रयत्न गर्ने समेत वचन दिनुभएको थियो। टोलीमा माननीय सभासद एवं पूर्व युवा तथा खेलकुद मन्त्री श्री ओनसरी घर्तिमगरज्यू, साना किसान विकास बैङ्कका अध्यक्ष श्री खेमबहादुर पाठक, प्रमुख कार्यकारी अधिकृत श्री जलनकुमार शर्मा, का.मु. बरिष्ठ प्रबन्धक श्री झलेन्द्र भट्टराई एवं इलाका कार्यालयका इलाका प्रबन्धक श्री भोजराज भण्डारीको समेत सहभागिता थियो ।

२०६८ कार्तिक १९ गतेका दिन अर्थ-मन्त्रालयका सचिव श्री कृष्णहरी बाँस्कोटा, सहकारी रजिष्ट्रार श्री सुदर्शन ढकाल, बैङ्कका अध्यक्ष श्री खेमबहादुर पाठक, प्रमुख कार्यकारी अधिकृत श्री जलनकुमार शर्मा, कार्यक्रम संयोजक श्री कृष्ण लामिछाने, सहकारी जागरण कार्यक्रमका पत्रकार श्री इन्दिरा पन्त लगायतको टालीले साना किसान सहकारी संस्था लि. नौबिसे र केवलपुर धादिङका किसानहरूले बैङ्कको पशुपालन कर्जा, स्वरोजगार कर्जा र लघुवित्त कर्जा कार्यक्रम अन्तर्गत सञ्चालन गरेका परियोजनाहरूको अनुगमन तथा अवलोकन गऱ्यो । सोही दिन उक्त टोली साना किसान सहकारी संस्था लि. केवलपुर, धादिङको साधारण सभामा समेत सहभागी भएको थियो ।



अर्थ मन्त्रालयका सहसचिव श्री लोकदर्शन रेग्मी तथा अधिकृत गुणराज सुवेदी सहितको टोलीले मिति २०६८ मङ्सिर १६ देखि २० गतेसम्म धादिङको साना किसान सहकारी संस्था लि. जीवनपुर हुँदै नवलपरासी, रूपन्देही र अर्घाखाँची जिल्लाका विभिन्न साना किसान सहकारी संस्थाहरूले सञ्चालन गरेका परियोजनाहरूको अवलोकन गरियो। सहसचिवज्यूबाट साना किसान सहकारी संस्था लि. हरू क्रमश: खाँचीकोट र नरपानीको नवनिर्मित भवन उद्घाटन भएको थियो। साना किसान कृषि सहकारी संस्था लि. दुधराक्ष, रूपन्देहीको नवनिर्मित भवनको उद्घाटन र सोही संस्थाद्वारा अनुसरण कार्यक्रमबाट प्रवर्धन गरिएको साना किसान कृषि सहकारी संस्था लि. गजेडीको व्यवस्थापन हस्तान्तरण समेत सम्पन्न गर्नुभएको थियो ।

२०६८ पौष १८ र १९ मा नेपाल राष्ट्र बैङ्कको डेपुटी गभर्नर श्री गोपालप्रसाद काफ्ले, बैङ्कका अध्यक्ष श्री खेमबहादुर पाठक र कार्यक्रम संयोजक श्री कृष्णप्रसाद लामिछाने सहितको टोलीबाट साना किसान विकास बैङ्क लि. इलाका कार्यालय गजुरी, धादिङ अन्तरगत कारोबार गरिरहेको साना किसान कृषि सहकारी संस्था लि. छत्रेदउराली, धादिङको विभिन्न क्रियाकलापहरूको अवलोकनसम्पन्न भयो ।



२०६८ पौष २२ र २३ गते अर्थ मन्त्रालयका सहसचिव श्री बैकुण्ठ अर्याल, शाखा अधिकृत श्री बालकृष्ण अधिकारी, साना किसान विकास बैङ्का अध्यक्ष श्री खेमबहादुर पाठक, अनुगमन अधिकृत श्री भिमप्रसाद गैह्रे एवं इलाका प्रबन्धक श्री कृष्णकुमारी शर्मा समेतको टोलीले इलाका कार्यालय हेटौंडा अन्तरगतका विभिन्न साना किसान कृषि सहकारी संस्थाहरूले सञ्चालन गरेका विविध परियोजनाहरूको स्थलगत अनुगमन तथा अवलोकन सम्पन्न भयो । उक्त कार्यक्रममा अर्थ मन्त्रालयका सहसचिव श्री बैकुण्ठ अर्यालबाट साना किसान कृषि सहकारी संस्था लि. हाडीखोलाको साधारण सभामा सहभागी भई उक्त



संस्थाको कार्यक्रम अवलोकन गर्नुभयो । यसै गरी साना किसान सहकारी संस्था लि. पिप्ले र खैरहनी (चितवन) को नवनिर्मित भवन उद्घाटन तथा साना किसान कृषि सहकारी संस्था लि. पिप्लेद्वारा अनुसरण कार्यक्रमबाट प्रवर्धित गरिएको साना किसान कृषि सहकारी संस्था लि. गुञ्जनगर (चितवन) को व्यवस्थापन हस्तान्रण समेत सम्पन्न गर्नु भएको थियो । सो अवसरमा बैङ्कको पशुपालन, स्वरोजगार र लघुवित्त कर्जा कार्यक्रम अन्तर्गत किसानहरूबाट सञ्चालित परयोजनाहरूको समेत अनुगमन गरिएको थियो ।

२०६८ पौष १८ गतेका दिन राष्ट्रिय योजना आयोगका सहसचिव श्री भवकृष्ण भट्टराई सहतिको टोली साना किसान कृषि सहकारी संस्था लि. छत्रेदेउराली, धादिङले सञ्चालन गरेका परियोजनाहरूको अनुगमन तथा अवलोकन भ्रमण गर्नुभएको थियो । टोलीमा साना किसान विकास बैङ्कका अध्यक्ष श्री खेमबहादुर पाठक, प्रमुख कार्यकारी अधिकृत श्री जलनकुमार शर्मा, कार्यक्रम संयोजक श्री कृष्णप्रसाद लामिछाने, सहकारी जागरणका पत्रकार श्री केशवप्रसाद पाण्डे एवं अर्थको अर्थ कार्यक्रमका पत्रकार श्री शमुयल राना मगरको समेत सहभागिता रहेको थियो ।

२०६८ पौष १९ गतेका दिन नेपाल राष्ट्र बैङ्कका डेपुटी गभर्नर श्री गोपालप्रसाद काफ्ले सहितको टोलीले साना किसान कृषि सहकारी संस्था लि. जीवनपुर, धादिङले सञ्चालन गरेका परियोजनाहरूको स्थलगत अवलोकन गर्नुभएको थियो । साथै उक्त टोली संस्थाको दसौं वार्षिक साधारण सभामा समेत सहभागी हुनुभएको थियो । टोलीमा साना किसान विकास बैङ्का अध्यक्ष श्री खेमबहादुर पाठक, का.मु. बरिष्ठ प्रबन्धक श्री झलेन्द्र भट्टराई, अर्थको

अर्थ कार्यक्रमका पत्रकार श्री लोमस जोशी र श्री शमुयल राना मगर, अभियान दैनिकका पत्रकार श्री यज्ञप्रसाद वज्राडे, एवं अन्नपूर्ण पोष्टका पत्रकार श्री राजेश बर्मा समेतको सहभागिता थियो ।

२०६८ साल फागुन ७ गतेदेखि १० गतेसम्म नेपाल राष्ट्र बैङ्कका गभर्नर डा. युवराज खतिवडा, सा.कि. बैङ्कका अध्यक्ष खेम बहादुर पाठक, सञ्चालक धर्मराज आत्रेय एवं सा.कि.बैङ्कका प्रमुख कार्यकारी अधिकृत श्री जलनकुमार शर्मा, बरिष्ठ प्रबन्धक श्री झलेन्द्र भट्टराई लगायत विभिन्न पदाधिकारीहरूको संयुक्त टोलीले साना किसान गतिविधिहरूको अध्ययन र अवलोकन गरेको थियो ।

### (क) साना किसान सहकारी संस्था लि. हरू नयाँ बेलहानी र दुम्किबास हस्तान्तरण

कृषि सहकारी जिल्ला सङ्घ नवलपरासीद्वारा अनुसरित २ वटा संस्थाहरू नयाँ साना किसान कृषि सहकारी संस्था लि. हरू क्रमशः नयाँ बेलहानी र दुम्किबासको व्यवस्थापन नेपाल राष्ट्र बैङ्कका गभर्नर डा. युवराज खतिवडाद्वारा हस्तान्तरण गरिएको थियो। कार्यक्रममा नेपाल राष्ट्र बैङ्कका गभर्नर डा. युवराज खतिवडाले आर्थिक उन्नति र विकासमा महिलाहरूको सहभागिता बढाउन लघुवित्तलाई उपकरण बनाई साना किसान विकास बैङ्कले आरम्भ गरेको साना किसान सहकारी अनुसरण कार्यक्रम प्रभावकारी रहेको बताउनुभयो । उहाँले पुँजी, सीप र सङ्गठनको यो सम्मिश्रणबाट स्थानीय संरचनाले प्रभावकारी रूपमा काम गर्ने भएकाले गरिबी निवारणका लागि साना किसान अभियान मुलुकको भौगोलिक सांस्कृतिक बनावट अनुकुल देखिएको बताउनुभयो । उक्त कार्यक्रममा नेपाल राष्ट्र बैङ्कका उप निर्देशक अशोक पौडेल तथा ने.रा.बैङ्क भैरहवाका व्यवस्थापक, GTZ का प्रतिनिधि सेवानन सङ्गत समेतको सहभागिता रहेको थियो ।

### (ख) साना किसान सहकारी संस्था लि. हरू शुक्रौली र हकुई हस्तान्तरण

सोही दिन आयोजित साना किसान सहकारी संस्था लि. हरू क्रमशः सुक्रौली र हकुईको हस्तान्तरण कार्यक्रममा प्रमुख अतिथी राष्ट्र बैङ्कका गभर्नर डा.



युवराज खतिवडाले सो समारोहमा साना किसान सहकारी संस्थाहरूको व्यवस्थापन हस्तान्तरण प्रमाणपत्र प्रदान गर्दै महिला सशक्तिकरण र आर्थिक सबलीकरणमा साना किसानहरूको यो प्रयास ज्यादै उत्साहजनक र अनुकरणीय लागेको बताउनुभयो । उहाँले साना किसान कृषि सहकारी संस्थाले ग्रामीण स्तरमा बसोवास गर्ने महिलाहरूलाई सहकारी संस्थाको माध्यमद्वारा सङ्गठित गराई महिलाहरू मिलेर आर्थिक र सामाजिक उन्नतिको यो शान्त क्रान्ति सफल गर्न सके यसबाट गाँउको गरिबीलाई आफैं घटाउन सक्ने हुँदा साना किसान विकास बैङ्क लि. को यो अनुसरण कार्यक्रमको अभियान मुलुककै लागि महत्वपूर्ण भएको बताउनुभयो ।

मिति २०६८ साल फागुन ८ गते साना किसान कृषि सहकारी संस्था लि. देवदह रूपन्देहीको गाईपालन कार्यक्रमको अनुगमन तथा निरिक्षण गर्ने कार्यक्रम रहेकोले बुटवलबाट त्यसतर्फ प्रस्थान गरियो । करिब ८:३० बजे त्यस ठाँउमा पुगेको र देवदह मा सञ्चालित साना किसान कृषि सहकारी संस्था लि. देवदहको कार्यालय रहेको स्थानमा पुगी संस्थाको बारेमा गभर्नर डा. युवराज खतिवडाले संस्थाका प्रतिनिधि एवं कर्मचारीहरूसँग अन्तरक्रिया गर्नुभएको थियो । संस्थाको अध्यक्ष रूपा ढुङ्गाना सहित अन्य सञ्चालकहरू एवं प्रबन्धक श्री सरला सुवेदी सहित सम्पूर्ण कर्मचारीहरूसँग अन्तरक्रिया पश्चात टाली किसानहरूको परियोजना स्थलतर्फ प्रस्थान गरेको थियो । केही परियोजनाको संक्षिप्त झलक यहाँ प्रस्तुत गरिएको छ ।





### (क) तारादेवी ढुङ्गाना (सदस्य)

तारादेवी ढुङ्गाना एक सफल गाई पालक किसान हुनुहुन्छ । उहाँको श्रीमान् मिनप्रसाद ढुङ्गानाले एक सरकारी नोकरी छाडेर श्रीमतीले अंगालेको पशुपालन पेसामा लाग्नुभएको र गाईपालनबाट मासिक ३०-४० हजारसम्म खुद आम्दानी गरेको बताईयो । उहाँको गोठमा रु. ६० हजारदेखि ९० हजारसम्म पर्ने १६ वटा दुधालु गाई रहेको पाईयो । उहाँले रु. दुई लाख कर्जा थोरै भएको, मासुजन्य कर्जा जस्तै सरल व्याजमा दुग्ध व्यवसाय कर्जा आवश्यक भएको तथा बीमा कार्यक्रममा सरकारको थप सहयोग आवश्यक भएको बताउनु भयो ।

### (ख) अर्जुन चापागाई (सदस्य)

लामो समयदेखि गाईपालन व्यवसायमा लाग्नुभएका श्री चापागाईंले घरमा भेटेनरी पसल पनि राख्नुभएको पाईयो । गाई र भैंसी गरि ८ वटा दुध दिने पशुपालन गर्नु हुने श्री चापागाईं प्रतिदिन सरदर ३५-४० लिटर दुध बेच्ने कुरा बताउनु हुन्छ। गाईपालनको सम्पूर्ण कार्य श्रीमान श्रीमती मिलेर गर्ने गरेको बताउने चापागाईंले पशुपालनमा प्राविधि सहयोगको ठूलो खाँचो रहेको बताउनु हुन्छ ।



### (ग) खडानन्द चापागाई (सदस्य)

सानो गोठमा ३५ वटाभन्दा बढी गाई पाल्नुभएका श्री चापागाईंले गोठ केही सानो भएको स्वीकार गर्दै आफूले गोठ र पशुको सरसफाईमा निकै ध्यान दिने गरेकोबाट पशु स्वस्थ रहन सकेको बताउनु हुन्छ । सुरुमा १ वटा गाईबाट सुरु गरेर संस्थाबाट ऋण लिई हाल ३५ वटा गाई पाल्नुभएको कुरा हाम्रो टोलीलाई कृषकले सुनाउँदा गभर्नरज्यूले भावुक हुँदै यो देशमा सबै किसानहरू यही रूपमा प्रगति गर्न सक्ने बन(ाउन अझै ज्यादै प्रयास हुनुपर्ने कुरा बताउनुभएको थियो । भ्रमण टोलीलाई श्री चापागाईंले आवश्यकता अनुसार सहुलियत दरमा कर्जा पाएमा अझै बढी र व्यवस्थित रूपमा गाईपालन गर्ने आफूमा सामर्थ्य र ईच्छा रहेको बताउनुभएको थियो ।

### (घ) यमुना पाण्डे (सदस्य)

यमुना पाण्डेले आफ्नो सानो गोठमा करिब २२ वटा गाईपालन गर्नुभएको छ ।



विदेश नगई आफ्नै देशमा केही गर्छु भनेर गाईपालनमा लाग्नुभएका श्री पाण्डे यो पेसाबाट आफू सन्तुष्ट रहे को बताउनु हुन्छ। सामान्य खालको गोठमा २२ वटा गाईपालन देखेर हाम्रो टोली निकै प्रभावित भयो ।

युवक भएर कृषि पेसामा लागेका श्री पाण्डेलाई भ्रमण टोलीले बिदेशिन हतारिने युवाका लागि प्रेरणास्रोत बन्न शुभकामना दिएको थियो ।


खडानन्द चापागाई

### (ङ) बिष्णुप्रसाद ज्ञवाली (सदस्य)

एउटा पुरानो अवस्थाको परम्परागत सामान्य गोठमा गाई र बाच्छा बाच्छी गरि जम्मा ३० वटा पशुपालन गर्ने श्री ज्ञवालीले आई.ए.सम्मको अध्ययन गरेका छन् । पैत्रिक पेसाको रूपमा गरि आएको यो गाईपालन व्यवसाय सुरुवात आफ्ना पंडित पिताले दानमा ल्याएको गाईबाट सुरुवात गरेको बताउँदै श्री ज्ञवालीले आफ्नै गाईका सन्तान बृद्धि भई हाल यो रूप धारण गरेको बताउँछन् ।



गाईको विकास र पालनमा साना किसान सहकारी संस्थाबाट स्वरोजगार कर्जा लिएका श्री ज्ञवाली सो कर्जाको रकम बढाई आफू जस्ता युवा किसानलाई बर्तमान महंगीमा व्यवसाय गर्न सक्ने बनाउन आग्रह गर्छन् । हालको गाईको मूल्य करिब ६०-८० हजार रहेकोले २ लाखबाट गोठ बनाउने कि गाई किन्ने भन्ने समस्या हुने उनको भनाई छ । नेपाल सरकार वा संस्था जसले भएपनि व्यावसायिक हिसाबले पशुपालन गर्न चाहानेलाई रु. १० लाखसम्म सहुलियत दरमा कर्जा उपलब्ध गराई दिने र प्राविधिक सेवा उपलब्ध गराउने कुरामा सम्बन्धित निकायको ध्यान नपुगेको भन्ने उनको गुनासो रहेको छ ।

२०६८ साल फागुन ९ गते साना किसान कृषि सहकारी संस्था फेदीखोला, स्याङजाका किसानले गरेको बङ्गुर तथा कृषि फर्मको अवलोकन गरियो । सोही दिन साना किसान कृषि सहकारी संस्था फेदीखोला, स्याङजाले प्रवर्धन गरेका साना किसान सहकारी संस्थाहरू क्रमशः बाँगेफड्के र बाङ्गसिंहको हस्तान्तरण कार्यक्रममा प्रमुख अतिथि गभर्नर डा. युवराज खतिवडाले सहकारीहरूले गरिबी न्यूनीकरण गर्नमा पुऱ्याएको योगदान तथा विशेष गरि साना किसानहरूको भूमिकाको बारेमा चर्चा गर्दै आफूहरू नीति निर्माण गर्ने ठाउँमा भएकाले ग्रामीण विपन्न तथा साना किसानहरूमा वित्तीय सेवाको पहुँचका सन्दर्भमा परेका अप्ठेरा कुराहरू फुकाउन आफू प्रतिबद्ध रहेको बताउनुभएको थियो । कार्यक्रममा विशिष्ट अतिथि माननीय सभासद हितकाजी गुरुङ्ग, विशेष अतिथि बैङ्कका अध्यक्ष खेमबहादुर पाठक, विशेष अतिथि प्रमुख कार्यकारी अधिकृत जलनकुमार शर्माले सम्बोधन गर्नुभएको थियो । कार्यक्रममा स्थानीय महिला तथा साँस्कृतिक समूहहरूले नाच, गान तथा कविता वाचन समेत गर्नुभएको थियो ।

सोही दिन बेलुका साना किसान कृषि सहकारी संस्था लि. सराङकोट, कास्कीको कार्यालयमा पुगी संस्थाका सञ्चालक समितिका पदाधिकारीहरू, कर्मचारीहरू र सेयर सदस्यहरूसँग संस्थाका गतिविधिहरूको बारेमा जानकारी लिई संस्थाले लगानी गरेको कर्जा र सोको परियोजनाहरूको अवलोकन गरियो

२०६८ साल फागुन १० गते साना किसान कृषि सहकारी संस्था लि. ढोरफिर्दी तनहुँको कारोबारको अवस्था संस्थाले सञ्चालन गरेको कार्यक्रम र भावि कार्यक्रमको विषयमा जानकारी लिई संस्थाले लगानी गरेको कर्जाबाट सञ्चालित बङ्गुरपालन र सोसँगै समावेश गरिएको माछापालन व्यवसाय, १९ जना सदस्यहरूले सामुहिक रूपमा सञ्चालन गरेको तरकारी खेती र व्यावसायिक भैंसीपालनको अवलोकन गरियो ।

सोही दिन साना किसान कृषि सहकारी संस्था लि. माझठाना कास्कीमा साना किसानहरूले उत्पादन गरेको कृषि उपज तथा दुग्धजन्य बस्तुहरूको उत्पादनको बजारीकरण व्यवस्थाका लागि कृषि उपज तथा दुग्ध सङ्कलन केन्द्रको श्रीमान गभर्नर ज्यूबाट उद्घाटन सम्पन्न भयो ।

उद्घाटन मन्तब्यको क्रममा गभर्नर डा. युवराज खतिवडाले किसान वर्गमा नै गरिबी र बेरोजगारीको सबैभन्दा बढी समस्या रहेकोले उनीहरूको आर्थिक विकासका लागि कृषिलाई व्यावसायिकरण गर्नुपर्ने र सोका लागि वित्तीय तथा प्राविधिक प्रणाली स्थापना गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । उहाँले साना किसानहरूको आर्थिक अवस्थामा सुधार ल्याउन





नसक्ने हो भने, देशले गरिबीबाट मुक्ति पाउन नसक्ने र देशले कल्पना गरेको उच्च आर्थिक बृद्धिदरको लक्ष पनि पुरा हुन नसक्ने धारणा राख्नुभएको थियो । गभर्नर डा. युवराज खतिवडाले ५ दिनको अवलोकन भ्रमणको निष्कर्षको स्वरूप साना किसानहरूलाई शुलभ कर्जा उपलब्ध गराउन वाणिज्य बैङ्कहरूलाई समेत त्योभित्र ल्याउन र नेपाल राष्ट्र बैङ्क स्वयंले पनि पुनरकर्जाको व्यवस्था बैङ्कहरूमार्फत प्रदान गरिने प्रतिबद्धता र नीति बनाउँदा यी विषयहरूलाई समावेश गरिने विचार ब्यक्त गर्नुभएको थियो ।

२०६९ वैशाख २३ गते नेपाल राष्ट्र बैङ्कका डेपुटी गभर्नर श्री महाप्रसाद अधिकारीज्यू, साना किसान विकास बैङ्कका अध्यक्ष श्री खेमबहादुर पाठकज्यू, सञ्चालक सदस्य श्री चाँदनी ढकालज्यू, प्रमुख कार्यकारी अधिकृत श्री जलनकुमार शर्माज्यू, नेपाल राष्ट्र बैङ्क नेपालगञ्जका व्यवस्थापक श्री कल्याण बन्धु अर्यालज्यू, नेपाल कृषि सहकारी केन्द्रीय सङ्घका महाप्रबन्धक श्री रुद्र भट्टराई, साना किसान विकास बैङ्क लि.का प्रबन्धक श्री लिलाधर धितालज्यू इलाका कार्यालय, नेपालगञ्जका इलाका प्रबन्धकज्यू, वरिष्ठ सहायक र सहायक कर्मचारी सम्मिलित टोलीले साना किसान कृषि सहकारी संस्था लि. मैनापोखर, बर्दियाका ३ जना कृषक सदस्यहरू (श्री सुन्दरी चौधरी र श्री पञ्चराम थारुको तरकारी खेती परियोजना तथा श्री मनमाया माझीले १५ वटा बाख्रापालन गरेको परियोजना) को व्यावसायिक परियोजना अवलोकन अध्ययन भ्रमण गरियो । उक्त भ्रमण टोलीबाट साना किसान कृषि सहकारी संस्था लि. डेउढाकला बर्दियाका कृषक सदस्य श्री केशव के.सी.ले सञ्चालन गर्नुभएको मिल, जर्सी गाईपालन, बङ्गुरपालन र बाख्रापालन तथा परेवापालन गरेको परियोजना समेतको अवलोकन भयो ।



सोही दिन साना किसान कृषि सहकारी संस्था लि.कालिका, बर्दियाले प्रबर्द्धन गरेका मोतिपुर र जमुनी सहकारी संस्थाको अनुसरण कार्यक्रमको एक भव्य समारोहमा हस्तान्तरण गर्दै प्रमुख अतिथि श्री महाप्रसाद अधिकारीले साना किसान विकास बैङ्कको वित्तीय सहयोगमा सञ्चालित महिला साना किसान सहकारी संस्थाहरूले सदस्यहरूको आर्थिक तथा सामाजिक जिवनस्तरमा माथि उठाउन महत्वपूर्ण भूमिका खेल्दै गरिबी न्यूनीकरणमा सहयोग पुऱ्याउँदै आएको बताउनुभयो । उहाँले साना किसान विकास बैङ्कलाई नेपाल राष्ट्र बैङ्कबाट आवश्यक सहयोग गर्न पहल गर्ने प्रतिबद्धता जनाउनु हुँदै यस्तो कार्यक्रमलाई नेपाल अधिराज्यका अन्य गा.वि.स.हरूमा पनि विस्तार गर्नुपर्ने सुझाव दिनुभयो । उक्त दिन साना किसान कृषि सहकारी संस्था लि. महादेवपुरी, बाँकेबाट कर्जा लगानी गरिएका कृषक सदस्यहरू श्री कर्णबहादुर खड्का, श्री पेसलनी खत्री, श्री पुष्पा शर्मा, श्री शुक्र राज के.सी. लगायतका किसान सदस्यहरूको गाईपालन परियोजनाको अवलोकन भएको थियो ।

